सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ पुस २०८०, आइतबार (17 Dec 2023, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २३७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

रूख कटानका लागि वनले स्वीकृति नदिँदा फास्ट ट्र्याक निर्माण प्रभावित



सडक निर्माणका क्रममा चारवटा प्याकेजमा पुनः रूख कटान गर्न सेनाले ६ महिनाअघि पठाएको पत्र अलपत्र

(विस्तृत पृष्ठ ३)

शैक्षिक प्रणालीको अभिशाप दलीय भागबन्डा



शिक्षक सेवा आयोग, मेडिकल काउन्सिल र लोकसेवा आयोगको परीक्षाको नतिजाले नेपालको शिक्षा प्रणाली र त्यसको गुणस्तरमाथि गम्भीर प्रश्न खडा गरेको छ

● राजेश विद्रोही

(अग्रलेख । पृष्ठ ४)

विश्व (पृष्ठ ५)

इजरायल-गाजा युद्धले रणभूमि बन्दै समाचार कक्ष



७ अक्टोबरदेखि ६ डिसेम्बरसम्ममा गाजापट्टी र आसपासका ६३ जना पत्रकार मारिएका छन्

● सोमदिप सेन

चमक हराउँदै गएका युक्रेनी राष्ट्रपति जेलेन्स्की



युक्रेनको 'बहादुर' र 'न्यायिक' लडाइँसँग ऐक्यबद्धताको सामूहिक प्रदर्शन महिनौँअघिदेखि क्रमशः गायब हुँदै गयो

● एन्ड्रिउ मित्रोभिका

घट्दै छ
ब्याजदर
पुसका लागि वाणिज्य बैंकहरूले घटाएर ब्याजदर सार्वजनिक गरेका छन्
(विस्तृत पृष्ठ ६)
NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ सुन मात्र होइन, त्रिभुवन विमानस्थलबाट गाँजा पनि तस्करी

एकैपटक ५५ केजी अमेरिकी गाँजा बरामद

■ कुकुरले सुँघेर पत्ता लगाएको थियो म्युजिक सिस्टमभित्र लुकाएर ल्याइएको १०८ कार्टुन गाँजा

● एसएसपी गोविन्द थपलिया
प्रमुख, लागुऔषध नियन्त्रण ब्युरो



कार्गोमा शंकास्पद वस्तु आउँदै गरेको सूचना प्रहरीलाई थियो । प्रहरी अलर्टमा थियो । भन्सारमा उत्रिएपछि कुकुरमार्फत कार्गो चेकजाँच भयो । कार्गोमा लागुऔषध रहेको लगभग पक्का भयो । खोलेर हेर्दा १०८ वटा कार्टुनभित्र गाँजा फेला पऱ्यो । गाँजा अमेरिकाबाट ल्याइएको हो । तौल जाँच गर्दा ५५ केजी खुलेको छ । थप अनुसन्धान जारी छ ।

विगतमा हुलाकमार्फत आउँथ्यो गाँजा

टेकराज थामी/नयाँ पत्रिका

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा प्रणालीलाई कमजोर आँक्दै पटक-पटक सुन तस्करी हुँदै आएकामा एकैपटक ठूलो परिमाणमा तस्करीको गाँजासमेत भित्रिएको छ । एक सय आठवटा कार्टुनमा भित्रिएको ५५ केजी अमेरिकी गाँजा बिहीबार विमानस्थलबाटै बरामद भएको हो ।

विगतमा थोरै-थोरै परिमाणमा गोश्वारा हुलाकमार्फत अमेरिकी गाँजा नेपालमा तस्करी हुँदै आएको थियो । कतार एयरवेज कार्गोमार्फत विमानस्थल भित्र्याइएको गाँजा प्रहरीको कुकुरले पत्ता लगाएको हो ।

अमेरिकामा गाँजा : प्रतिबन्ध र फुकुवा
पृष्ठ २

लागुऔषध नियन्त्रण ब्युरो प्रमुख एसएसपी गोविन्द थपलियाले 'म्युजिक स्टिम'भित्र लुकाएर ल्याइएको ५५ केजी अमेरिकी गाँजा बरामद गरी थप अनुसन्धान गरिरहेको जानकारी दिए । 'कार्गोमा शंकास्पद वस्तु आउँदै गरेको सूचना प्रहरीलाई थियो । प्रहरी अलर्टमा थियो । भन्सारमा उत्रिएपछि कुकुरमार्फत कार्गो चेकजाँच भयो ।

» पृष्ठ २ मा क्रमशः



कतार एयरवेजको कार्गोमा म्युजिक सिस्टमभित्र लुकाएर ल्याइएको गाँजा भन्सार जाँचपासअघि प्रहरीले कुकुर लगाएर चेकजाँच गरेको थियो । गाँजा अमेरिकाबाट ल्याइएको खुले पनि तस्करीमा संलग्न कोही पनि अभियुक्त पक्राउ नपरेकाले कहाँ, कसले, कुन प्रयोजनका लागि लान लागिएको थियो भन्ने अनुसन्धानकै विषय रहेको प्रहरीले जनाएको छ ।

■ १० वर्षमा डेढ अर्बको कोकिन बरामद



१४ चैत ०७९ मा २.८८७ किलो कोकिनसहित अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परेका भारत मिजोरमकी ४५ वर्षीया भल्ला लामी र २९ वर्षीया इस्टर लालिम्पुरी

अधिकांश कोकिन भारत पुऱ्याइन्छ

● एसपी चक्रराज जोशी,
प्रवक्ता, लागुऔषध नियन्त्रण ब्युरो



नेपाललाई ट्रान्जिट बनाएर तस्करी हुने अधिकांश कोकिनको गन्तव्य भारतको दिल्ली नै रहेको देखिन्छ । तस्करीमा अधिकांश भारतीय नागरिक नै प्रयोग भएका छन् । त्यसमा पनि भारतको पूर्वोत्तर मिजोरमका नागरिक प्रयोग भएका छन् । यस्तो किन भइरहेको छ ? यस विषयमा 'स्पेसिफिक' अनुसन्धान त भएको छैन । तर, भारतमा ठूलो बजार रहेको र गरिबीका कारण तस्करीमा पनि त्यहींका बढी देखिन्छन् ।

विगतमा नेपाल हुँदै हङकङ जान्थ्यो कोकिन

विश्वमा कोकिनविरुद्ध 'अप्रेसन टिन क्यान' ९ डिसेम्बर २०२२ देखि २०२३ अप्रिलसम्म मात्रै २४ खर्ब ६८ अर्बको ९८ टन बरामद

नयाँ पत्रिका

लागुऔषध नियन्त्रण ब्युरोले पछिल्ला १० वर्षमा एक अर्ब ६४ करोड ३४ लाख रुपैयाँबराबरको कोकिन बरामद गरेको छ । ब्युरोले चलाएको २४ अप्रेसनमा ६५.७३६ केजी कोकिन बरामद भएको हो । उक्त अप्रेसनमा २९ अभियुक्त पनि पक्राउ परे ।

बरामद कोकिनमध्ये १८.३२ किलो दिल्ली लगिने योजना थियो । जुन कुल बरामद परिमाणको २७.८६९ प्रतिशत हो । यसको अवैध बजार मूल्य ४५ करोड ८० लाख रुपैयाँ पर्छ । त्यस्तै, १३.३६२ कोकिनको हङकङ लगिने योजनाको थियो । यो कुल बरामद परिमाणको २०.३२६ प्रतिशत हो, जसको अवैध बजार मूल्य ३३ करोड ४० लाख ५० हजार रुपैयाँ पर्छ । बाँकी ३४.०९ किलो कोकिन भने नेपाल, थाइल्यान्ड, इटाली, पाकिस्तानलगायत देशमा तस्करी गर्ने योजनाअन्तर्गत ल्याइएको थियो । यो कुल बरामद परिमाणको ५१.८५८ प्रतिशत हो । जसको अवैध बजार मूल्य ८५

» पृष्ठ २ मा क्रमशः

बाजुराका भूकम्पपीडितलाई आएको आठ करोड केन्द्रमै फिर्ता

बाजुरामा गगन अयडी

> भूकम्पबाट घर भत्किए पनि स्थानीय तहका जनप्रतिनिधिले समयमै जिल्ला प्रशासन कार्यालयमा तथ्यांक नबुझाइदिँदा रकम फिर्ता गएको पीडितहरूको गुनासो

गत १६ असोजमा बझाङ केन्द्रबिन्दु भई गएको भूकम्पबाट प्रभावितका लागि आएको पहिलो किस्ताको १४ करोडमध्ये आठ करोड रुपैयाँ फिर्ता गरिएको छ । भूकम्पपीडित परिवारहरूको यकिन डाटा संकलन गरी विपत् जोखिम न्यूनीकरण व्यवस्थापनमा नबुझिएकाले पहिलो किस्ताको १४ करोडमध्ये १० करोड फिर्ता गर्न राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पत्र पठाएकाले फिर्ता गरिएको जिल्ला विपत् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले बताए ।

भूकम्पपीडित परिवारको यकिन डाटा प्राधिकरणमा आउन नसक्दा सोमबार प्राधिकरणले जिल्ला प्रशासन कार्यालयलाई रकम फिर्ताका लागि पत्र पठाएको थियो । १४ करोडमध्ये आठ करोड रुपैयाँ विपत् व्यवस्थापन कोषमा पठाइसकेको उनको भनाइ छ ।

भूकम्पबाट प्रभावित अन्य जिल्लामा रकम अभाव भएको भन्दै प्राधिकरणले जिल्ला प्रशासन कार्यालय बाजुरालाई पत्र पठाएको थियो । प्राधिकरणले जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पबाट अत्यधिक क्षति भएकाले उक्त क्षेत्रमा प्रभावितका लागि तत्काल थप रकम निकासा गर्नुपर्ने भएकाले रकम फिर्ता गर्न पत्र पठाएको पौडेलले बताए । प्राधिकरणले बाजुराका भूकम्प प्रभावितका लागि अस्थायी आवास निर्माण गर्न गत ४ मँसिरमा पहिलो किस्ताबापत १४ करोड पठाएको थियो ।

बाजुराको हिमाली गाउँपालिका र बुढीगंगा नगरपालिकाबाहेक अन्य सात स्थानीय तहका १५ सय नौ भूकम्प प्रभावित परिवारका लागि तीन करोड ७७ लाख रूपैयाँ सम्बन्धित स्थानीय तहमा पठाइसकेको प्रजिअ पौडेलले बताए ।

खप्तड छेडेदह गाउँपालिकामा नौ सय ६६, त्रिवेणी

» पृष्ठ २ मा क्रमशः

उखुको समर्थन मूल्य बढाउनुपर्ने मागसहित लाँक्रा बोकेर सडकमा किसान

अघिल्लो वर्ष उखु बेचेबापत पाउनुपर्नेमध्ये ५३ करोड अनुदान सरकारले अझै दिएन



उखु क्रसिङको समय सुरु भइसक्दासमेत समर्थन मूल्य नतोकिएको र अघिल्लो वर्षको अनुदान सरकारले अझै नदिएको भन्दै उखु किसानले शनिबार हरिवनमा निकालेको विरोध च्याली ।

सर्लाहीमा श्रवण थापा

सर्लाहीका उखु किसान उखुको लाँक्रा नै बोकेर सडक आन्दोलनमा उत्रिएका छन् । उखु क्रसिङको समय सुरु भइसक्दासमेत समर्थन मूल्य नतोकिएको र अघिल्लो वर्षको अनुदान सरकारले अझै नदिएको भन्दै उनीहरूले शनिबार हरिवनमा प्रदर्शन गरेका हुन् ।

सरकारले तत्काल उखुको समर्थन मूल्य प्रतिक्विन्टल सात सय ५० रुपैयाँ बनाउनुपर्ने उनीहरूको पहिलो माग छ । उखुको क्रसिङ सुरु भइसक्दा पनि सरकारले समर्थन मूल्य नतोक्दा देशभरका उखु किसान प्रभावित छन् । उनीहरूले उखु काट्न सकेका छैनन् । त्यस्तै, गत वर्ष उद्योगीलाई उखु बेचेबापत कृषि मन्त्रालयमार्फत पाउनुपर्नेमध्ये अनुदान दिनुपर्ने उनीहरूको दोस्रो माग छ । अनुदानको ५३ करोड अझै पाएका छैनन् । सरकारले गत वर्ष किसानलाई प्रतिक्विन्टल ७० रुपैयाँ नगद अनुदान दिने निर्णय गरेको थियो, तर यस वर्षको उखु काट्ने समय भइसक्दा पनि धेरैले पाएका छैनन् ।

विरोध प्रदर्शनमा सहभागी किसानले 'किसानसँग वार्ता गर, उखुको मूल्य ७५० रुपैयाँ कायम गर, उखुको बक्यौता रकम तुरुन्त भुक्तानी गर, किसानमारा होसियार'जस्ता नारा लगाएका थिए ।

बागमती नगरपालिका- २ धरहराका उखु किसान मधुसूदन कोइरालाले सरकारले उखुको समर्थन मूल्य नतोक्दा उखु सुकेर जाने चिन्ता बढेको बताए । दोस्रो, तेस्रोवर्ष खुट्टी उखु काट्न ढिला भइसकेको भन्दै दुःखेसो पोखे । उखु काटेर अन्य हिउँदेबाली लगाउनुपर्ने किसान थप मारमा परेका छन् ।

मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीले उखुको उत्पादन लागत र चिनीको मूल्यका आधारमा समर्थन मूल्य तोकिनुपर्ने बताए । किसानले यस वर्षका लागि उखुको समर्थन मूल्य प्रतिक्विन्टल सात सय ५० रुपैयाँ निर्धारण हुनुपर्ने माग राखेका छन् । तर, कृषि तथा पशुपक्षी विकास मन्त्रालयले केही दिनअघि किसान प्रतिनिधिसहित राखेको छलफलमा ६ सय २१ रुपैयाँ प्रतिक्विन्टल निर्धारणका लागि मन्त्रिपरिषद्लाई सिफारिस गर्ने लागिएको जानकारी दिएको थियो । सरकारले किसानलाई बेवास्ता गरेर

» पृष्ठ २ मा क्रमशः

भुक्तानी समस्याले बर्सेनि उत्पादन घट्दै

प्रमुख नगदेबालीमध्येको एक उखु बालीमा बर्सेनि भुक्तानी समस्या आउन थालेपछि उत्पादनमा समेत ह्रास आउन थालेको छ । पाँच वर्षअघि ०७४/७५ मा वार्षिक दुई करोड क्विन्टलभन्दा बढी उखु उत्पादन हुने गरेकामा अहिले घटेर वार्षिक डेढ करोड क्विन्टलमा खुम्चिन थालेको छ । भुक्तानीको चरम समस्या भएको आर्थिक वर्ष ०७७/७८ मा भने सबैभन्दा न्यून अर्थात् एक करोड १९ लाख ४० हजार तीन सय १९ क्विन्टल उखु उत्पादन भएको कृषि मन्त्रालयको तथ्यांक छ ।

भुक्तानीमा केही सुधार भएपछि भने आव ०७८/७९ मा एक करोड ४२ लाख र गत आव ०७९/८० मा एक करोड ५० लाख क्विन्टल उखु उत्पादन भएको कृषि मन्त्रालयको दाबी छ ।

उत्पादनमा ह्रास आउँदा चिनी उत्पादनले समेत नधानेर बर्सेनि आयात बढ्दै गएको छ । उद्योग विभागले गरेको एक अध्ययनअनुसार मुलुकमा वार्षिक रूपमा दुई लाख ३० हजार टन चिनीको माग छ । यसमध्ये ६५ प्रतिशत घरायसी र ३५ प्रतिशत औद्योगिक प्रयोजनमा खपत हुने गरेको छ ।

८५ क्विन्टल अन्नबाट राम-सीताको प्रतिमा



आज (आइतबार) हुने राम-सीता विवाह पञ्चमीका लागि ८५ क्विन्टल अन्नबाट उनीहरूको आकृति तयार पारिएको छ । ११ हजार ११ स्क्वायर फिटको राम-सीताको प्रतिमा पाँच दिन लगाएर शुक्रबार साँझ नै तयार पारिएको हो ।

विवाह पञ्चमीमा उल्लासमय जनकपुरधाम

जनकपुरधाममा हृदिश खुद्दार

प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा आइतबार धुमधामसँग विवाह पञ्चमी मनाइँदै छ । रामजानकी विवाह पञ्चमी महोत्सवमा छिमेकी देश भारतबाट हजारौँ श्रद्धालु भक्तजन आइपुगेका छन् । २६ मंसिरदेखि सुरु भएको सप्ताहव्यापी महोत्सवले जनकपुरधामको वातावरण उल्लासमय बनेको छ ।

प्रत्येक वर्ष मंसिर शुक्ल पञ्चमीका दिन मनाइने विवाह पञ्चमीलाई नेपाल-भारतबीचको आदिकालीन सांस्कृतिक सम्बन्धका रूपमा पनि लिइन्छ । त्रेतायुगमै भारत अयोध्याका दशरथका छोरा पुरुषोत्तम राम र राजा जनककी छोरी सीताबीच वैवाहिक सम्बन्ध कायम भएको थियो । राजर्षि जनक, जानकी र याज्ञवल्क्यको पुण्यभूमि प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा बर्सेनि मार्ग पञ्चमी तिथिमा रामजानकी विवाह पञ्चमी महोत्सवको आयोजना हुने गर्दछ ।

महोत्सवको तेस्रो दिन सीतावरणका लागि राजा जनकले राखेका शिवधनुष ताँदो चढाउने सर्तका लागि इच्छित वर सहभागी भएका दिनलाई 'धनुष यज्ञ' भनिने गरिएको छ । यी विधि क्रमशः गत मंगलबार, बुधबार र बिहीबार

» पृष्ठ २ मा क्रमशः

संशोधित शिक्षा ऐन अविलम्ब ल्याउन राष्ट्रिय अभिभावक संघको माग



काठमाडौं/ नेपाल राष्ट्रिय अभिभावक संघले संशोधित शिक्षा ऐन अविलम्ब ल्याउन माग गरेको छ। अभिभावक संघले शनिबार काठमाडौंमा आयोजना गरेको दोस्रो बागमती प्रदेश अधिवेशनका क्रममा यस्तो माग गरिएको हो।

अधिवेशनमा सहभागीले नेपालको शिक्षा क्षेत्रमा देखिएको अन्धाधुन्ध व्यापारीकरणलाई न्यूनीकरण गर्ने र सार्वजनिक शिक्षालाई प्रभावकारी बनाउन भूमिका खेल्ने प्रतिबद्धता पनि जनाएका छन्। साथै, नेपाल सरकार र नेपाल शिक्षक महासंघबीच भएको सम्झौताबमोजिम संसद्मा टेबल भएको ऐन तत्काल ल्याउन ध्यानाकर्षण गराएको छ। यसका लागि संस्थागत रूपमा सम्बद्ध पक्ष तथा निकायमा पक्षीकरण र बहस घनीभूत पार्न संघ तयार रहेको सहभागीको भनाइ छ। कार्यक्रममा संघका बागमती प्रदेश सचिव उद्धवराज पौडेलले प्रतिवेदन प्रस्तुत गरेका थिए।

०५९ मा स्थापित संघको पहिलो अधिवेशन ०७५ मा भएको थियो। अघिल्लो कार्यसमितिले अपेक्षाकृत काम गर्न नसकेपछि गत २ भदौमा नीरबहादुर कार्कीको नेतृत्वमा कार्यसमिति पुनर्गठन गरिएको थियो। पुनर्गठित कार्यसमितिले बागमती प्रदेशका १३ वटै जिल्लामा संस्थाको सदस्यता विस्तारलाई तीव्रता दिएको छ। सोहीअनुसार हालसम्म काठमाडौं जिल्ला अधिवेशन सम्पन्न भइसकेको छ।

अधिवेशनको प्रमुख आतिथ्य शिक्षा मन्त्रालयका सचिव सुरेश अधिकारीले गरेका थिए भने विशिष्ट अतिथिका रूपमा नेपाल राष्ट्रिय अभिभावक संघका केन्द्रीय अध्यक्ष कोषबहादुर जिसी थिए। यस्तै, अतिथिमा शैक्षिक गुणस्तर परीरक्षा केन्द्र सानोठिमी प्रमुख चन्द्रकान्त भुसाल, वाडछे शेर्पा, धर्मदत्त देवकोटा थिए। कार्यक्रमका सहभागीले पुनर्गठित कार्यसमितिलाई सफल कार्यकालको शुभकामना दिएका थिए।

उखुको...

पृष्ठ १ बाट क्रमशः

उद्योगीसँग साँठगाँठ गरी उखुको समर्थन मूल्य तोक्न थालेको उप्रेतीको आरोप छ।

कृषि मन्त्रालयले सिफारिस गर्न लागेको मूल्यमा पनि उद्योगले प्रतिक्विन्टल पाँच सय ५१ रुपैयाँका दरले किसानलाई भुक्तानी गर्नुपर्ने हो। बाँकी ७० रुपैयाँ प्रतिक्विन्टलका दरले हिसाब हुन आउने रकम सरकारले उपलब्ध गराउने नीति छ। चालू आव ०८०/८१ मा उखु किसानलाई अनुदान उपलब्ध गराउन बजेट ८० करोड रुपैयाँ विनियोजन गरिएको बजेट वक्तव्यको ९६ नम्बर बुँदामा उल्लेख छ।

आर्थिक सर्वेक्षण ०७९/८० मा उल्लेख भएअनुसार गत वर्ष उखु किसानलाई अनुदानका लागि ९९ करोड ४८ लाख ८४ हजार रुपैयाँ वितरण भएको थियो।

बागमती नगरपालिका- ३ धरहराका किसान शंकर थापाले गत वर्ष उद्योगले समयमै भुक्तानी दिए पनि सरकारले दिनुपर्ने अनुदान नपाउँदा दसैं-तिहारसमेत खल्लो भएको दुःखेसो पोखे। गत वर्ष किसानले उद्योगबाट पाँच सय ४० रुपैयाँ र सरकारका तर्फबाट अनुदानबापत ७० रुपैयाँ पाउने सम्झौता भएको थियो। तर, सरकारले दिनुपर्ने ७० रुपैयाँमध्ये सर्लाहीका किसानले अहिलेसम्म २१ रुपैयाँका दरले मात्रै भुक्तानी पाएका छन्। सर्लाहीमा २९ हजार ८६ उखु किसान छन्। सर्लाहीका किसानले मात्र पाउनुपर्ने रकम २० करोड हो।

किसान प्रतिनिधिले मूल्य तय नहुन्जेल उद्योग सञ्चालन नगरिदिन आग्रह गरेपछि सर्लाहीको इन्दुशंकर चिनी उद्योग र महोत्तरीको एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिजले उखु क्रसिङ रोकेका छन्। सर्लाहीमा यस वर्ष ६५ लाख क्विन्टल उखु उत्पादन भएको अनुमान छ। सर्लाही सबैभन्दा धेरै उखु उत्पादन हुने जिल्ला हो।

मोटरसाइकल हरायो

मिति २०८०/८/२५ गते का.जि.का.म.न.पा. १६ बालाजुबाट मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको **220 F** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : हुलास फिन सर्भ लि.
मो.सा.न.: बा प्र. ०२-०३८ प ०३६२
चेसिस न. : MD2A13EX1MCG93476
इन्जिन न. : DKXCMG25766
सम्पर्क न. : 9849230526

बाजुराका...

पृष्ठ १ बाट क्रमशः

नगरपालिकामा एक सय १३, गौमुल गाउँपालिकामा ५५, बुढीनन्दा नगरपालिकामा ६५, स्वामीकार्तिक खापर गाउँपालिकामा नौ, जगन्नाथ गाउँपालिकामा ७४ र बडीमालिका नगरपालिकामा दुई सय २७ परिवारलाई प्रतिपरिवार पहिलो किस्तास्वरूप २५ हजारका दरले उपलब्ध गराउने गरी सम्बन्धित स्थानीय तहको खातामा पठाइएको जिल्ला प्रशासन कार्यालय बाजुराले जनाएको छ।

बुढीगंगा नगरपालिका- १ का भूकम्पपीडित राकेश सार्कीले भने स्थानीय तहका जनप्रतिधिहरूको चरम लापरबाहीका कारण पीडित परिवारको तथ्यांक समयमा जिल्ला प्रशासन कार्यालयमा नबुझाइदिँदा आफूहरूको नाममा आएको अस्थायी टहरा निर्माणको रकम फिर्ता भएको बताए। भूकम्पले पूर्ण रूपमा घर भत्काउँदा आफूहरू खुला आकाशमुनि पाल टाँगेर बस्नुपर्ने बाध्यता रहेको उनले गुनासो गरे।

'सरकारले भूकम्पबाट प्रभावितका लागि अस्थायी टहरा निर्माण गर्न ५० हजार दियो। अब केही दिनका लागि भए पनि अस्थायी टहरा निर्माण गरेर बस्छौं भन्ने आसमा थियौं, तर स्थानीय सरकारले पीडितहरूको नाम जिल्ला नपठाइदिँदा साह्रै मर्का परेको छ,' उनले भने। बुढीगंगा नगरपालिका उपप्रमुख मायाकुमारी खड्का कुँवरले एक सया २५ जनाको सूची समयमै जिल्ला प्रशासन कार्यालयमा पठाएको, तर के कारणले नगरपालिकामा आएको पीडितहरूको रकम फिर्ता भएको भन्ने आफूलाई कुनै जानकारी नभएको बताइन्।

८५ क्विन्टल...

पृष्ठ १ बाट क्रमशः

सम्पन्न भइसकेका छन्। महोत्सवको चौथो दिन तिलकोत्सव मनाइएको थियो। तिलकोत्सवलाई मैथिलीमा छेका भनिने चलन छ। विवाह हुनुअघि मिथिलामा बेहुली पक्षले बेहुला अर्थात् बरको को घरमा कोसेली (भार) लिएर जाने चलन छ। सोही परम्परालाई जानकी मन्दिरले पनि विवाह पञ्चमी महोत्सवमा निरन्तरता दिँदै आएको छ। तिलकोत्सवका लागि शुक्रबार जानकी मन्दिरका महन्त, साधुसन्त तथा नागरिक समाजका व्यक्तिहरूले दहीच्युरा, खिरपुरी, विभिन्न मिठाई, फलफूल, लत्ताकपडासहित कम्तीमा १०१ भार (कोसेली)सहित बाजागाजसहित जनकपुरधामकै राम मन्दिर पुगेका थिए। त्रेतायुगमा श्रीरामले शिवधनुष ताँदो चढाउने क्रममा भाँचिएको पौराणिक मान्यताको प्रतीकात्मक मञ्चन गरिन्छ। तिलकोत्सवमा जानकी मन्दिरका छोटा महन्त रामरोशन दास सीताको बुबाको रूपमा र राम मन्दिरका महन्त राम गिरी रामको बुबाको रूपमा सम्धी मिलानपछि तिलकोत्सव सम्पन्न भएको थियो।

महोत्सवको पाँचौं दिन शनिबार 'मटकोर' विधि आयोजना गरियो। धनुष भंग भएसँगै श्रीरामसँग सीताको विवाहको टुंगो लागेको कथा सम्झँदै विवाहको पूर्वांग विधि 'मटकोर' आयोजना गरिएको जनकपुरस्थित जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले बताए। महोत्सवको छैटौं दिन सीताराम स्वयंवर र राति वैवाहिक कार्यक्रम सम्पन्न गरिन्छ। यसलाई 'सीता स्वयंवर तथा विवाह' भन्ने गरिएको छ। महोत्सवको अन्तिम दिन विवाह सम्पन्न गरिएको भोलिपल्ट जन्तीलाई भोजन गराई दक्षिणा दिएर बिदा गरिन्छ। यो विधिलाई 'रामकलेवा' भनिन्छ। जनकपुरमा धनुष यज्ञ र विवाह विधि जानकी मन्दिरपरिसरमै सम्पन्न भए पनि स्वयंवर भने विशाल मैदान रंगभूमिमा आयोजन गरिने परम्परा छ।

अन्नबाट सबैभन्दा ठूलो सीता-रामको प्रतिमा जनकपुरधाममा

यस वर्ष महोत्सवमा मुख्य आकर्षक मानिने अन्नबाट संसारकै ठूलो राम-सीताको प्रतिमा बनाइएको छ। ८५ क्विन्टल अन्नको प्रयोग गरी ११ हजार ११ स्क्वायर फिटको राम-सीताको प्रतिमा शुक्रबार साँझ तयार पारिएको हो। पाँच दिनदेखि प्रतिमा निर्माण कार्य स्थानीय रंगभूमि मैदान १२ बिघामा भइरहेको थियो। निर्देशक तथा कलाकार सतिशप्रसाद गुज्जरले ११ हजार ११ स्क्वायर फिटमा सीतारामको आकृति बनाउनका लागि पाँच दिन लागेको बताए। धान, गहुँ, मकै, बदाम, चाना, लहरको दाल, मसुरको दाल, चामल, उरिदको दालसहितका अन्न प्रयोग गरी राम-सीता, राजा जनक र लक्ष्मणको आकर्षक प्रतिमा बनाइएको जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले जानकारी दिए। भारतको मध्यप्रदेशको हरदा जिल्लाका कुकरावदनिवासी गुज्जरको नेतृत्वको टोलीले प्रतिमा निर्माण गरेको हो। अन्नबाट निर्माण भएको ११ हजार ११ स्क्वायर फिटको यो प्रतिमाले वर्ल्ड रेकर्ड राख्ने उनले बताए। यो प्रतिमाको योजनाकार जनकपुरकी विद्यार्थी गुनगुन मिश्र हुन्। उनले अन्नबाट प्रतिमा बनाएर जनकपुरधामलाई विश्वमा चिनाउनुपर्छ भनेर मेयर मनोजकुमार साह र जानकी मन्दिरका महन्तलाई सुझाएकी थिइन्।

सीता-राम आकृति तयार भएपछि यसको दर्शनका लागि पनि निमन्त्रणा आयोजक टोलीले दिएको छ। जनकपुरधामका मेयर साहले सीता-रामको आकृतिमा प्रयोग गरिएको अन्नलाई सदुपयोग गरिने बताए। एक सय दुई क्विन्टल अन्नको प्रयोग भएको जानकारी दिँदै उनले अन्नको सदुपयोग गर्न लागिपरेको बताए। 'धार्मिकस्थलका रूपमा रहेको जनकपुरधाम सीता माताको गृहनगर रहेकाले हामीले विभिन्न संघ-संस्था तथा विभिन्न व्यक्तिहरूको सहयोग र संयोजन तथा समर्थन पाएपछि सीता-रामको आकृति बनाउन अभिप्रेरित भएका हौं, अन्नलाई कसरी प्रयोग गर्ने भन्नेमा लागिपरेका छौं,' उनले भने। यसअघि भारतको उत्तर प्रदेशस्थित अयोध्यामा सीता-रामको आकृति १० हजार आठ सय स्क्वायर फिट बनाएर विश्व रेकर्ड कायम गरेको थियो। जनकपुरधाममा निर्माण गरिएको आकृतिले भारतको रेकर्डलाई तोड्दै नयाँ रेकर्ड कायम गरेको गुज्जरले बताए।

एकैपटक भित्रियो...

पृष्ठ १ बाट क्रमशः

कार्गोमा लागुऔषध रहेको लगभग पक्का भयो। खोलेर हेर्दा एक सय आठवटा कार्टुनभित्र गाँजा फेला पऱ्यो,' उनले भने, 'गाँजा अमेरिकाबाट ल्याइएको हो। तौल जाँच गर्दा ५५ केजी खुलेको छ। थप अनुसन्धान जारी छ।'

प्रहरीले गाँजा अमेरिकाबाट ल्याइएको खुले पनि कहाँ लान लागिएको थियो भन्ने अनुसन्धानकै विषय रहेको जनाएको छ। तस्करीमा संलग्न कोही पनि अभियुक्त पक्राउ नपरेकाले गाँजा कसले, कुन प्रयोजनमा, कहाँ लैजान ल्याएको भन्ने नखुलेको एसएसपी थपलियाले बताए।

विगतमा हुलाकमार्फत आउँथ्यो गाँजा

प्रहरीले यसअघि २० भदौ ०७९ मा दुई केजी गाँजा बरामद गरेको थियो। उक्त गाँजा अमेरिकाको क्यालिफोर्नियाबाट गोश्वारा हुलाक हुँदै तस्करी गरेर पठाइएको थियो। गाँजा बरामदसँगै प्रहरीले काभ्रे मन्डन-देउपुर नगरपालिका- ७ का २८ वर्षीय मनोज राई, काठमाडौं खुसिबुका ३० वर्षीय राहुल क्षेत्री र नक्सालका ३० वर्षीय अंकितकुमार श्रेष्ठलाई पनि पक्राउ परेको थियो। अनुसन्धानकै क्रममा राईकै नाममा पुनः अमेरिकको क्यालिफोर्नियाबाट अर्को पार्सल पनि आइपुगेको थियो। उक्त पार्सलमा सर्ट, जिन्स, जोली रेन्चर र म्यागेजिनसँगै तीन सय ३० ग्राम गाँजा पनि भेटिएको थियो।

हुलाक नै प्रयोग गरेर ११ फागुन ०७८ मा गाँजाको चोपमिश्रित चकलेट नेपालमा तस्करी भएको थियो। वीरगन्जका २२ वर्षीय राजशिखर गुप्ताको नाममा पार्सल भई आएको उक्त चकलेट बेलायतबाट पठाइएको थियो। बक्सभित्र गाँजामिश्रित दुई किलो दुई सय ५८ ग्राम तौलबराबरको 'क्यान्डी' थियो। प्रहरीले गुप्तालाई चकलेट बुझ्ने क्रममा डिल्लीबजारस्थित गोश्वारा हुलाक कार्यालयबाट पक्राउ गरेको थियो। उनको कोठा चकेजाँच गर्ने क्रममा प्रहरीले लागुऔषध एम्फेटामाइनबाट बनेका पाँच सय 'ट्याब्लेट'समेत फेला परेको थियो। उक्त लागुऔषध भने जर्मनबाट ल्याइएका थिए।

४ कात्तिक ०७६ मा अमेरिकाबाटै तस्करी भएर ११ किलो दुई सय ग्राम गाँजा र चरेस नेपाल आएको थियो। यो तस्करीमा पनि हुलाक नै प्रयोग भएको थियो। क्यानडा हुँदै फ्लाई दुबईको जहाजबाट नेपाल आइपुगेको गाँजा 'म्युजिक सिस्टम'भित्र लुकाएर ल्याइएको थियो। 'म्युजिक सिस्टम' लिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा काभ्रे पाँचखाल- १० का ३८ वर्षीय अच्युत त्रिपाठी पुगेका थिए। पक्राउ परेका उनको बयानका आधारमा उक्त गाँजा र चरेस ठमेलस्थित डिलाइट होटेलका सञ्चालक राजेन्द्रप्रसाद पाण्डे र सुरेन्द्र पाण्डेले ल्याउन लगाएको खुलेको थियो। त्यसअघि अमेरिकाबाट गाँजा र चरेस तस्कर भएर नेपाल आएको थिएन।

के छ अमेरिकी 'ब्रिड'को गाँजामा ?

११ फागुन ०७८ मा गाँजाको चोपमिश्रित चकलेटको रासायनिक अनुसन्धान भयो। यस क्रममा चकलेटमा टिएचसी (टेट्राहाइड्रोक्यानाबिनो) नामक रसायन भएको भेटियो। जुन रसायन सेवनपछि मानिसले 'कृत्रिम आनन्द' महसुस गर्छ। यो त्यही रसायन हो जुन गाँजामा प्रशस्त मात्रामा पाइन्छ। अमेरिकी 'ब्रिड'को गाँजामा यसको मात्रा अझ धेरै हुन्छ। स्वाद पनि केही नौलो हुन्छ। लागुऔषध नियन्त्रण ब्युरोले तीन वर्षमा गरेको आठ अप्रेसनमध्ये पाँच अप्रेसनमा बरामद गाँजा अमेरिकी 'ब्रिड'का थिए। बाँकी तीन बेलायत, क्यानडा र नेदरल्यान्डका थिए। जसमध्ये अधिकांशको गन्तव्य भारत थियो।

अमेरिकामा गाँजा : प्रतिबन्ध र फुकुवा

गाँजाको दुर्व्यसनी बढ्न थालेपछि अमेरिकाले ५२ वर्षअघि 'कम्प्रेहेन्सभ ड्रग एब्युज प्रेभेन्सन कन्ट्रोल एक्ट, १९७०' ल्यायो। जसले गाँजा उत्पादन, बिक्री र सेवनलाई प्रतिबन्ध लगायो। तर, तीन वर्षपछि अमेरिकाको वरेगन राज्यले गाँजा उत्पादन र बिक्रीलाई खुला गऱ्यो। क्यालिफोर्नियाले १९९६ देखि औषधि उत्पादन गर्ने उद्देश्यले गाँजाखेती सुरु गरेको थियो। कोलोराडो र वासिङटन राज्यले त २०१२ देखि ०.३ प्रतिशत टिएचसी रहेको गाँजा सेवनलाई खुला नै गरिदियो।

अमेरिकाको ४२ राज्यमा अहिले गाँजाखेती निर्बाध हुँदै आएको छ। जसका लागि ठूला-ठूला कम्पनी नै खडा गरिएका छन्। उनीहरूले हाल ब्रुलिभ, क्युरलिफ, जिलिफ, सर्टेरा वेलनेस, कुकिज, क्रेस्को ल्याब्स, डब्लुएलजी सिबिडी, फोरिया, वाना, त्सन रन्च, भोइला, ग्रो, स्टिजी, लोयल हर्ब, बटम लाइन ब्रान्डका गाँजा बिक्री गर्दै आएका छन्।

१० वर्षमा...

पृष्ठ १ बाट क्रमशः

करोड २२ लाख ५० हजार रुपैयाँ पर्छ। सबै तस्करीमा कहीं न कहीं भारतीय नागरिक नै संलग्न थिए।

ब्युरोका प्रवक्ता एसपी चक्रराज जोशीले नेपालमा बरामद अधिकांश कोकिनको गन्तव्य भारतको दिल्ली भएको बताए। 'नेपाललाई ट्रान्जिट बनाएर तस्करी हुने अधिकांश कोकिनको गन्तव्य भारतको दिल्ली नै रहेको देखिन्छ। तस्करीमा अधिकांश भारतीय नागरिक नै प्रयोग भएका छन्। त्यसमा पनि भारतको पूर्वोत्तर मिजोरमका नागरिक प्रयोग भएका छन्,' उनले भने, 'यस्तो किन भइरहेको छ ? यस विषयमा 'स्पेसिफिक' अनुसन्धान त भएको छैन। तर, ठूलो बजार र गरिबी नै बाहिर देखिने कारणका रूपमा देखिन्छ।'

पछिल्लोपटक गत ४ मंसिरमा भारत मिजोरमकी ३२ वर्षीय किम्रो संगी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा १.९७३ किलो कोकिनसहित पक्राउ परिन्। उनले सुटकेसभित्र 'फल्सबटम' बनाई इथोपियाबाट कतार हुँदै कोकिन नेपाल ल्याएकी थिइन्, जुन भारतको नयाँदिल्ली लैजाने योजना थियो। काठमाडौं फरेकै दिन उनी जहाजमार्फत भुटान जाँदै थिइन्। र, त्यहाँबाट दिल्ली उड्ने योजना थियो। प्रहरीका अनुसार बरामद कोकिनको अवैध बजार मूल्य चार करोड ९३ लाख २५ हजार रुपैयाँजति हुन्छ। कोकिन दिल्ली पुऱ्याएबापत किम्रोलाई तस्कर समूहले तीन लाख २० हजार दिने प्रलोभन दिएको थियो।

भारत उत्तरप्रदेश अलिग्रहका ५१ वर्षीय रवीन्द्रकुमार परसरलाई गत ५ वैशाखमा प्रहरीले १.८० किलो कोकिनसहित ठमेलबाट पक्राउ गऱ्यो। सो कोकिन उनलाई केन्याली नागरिक ६३ वर्षीय पिलिसिला वान्जा दिरुतीले जहाजमा काठमाडौं ल्याएर दिएकी थिइन्। दुई करोड ३३ लाख २८ हजार रुपैयाँ अवैध बजार मूल्य पर्ने उक्त कोकिन उनले दिल्ली लैजान खोजेका थिए।

भारत मिजोरमकै ४५ वर्षीय बहलाल्लावमीलाई पनि प्रहरीले गत १४ चैतमा अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गऱ्यो। उनीबाट २.८८७ किलो कोकिन पनि बरामद गऱ्यो। कतारबाट इन्डिगो एयरलाइन्समा काठमाडौं भरेकी उनले उक्त कोकिन दिल्ली नै लैजान लागेकी थिइन्। चारवटा लेडिज ब्यागको 'फल्सबटम'भित्र लुकाई ल्याइएको कोकिनको अवैध बजार मूल्य सात करोड २१ लाख ७५ हजार रुपैयाँ पर्ने प्रहरीको भनाइ छ। घटनाको पर्सिपल्ट अर्थात् गत १४ चैतमा प्रहरीले अन्तर्राष्ट्रिय विमानस्थलबाटै पाँच किलो कोकिनसहित २९ वर्षीया इस्टर लाल्हलिम्पुईलाई पक्राउ गऱ्यो। ठमेलबाट पक्राउ परेकी उनी पनि भारत मिजोरमकै थिइन्। बरामद कोकिन उनले पनि दिल्ली नै लैजान लागेकी थिइन्, जसको अवैध बजार मूल्य १२ करोड ५० लाख रुपैयाँ पर्छ।

प्रहरीले २.९६६ किलो कोकिन तस्करी घटनामा ९ भदौ ०७९ मा विश्वभाषा क्याम्पसमा अध्ययनरत तान्जेनियाली २६ वर्षीया गट्र्युड लियोनार्द किमोरलाई पक्राउ गऱ्यो। सिन्धुली खुर्कोटबाट पक्राउ परेकी उनी कोकिन भारतको दिल्ली नै लैजाने तयारीमा थिइन्। लागुऔषध नियन्त्रण ब्युरोका अनुसार २०२२ फेब्रुअरीमा क्याम्पस भर्ना भएकी उनी स्टुडेन्ट भिसामा दुई वर्षदेखि नेपाल बस्दै आएकी थिइन्। क्षेत्रपाटीमा प्रतिमहिना २० हजार रुपैयाँ फ्ल्याट भाडामा लिई बस्दै आएकी उनी २०१९ मा टुरिस्ट भिसामा पहिलोपटक नेपाल आएकी थिइन्। टुरिस्ट भिसाको म्याद सकिएपछि उनले स्टुडेन्ट भिसा लिएकी थिइन्।

त्यसयता लगातार नेपाल बस्दै आएकी किमोरले लागुऔषध कारोबारमा विशेष गरी 'एन्टी सर्भिलेन्स'को भूमिका निभाउँदै आएकी थिइन्। बरामद कोकिनलाई काठमाडौंसम्म ल्याउने काम भने दक्षिण अफ्रिकी नागरिक ३० वर्षीया सिर्लेगामाले गरेकी थिइन्। प्रहरीले उनलाई पनि पक्राउ गरेको थियो। बरामद कोकिनको अवैध बजार मूल्य सात करोड ४९ लाख रुपैयाँ पर्छ।

फरक-फरक मितिमा बरामद माथि उल्लेखित कोकिन तस्करीका चार घटनाको 'मोडस अपरेन्डी' (कार्यप्रणाली) एउटै छ। किनकि चारवटै घटनामा सुटकेस र लेडिज ब्यागको 'फल्सबटम'भित्र कोकिन बरामद भएको छ। र, चारवटै घटनामा बरामद कोकिन नयाँदिल्ली लैजान खोजिएको छ। र, तस्करीमा भारतीय नागरिक नै प्रयोग भएका छन्। यी घटनाबाट नेपाललाई 'ट्रान्जिट' बनाएर तस्करी हुने अधिकांश कोकिनको गन्तव्य दिल्ली भएको देखिन्छ।

ब्युरोले १० वर्षयता गरेको अप्रेसनअनुसार नेपाल 'ट्रान्जिट' बनाएर तस्करी हुने कोकिन विगतमा दिल्ली मात्र होइन, हङकङ पनि जाने गर्थ्यो। ब्युरोले गरेका २४ अप्रसेनमध्ये सात घटनामा बरामद कोकिन हङकङ लैजाने योजनाको थियो। तर, चार वर्षयता कोकिन नेपाल 'ट्रान्जिट' भएर हङकङ गएको देखिएको छैन। ब्युराले १ पुस ०७६ मा तीन किलो कोकिनसहित बेलारुसका नागरिकलाई विमानस्थलबाट पक्राउ गरेको थियो। त्यसयता हङकङ प्रस्थान बिन्दु बनाउने कुनै पनि कारोबारी पक्राउ परेका छैनन्।

अपर तामाकोशी हाइड्रोपावर लिमिटेड
UTKHPL
ज्ञानेश्वर, काठमाडौं

नतिजा प्रकाशन सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/०९/०१

यस कम्पनीको रिक्त पदहरुमध्ये अधिकृत स्तरका पदहरुमा करार सेवामा नियुक्ति गर्न मिति २०८०/०३/२६ को कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार प्रारम्भिक छनोटमा परी लिइएको अन्तर्वार्ता परीक्षामा सम्मिलित भएका उम्मेदवारहरु मध्ये उपल्लो अंक प्राप्त गरी सफल भएका वरिष्ठ इन्जिनियर इलेक्ट्रीकल, वरिष्ठ इन्जिनियर मेकानिकल, इन्जिनियर इलेक्ट्रिकल, इन्जिनियर इलेक्ट्रोनिक्स तथा सञ्चार, इन्जिनियर सिभिल, वातावरणविद् र जियोलजिष्ट पदका उम्मेदवारहरुलाई ३० दिनभित्र यस कम्पनीको कार्यालय ज्ञानेश्वर काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सफल भएका उम्मेदवारहरुको विवरण कम्पनीको वेबसाइट https://utkhpl.org.np मा प्रकाशित गरिएको छ।

सचिव
पदपूर्ति उपसमिति

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग

चितवन भूमिगत संयोजनात्मक जल सिंचाइ आयोजना
भरतपुर, चितवन

सिलबन्दी दरभाउपत्र आव्हानसम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८०।०९।०१

यस आयोजनाको स्वीकृत बार्षिक कार्यक्रमअनुसार तपसिल अनुसारको अन्वेषण डिप ट्युबवेल निर्माण कार्य गर्नुपर्ने भएकोले निम्न लिखित शर्तहरूको अधिनमा रही कार्य गर्न इच्छुक इजाजत प्राप्त निर्माण व्यवसायी/फर्म/कम्पनीहरूबाट रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशन गरिएको छ।

शर्तहरू

१. यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र इच्छुक दरभाउपत्रदाताले फर्म/कम्पनीदर्ता प्रमाणपत्र, चालु आ.व.को लागि नविकरण भएको, इजाजतपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७९।८० को करचुक्ताको प्रमाणित प्रतिलिपिसहित रू. १०००।- फाराम दस्तुर फिर्ता नहुने गरी यस कार्यालयमा दाखिला गरी सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। फाराम दस्तुर राष्ट्रिय वाणिज्य बैंक भरतपुर, चितवन शाखामा राजस्व खाता नं. १०००१००२०००१०००० , राजस्व शीर्षक नं. १४२२९, कार्यालयको कोड नं. ३०८०३३१०३ मा नगद जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।
२. सिलबन्दी दरभाउपत्र फाराममा फर्म/कम्पनीको नाम, ठेगाना, कबुल गरेको अंक र अक्षरमा प्रष्ट लेखी सिलबन्दी गरी १६औं दिन १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ। दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र सोही दिन दिनको १:०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिनेछ। सिलबन्दी दरभाउपत्रदाताको अनुपस्थितिमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा हुने छैन।
३. सिलबन्दी दरभाउपत्र साथ कबोल गरेको अंकको ३ प्रतिशतले हुने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक भरतपुरस्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, चितवनको धरौटी खाता नं. १३१०१००१०२०३०००० मा यस कार्यालयको कोड नं. ३०८०३३१०३ राखी नगद जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधि भएको दरभाउपत्र जमानत (बैंक ग्यारेन्टी) संलग्न गरी पेश गर्नुपर्नेछ।
४. सिलबन्दी दरभाउपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरू विदा पछि कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा हुनेछ।
५. सिलबन्दी दरभाउपत्रदाताले भाग लिन अयोग्य नभएको, प्रस्तावित कार्यसँग सम्बन्धित पेशा व्यवसायसम्बन्धी कसुरमा सजाय नपाएको वा कालो सूचीमा नपरेको भनी लिखित रूपमा स्व-घोषित पत्र पेश गर्नुपर्नेछ।
६. एउटा फर्मको नामबाट खरिद भएको सिलबन्दी दरभाउपत्र अर्काको नाममा दाखिला गर्न पाइने छैन।
७. अन्य थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा आई वा फोन नं. ०५६-५९६९२२ मा सम्पर्क गर्न सकिनेछ।
८. यस सूचनामा नपरेका कुराहरूका हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ।

ठेक्कासम्बन्धी विवरण

क्र.सं.	ठेक्का नं.	कामको विवरण	लागतअनुमान (भ्याट र बीमा सहित) रू.	दरभाउपत्र फाराम दस्तुर रू.	धरौटी रकम रू.	कैफियत
१.	CGCIP/INV/DTW/NCB/080/81-01	Construction of Investigation Deep Tubewell 124 m depth (200/150mm dia.) by DTH Method	१९,३१,२९४।१९	१,०००।००	५२,०००।-	दरभाउपत्र फाराममा उल्लेखित प्राविधिक विवरण र परिमाण अनुसार। **काम गर्नुपर्ने स्थान:** राप्ती नगरपालिका वडा नं. ९, रसौली, चितवन

चम्पावती हाइड्रोपावर लि.
नार्गाजुन १, काठमाडौंको

१४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८०/०९/०१)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८०/०८/०९ गते बसेको संचालक समितिको बैठकको निर्णायानुसार कम्पनीको १४ औं वार्षिक साधारणसभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावको जानकारी एवं उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावली २०७६ को नियम १८(३) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

साधारणसभा बस्ने मिति, समय र स्थान

मिति : २०८०/०९/०७ गते शनिबार (२३ डिसेम्बर २०२३)
समय: बिहान ११ बजे
स्थान: कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं।

छलफलका विषयहरू

(क) साधारण प्रस्ताव

(१) आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
(२) लेखापरीक्षणको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, आर्थिक वर्ष. २०७९/८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
(३) आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
(४) सर्वसाधारणको लागि शेयर (IPO) निष्काशन गर्ने सम्बन्धमा।

ख) विशेष प्रस्ताव

(१) कम्पनीको अधिकृत तथा जारी पूँजी वृद्धी लगायत कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा।

ग) विविध।

आज्ञाले,
प्रशासकीय अधिकृत

रूख कटानका लागि वनले स्वीकृति नदिँदा फास्ट ट्र्याक निर्माण प्रभावित

सडक निर्माणका क्रममा चारवटा प्याकेजमा पुनः रूख कटान गर्न सेनाले ६ महिनाअघि पठाएको पत्र अलपत्र



● **कृष्णप्रसाद भण्डारी**
प्रवक्ता, नेपाली सेना

फास्ट ट्र्याक निर्माणका क्रममा केही प्याकेजमा पुनः रूख कटानी गर्नुपर्ने भयो । यसका लागि सम्बन्धित मन्त्रालयको स्वीकृति लिनुपर्छ । सेनाले स्वीकृति लिन ६ महिनाअघि नै सम्बन्धित मन्त्रालयमा पत्र पठाएको हो । तर, हालसम्म स्वीकृति प्राप्त भएको अवस्था छैन । सायद प्रक्रियामै होला ।



फाइल तस्बिर

टेकराज थामी/नयाँ पत्रिका

वन तथा वातावरण मन्त्रालयले रूख कटानको स्वीकृति दिन ढिलाइ गर्दा काठमाडौं-तराई मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) निर्माण प्रभावित बनेको छ । सेनाका अनुसार मकवानपुरस्थित बुदुनेको प्याकेज नं. ६, ७ र बारास्थित निजगढको प्याकेज नं. ५ र ६ मा २७ हजार ७०० रूख कटान गर्नुपर्नेछ । सेनाले स्वीकृतिका लागि पत्र ६ महिनाअघि नै पत्र पठाए पनि मन्त्रालयले अहिलेसम्म स्वीकृति नदिएको हो ।

सैनिक प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीले भने, 'फास्ट ट्र्याक निर्माणका क्रममा केही प्याकेजमा पुनः रुख कटानी गर्नुपर्ने भयो । यसका लागि सम्बन्धित मन्त्रालयको स्वीकृति लिनुपर्छ । सेनाले स्वीकृति लिन ६ महिनाअघि नै सम्बन्धित मन्त्रालयमा पत्र पठाएको हो । तर, हालसम्म स्वीकृति प्राप्त भएको अवस्था छैन । सायद प्रक्रियामै होला ।'

सेनाका अनुसार रुख कटानी गर्नुपर्ने चारवटै प्याकेजको ठेक्का लागिसकेको छ । तर, रुख कटानी हुन नसक्दा ठेकेदार कम्पनीले काम गर्न सकिरहेको छैन । फास्ट ट्र्याकको विस्तृत परियोजना प्रतिवेदन(डिपिआर) अनुसार बुदुनेको ४५ किलोमिटर सडक खण्डमा 'इन्टरचेन्ज' बनाइँदै छ । जहाँ यात्रुका लागि थकान कक्ष बन्नेछ । यात्रुले उक्त कक्षमा केहीबेर आराम गर्न सक्नेछन् । फास्ट ट्र्याकलाई पृष्ठभूमि बनाएर फोटो खिच्न सक्नेछन् । त्यस्तै, निजगढको प्याकेज नं. ५ मा पनि 'इन्टरचेन्ज' बनाइँदै छ । जहाँ सवारीसाधनको लागि अन्तर्राष्ट्रियस्तरको 'टर्निङ पोइन्ट' बनाइँदै छ । वातावरणीय प्रभाव मूल्यांकन(इआइए) गर्नुपर्ने र प्रक्रिया केही लामो भएको हुँदा मन्त्रालयले स्वीकृति दिन ढिला गरेको हुन सक्ने सेनाको ठम्याइ छ ।

सेनाले फास्ट ट्र्याकलाई १३ प्याकेजमा विभाजन गरेर निर्माण कार्य अघि बढाइरहेको छ । जसमध्ये ७ वटा प्याकेजको ठेक्का लागिसकेको छ भने ५ वटा प्याकेजको ठेक्का प्रक्रिया अन्तिम चरणमा पुगेको छ । बाँकी एउटा प्याकेजको ठेक्का भने सुरु नै भएको छैन । उक्त प्याकेज ललितपुरको खोकना क्षेत्रमा पर्छ । जग्गा अधिग्रहण विवाद सल्टिन नसक्दा उक्त प्याकेजको ठेक्का प्रक्रिया अघि बढ्न नसकेको हो ।

सेनाका अनुसार उक्त क्षेत्रको ४ सय ६ रोपनी जग्गा अधिग्रहण हुन बाँकी छ । विवाद समाधानका लागि सरकारले उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काको संयोजकत्वमा गत वैशाखमै समिति गठन गरेको थियो । तर, समितिले विवाद अझै समाधान गर्न सकेको छैन ।

२१ वैशाख ०७४ यता सेनाले निर्माण गर्दै आएको फास्ट ट्र्याकको कुल लम्बाइ ७०.९७७ किमि छ । १ भदौ ०७६ मा डिपिआर स्वीकृत भएको फास्ट ट्र्याकको पहिलो कार्यतालिकाअनुसार ०८१ को चैतसम्म निर्माण सक्ने सम्झौता भएको थियो । तर, डिपिआरमा विवाद, सुरुङ तथा पुल निर्माणमा अन्तर्राष्ट्रिय परामर्शदाता नियुक्तिमा ढिलाइलगायतका कारण निर्माणले गति लिएन । विवादकै कारण करिब दुई वर्ष सेनाले डिपिआरविना नै काम गऱ्यो । १ भदौ ०७६ मा कोरियन कम्पनीले बनाएको डिपिआर स्वीकृत भयो । त्यसपछि मात्रै सेनाले डिपिआरअनुसार काम गर्दै आएको छ ।

गत ५ वैशाखमा दुई वर्ष थप भएर ०८३ को चैतसम्म सक्ने भनिएको छ । हालसम्मको ६ वर्षको अवधिमा सम्पूर्ण ठेक्काको २७.१९ प्रतिशत मात्रै काम सम्पन्न भएको छ । अब फास्ट ट्र्याकको ७२.८१ प्रतिशत काम गर्न बाँकी छ जुन अत्यन्तै जटिल प्रकृतिको छ । तर, सेनासँग काम गर्ने अवधि करिब तीन वर्ष मात्रै छ । यस क्रममा लागत रकम पनि बढेको छ । फास्ट ट्र्याकको डिपिआर(डिटेल प्रोजेक्ट रिपोर्ट) पनि संशोधन गरिएको छ । संशोधित नयाँ डिपिआरअनुसार फास्ट ट्र्याकको कुल लम्बाइ ७०.९७७ किमि निर्धारण गरिएको हो । सेनाले संशोधित डिपिआर गत ३० साउनमा मात्रै स्वीकृत गरेको थियो । नयाँ डिपिआरअनुसार फास्ट ट्र्याकको कुल लागत रकम दुई खर्ब ११ अर्ब ९३ करोड पुऱ्याइएको छ ।

निर्धारित अवधिभित्र काम सक्न सेनाले प्रत्येक वर्ष २४.२७ प्रतिशत भौतिक प्रगति गर्नैपर्ने हुन्छ । ६ वर्षयताको कार्य प्रगति विवरण विश्लेषण गर्दा सेनाले प्रतिवर्ष ५ प्रतिशत मात्रै काम सम्पन्न गर्न सकेको छ । यही रफ्तारमा काम अघि बढे थप गरिएको नयाँ मितिमा पनि निर्माण कार्य सक्न गाह्रो हुने देखिएको छ । तर, निर्माणमा संलग्न सैनिक अधिकारी भने फास्ट ट्र्याक निर्धारित समयभित्रै सक्ने दाबी गर्दै आएका छन् ।

■ २१ प्रतिशतले बढ्यो लागत

फास्ट ट्र्याकको कुल लम्बाइ घटेको छ । तर, लागत रकम झन्डै २१ प्रतिशतले बढ्न पुगेको छ । निर्धारित समयमा काम भएको भए एक खर्ब ७५ अर्ब १९ करोड रुपैयाँ लागतमै सम्पन्न हुने थियो । जुन वेला फास्ट ट्र्याकको कुल लम्बाइ ७२.५ किमि थियो । नयाँ डिपिआरअनुसार लम्बाइ घटेर ७०.९७७ किमिमा झरेको छ, तर लागत भने २०.९५ प्रतिशतले बढेर दुई खर्ब ११ अर्ब ९३ करोड पुगेको छ ।

■ सुरुङमार्गमा २६ प्रतिशत प्रगति

सांसदको सार्वजनिक लेखा समितिले सुरुङमार्ग र विशेष प्रकृतिको पुल निर्माण ठेक्का सम्झौतामा अनियमिता भएको आशंका गर्दै पटक-पटक ठेक्का रद्द गर्न सेनालाई भनेको थियो । तर, सेनाले समितिको निर्देशन बेवास्ता गर्दै फेज-१ को ठेक्का चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ र फेज-२ को पोली चंदा इन्जिनियरिङलाई दिएको थियो । सेनाका अनुसार ठेकेदार कम्पनीले सम्झौताअनुसार काम सुरु गरिसकेका छन् ।

यस अवधिमा ठेकेदार कम्पनीले २.६६७ किमि सुरुङ खनेको छ । जुन कुल सुरुङमार्गको २६.५२ प्रतिशत प्रगति हो । फास्ट ट्र्याकका लागि कुल सुरुङमार्ग १०.०५५ किमि खन्नुपर्नेछ । सेनाका अनुसार प्याकेज-१ अन्तर्गत हालसम्म १.३८७ किमि सुरुङ खनिएको छ भने प्याकेज-२ अन्तर्गत ६१९ मिटर र ६६१ मिटर गरी कुल १.२८० किमि सुरुङ खनिएको छ ।

७०.९९७ किमि फास्ट ट्र्याकमध्ये ४८.०५७ किमि सडक खण्ड पर्छ । बाँकी २२.९४ किमि भने सुरुङ र पुल पर्छन् । जसका लागि कुल १०.०५५ किमिका दुई सुरुङमार्ग र कुल १२.८८५ किमिका ८९ पुल निर्माण गर्नुपर्छ । सेनाका अनुसार पुल निर्माणको काममा ५९.५६ प्रतिशत प्रगति भएको छ । सेनाले फास्ट ट्र्याक निर्माणमा ६ वर्षयता ४९ अर्ब २३ करोड रुपैयाँ खर्च गरेको छ । यो कुल बजेटको २८.११ प्रतिशत प्रगति हो ।

गेटा मेडिकल विश्वविद्यालय स्थापना अघि बढेपछि प्रतिष्ठान माग गर्दै डा. केसी अनशनमा

स्थानीयले गरे विरोध

धनगढीमा **तेजराज भट्ट**



संक्रमणकालीन न्याय टुंगोमा पुऱ्याउनुपर्ने र आफूसँग विगतमा भएका स्वास्थ्य सुधारसम्बन्धी सहमति कार्यान्वयनको माग गर्दै धनगढीमा अनशन बसेका डा. गोविन्द केसीविरुद्ध प्रदर्शन भएको छ । चिकित्सा शिक्षा सरोकार संघर्ष समितिले शनिबार केसीविरुद्ध प्रदर्शन गरेको हो ।

केसीका कारण धेरैले मेडिकल शिक्षा पढ्न नपाएको र बिदेसिनु परेको भन्दै प्रदर्शनमा सहभागीहरूले नाराबाजी गरेका थिए । केसीले उठाएका मागका कारण विद्यार्थी नर्सिङ र चिकित्सा शिक्षा पढ्नबाट हुनुपरेको स्थानीय विमला पौडेलले बताइन् । नर्सिङ कलेज बन्द हुँदा दक्ष जनशक्तिको अभाव भइरहेको उनको भनाइ छ ।

स्थानीय करुणाकर पाण्डेयले केसीले विगतमा सुरुमा उठाएका कतिपय माग सही भए पनि उनका केही मागका कारण चिकित्सा क्षेत्र मारमा परेको बताए । केसीका कारण नेपालको स्वास्थ्य क्षेत्र धराशायी बनेको प्रदर्शनमा सहभागीहरूको भनाइ थियो । केसीका कारण नेपालमा मेडिकल कलेज सञ्चालन हुन नदिने र नर्सिङ कलेज बन्द गर्ने नीतिले पढ्न नपाएर युवाहरू बिदेसिनु परिरहेको प्रदर्शनमा सहभागीले बताए ।

द्वन्द्वकालीन मुद्दा टुंगोमा पुऱ्याउनुपर्ने र विगतमा आफूसँग गरिएका सहमति कार्यान्यन हुनुपर्ने माग गर्दै केसीले धनगढीमा शनिबारबाट तीनदिने अनशन सुरु गरेका छन् । उनले शुक्रबार बेलुकी गेटा अस्पतालमा अनशन बस्न खोजेका थिए, तर गेटामा मेडिकल विश्वविद्यालय स्थापनाका लागि गठित संघर्ष समितिसँग विवाद भएपछि उनले धनगढीको लक्ष्मीनारायण मन्दिरको धर्मशालामा अनशन सुरु गरेका हुन् । उनले विगतमा आफूसँग भएको सहमतिअनुसार गेटामा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना हुनुपर्ने माग पनि अघि सारेका छन् । तर, गेटामा मेडिकल विश्वविद्यालय स्थापनाको प्रक्रिया अगाडि बढेका वेला केसीले प्रतिष्ठानको माग गरेर विश्वविद्यालय भाँड्न खोजेको भन्दै स्थानीयले विरोध जनाएका छन् । संघर्ष समितिले शनिबार धनगढीमा पत्रकार सम्मेलन गरेरै केसीका मागप्रति विरोध जनाएको छ । सरकारले गेटामा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान राष्ट्रिय विश्वविद्यालय स्थापनाको निर्णय गरेर यससम्बन्धी विधेयक राष्ट्रिय सभामा पेस गरिसकेको अवस्थामा केसीले प्रतिष्ठानको माग उठाएर विश्वविद्यालय स्थापना कार्य भाँड्न खोजेको समितिको आरोप छ । गेटामा मेडिकल विश्वविद्यालय हुनुपर्ने माग यहाँका स्थानीयले गर्दै आएका थिए ।

गेटामा मेडिकल विश्वविद्यालय स्थापनाका लागि दबाब दिन गठित संघर्ष समितिका संयोजक लोकराज पाण्डेयले मेडिकल विश्वविद्यालय स्थापना र सञ्चालन कार्य प्रभाव गर्ने गरी केसीले माग राखेकाले उनको अनशनको विरोध गरेको बताए । सरकारले मेडिकल विश्वविद्यालय स्थापनाको निर्णय गरेर विधेयक सदनमा पेस गरिसकेको अवस्थामा यसलाई रोक्न खोजिएको उनको भनाइ छ । केसीतर्फ संकेत गर्दै पाण्डेयले मेडिकल विश्वविद्यालय रोक्न केही व्यक्ति नियोजित तरिकाले लागेको बताए ।

गेटामा मेडिकल विश्वविद्यालय स्थापना हुनुपर्ने प्रदेशवासीको मागविपरीत केसीले प्रतिष्ठानको मुद्दा उठाएकाले उनलाई गेटामा अनशन बस्न नदिइएको समितिले पत्रकार सम्मेलनमार्फत जनाएको छ । संयोजक पाण्डेका अनुसार अनशनका लागि शुक्रबार बेलुकी गेटा पुगेका केसीलाई समितिले ६ सय शय्याको अस्पतालसहित मेडिकल विश्वविद्यालयको मागलाई उठाइदिन आग्रह गर्दा केसीले आफू विश्वविद्यालयको पक्षमा नरहेको बताएका थिए । केसीले प्रतिष्ठानका नाममा विश्वविद्यालयको प्रक्रियालाई बिथोल्न खोजेको संघर्ष समितिका सहसंयोजक आनन्द भट्टले बताए । प्रदेशवासीको भावनाविपरीत केसीले गेटामा प्रतिष्ठान बनाउनुपर्ने विषय उठाएकाले आफूहरू त्यसको विरोधमा उत्रिएको उनको भनाइ छ । गेटामा दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापनाको निर्णय गरेको सरकारले गत १ कात्तिकदेखि सय शय्याको अस्पताल सञ्चालन गरेको छ ।

उपाध्यायले ल्याए 'काली-कर्णालीको लोकसाहित्य तथा संस्कृति' पुस्तक

काठमाडौं/ लोकगायक एवं संस्कृतविद् यज्ञराज उपाध्यायको 'काली-कर्णालीको लोकसाहित्य तथा संस्कृति' नामक पुस्तक लोकार्पण गरिएको छ । शनिबार प्रज्ञा प्रतिष्ठानको डबलीमा संस्कृतिविद् जगमान गुरुङ, प्रा.डा. वीणा पौड्याल, लेखक तथा कवि सुभाषचन्द्र भण्डारी र कवि डा. नवराज लम्सालले पुस्तक लोकार्पण गरेका हुन् । उपाध्याय 'राईझुमा...' लगायत देउडा गीतका गायकसमेत हुन् ।

९८४ पृष्ठको पुस्तकमा सुदूरपश्चिम र कर्णाली प्रदेशमा प्रचलित लोकसाहित्यका विभिन्न विधा-उपविधालाई केलाएर मौलिक स्वरूपमा विधागत विषय संकलन गरी समावेश गरिएको छ भने पुस्तकमा संस्कार र संस्कृतिको वर्णन छ ।

संस्कृतिविद् गुरुङले नेपाली भाषा संस्कृतिको उद्गमस्थलबाट ठूलो र उच्चकोटिको पुस्तक आउनु नेपाल र नेपालीका लागि गौरवको विषय रहेको बताए । संस्कृतिविद् पौड्यालले सामाजिक र सांस्कृतिक लोकजीवनका अप्राप्य विषय उखान, टुक्का, लोककथा, गाथा, देउडा, दोहोरीसमेत यसमा समावेश भएकाले पुस्तक संग्रहणीय रहेको बताइन् । लेखक लम्सालले उपाध्यायको कृतिलाई समाज र संस्कृति बुझाउने अनि भावी पुस्तालाई हस्तान्तरण गर्न सकिने बताए ।

■ पाँचथर पुग्यो एमाले संकल्प यात्रा



बैतडीको झुलाघाटबाट सुरु भएको मध्यपहाडी संकल्प यात्राको अन्तिम सभालाई शनिबार पाँचथरको फिदिममा सम्बोधन गर्दै एमाले अध्यक्ष केपी ओली । पदयात्रा चिवाभञ्ज्याङ पुगेर सम्पन्न हुनेछ । तस्बिर : केपी ओलीको सचिवालय

सरकारले गर्नुपर्ने काम मानव सेवा आश्रमले गरेको छ : प्रधानमन्त्री



मकवानपुर/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले धर्मका नाममा मठमन्दिर धाएर भेटी र चन्दा दिनुभन्दा मानवसेवा आश्रमद्वारा सञ्चालित मन्दिरहरूमा भेटी र चन्दा दिन आग्रह गरेका छन् । मानवसेवा आश्रमको हेटौंडा उपमहानगरपालिका- ९ स्थित नवनिर्मित भवनको शनिवार उद्घाटन गर्दै उनले मानव सेवाभन्दा अर्को ठूलो धर्म नभएको बताए ।

'मानवताभन्दा ठूलो अर्को धर्म छैन । मानव सेवा आश्रमले सरकारले गर्नुपर्ने कामको नेतृत्व गरेको छ । यसमा हामी सबैको सहयोगको खाँचो छ । त्यसकारण मानव सेवा आश्रमको अभियानलाई सरकारले अभिभावकत्व प्रदान गर्छ,' प्रचण्डले भने । उनले मानवसेवा आश्रमले ०८२ भित्र सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्रनिर्माणको लक्ष्य लिएको भन्दै त्यसमा सरकारले सहकार्य गर्ने आश्वासन दिए । उनले आश्रमलाई चाहिने आर्थिक, भौतिक र नैतिक समर्थन दिन सरकार प्रतिबद्ध रहेको भनाइ राखे ।

'सरकारले गर्नुपर्ने काम एकजना रामजी अधिकारीबाट सुरु भई राष्ट्रव्यापी बनेको छ । मानवताको यो कर्ममा सरकार मानव सेवा आश्रमसँगै रहेको अनुभूति हुने गरी आवश्यक आर्थिक, भौतिक र नैतिक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु,' उनले भने । उनले आश्रममा आश्रित प्रत्येक व्यक्तिको भरणपोषणका लागि सरकारले प्रतिव्यक्ति १० हजार र मानवसेवा आश्रमका सातवटै प्रदेशमा सहयोगापेक्षी मानवहरूको उद्धार गर्न आवश्यक सवारीसाधन उपलब्ध गराउने प्रतिबद्धता पनि व्यक्त गरे ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश सरकारले मानव सेवा आश्रमलाई नियमित सहयोग गरिरहेको जानकारी दिए । उनले आश्रम व्यवस्थापनका लागि प्रदेश सरकारबाट ४० लाख रुपैयाँ बजेट विनियोजन भएको बताए ।

प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मोक्तान, कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँ, हेटौंडा उपमहागरपालिकाका कार्यवाहक मेयर राजेश बानियाँले मानव सेवा आश्रमले सुरु गरेको सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्रनिर्माणको लक्ष्यलाई सरकारका तीनै तहका सरकारले अपनत्व लिनुपर्ने बताए । उनीहरूले बागमती प्रदेशलाई सडकमानव मुक्त बनाउन आफूहरूको पूर्ण सहयोग रहने बताउँदै राज्यलाई नै सडक मानवमुक्त बनाउने अभियानमा केन्द्र सरकारको पहलकदमी लिनुपर्नेमा जोड दिए ।

१३ भदौ ०६९ मा स्थापना भएको मानव सेवा आश्रमको केन्द्रीय कार्यालयको नवनिर्मित भवन १३ करोड ८१ लाख ६६ हजार रुपैयाँ लागतमा निर्माण भएको आश्रमका अध्यक्ष रामजी अधिकारीले जानकारी दिए ।

घरेलु हिंसाका अधिकांश उजुरी मिलापत्रमै

लमजुङ/ जिल्ला प्रहरी कार्यालय लमजुङमा हिंसामा परेर न्यायको माग गर्न प्रहरीसमक्ष आउनेको संख्या बढ्दो छ । पहिले-पहिले घरको कुरा बाहिर लैजानु हुँदैन भन्ने मानसिकताका कारण हिंसाका घटना बाहिर आउँदैनथे । पछिल्लो समय महिलामा चेतनाको विकास भएसँगै हिंसाका घटना बाहिर आउन थालेका छन् ।

प्रहरीमा आएका घरेलु हिंसाबाट पीडित महिलाको अधिकांश उजुरी मिलापत्रमा सीमित हुने गरेको पाइन्छ । प्रहरीबाहेक जिल्लाको आठवटै स्थानीय तहको न्यायिक समितिमा परेका उजुरीसमेत मिलापत्रमै सीमित हुने गरेको पाइन्छ । चालू आर्थिक वर्ष ०८०/८१ को साउनदेखि मंसिर तेस्रो सातासम्म २४ वटा घरेलु हिंसाको उजुरी प्रहरीमा आएका छन् । त्यसमध्ये १९ वटा मिलापत्र भएका छन् भने चारवटा मात्र अदालती प्रक्रियामा गएको छ ।

यस्तै, आर्थिक वर्ष ०७९/८० मा ४७ वटा घरेलु हिंसाका उजुरी प्रहरीकोमा आएकोमा ३८ वटा मिलापत्र भएका छन् भने सातवटा अदालती प्रक्रियामा गएका छन् । जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका अनुसार कुटपिट गरी घरनिकाला गरिएको, शारीरिकसँगै मानसिक यातना दिने, आवश्यक खर्चसमेत नदिई आर्थिक अभावमा पारेर यातना दिनेलगायतका महिला हिंसाको उजुरी आउने गरेका छन् ।

त्यस्तै, आर्थिक वर्ष ०७८/७९ मा ८४ वटा घरेलु हिंसाको उजुरी आएकामा ७४ वटा घरेलु हिंसाको उजुरी मिलापत्र गरी टुंगाइएको छ भने आठवटा अदालती प्रक्रियामा रहेका छन् । त्यस्तै, ०७७/७८ मा ९२ वटा घरेलु हिंसाका उजुरी रहेका छन् । यी उजुरीमध्ये ६८ वटा मिलापत्रमा टुंग्याएको छ । केन्द्रका अनुसार शारीरिक, मानसिक, आर्थिक यातना दिएकालाई मिलापत्र गराएपछि पीडितको त्यस्तो समस्या नदेखिएको, खानलाउन दिएको पाइएको छ । सक्दो छलफल गर्दै विवाद मिलापत्र गराउने र कुरा मिल्दै नमिलेमा मात्र अदालत पठाउने गरेको छ ।

पछिल्लो समय स्थानीय तहको न्यायिक समितिमा पनि अधिकांश मुद्दा घरेलु हिंसाका आउने गरेको राइनास नगरपालिकाका प्रमुख खड्कबहादुर गुरुङले बताए ।

सम्झौता भएको वर्ष दिनमै बन्यो हेलम्बु अस्पताल

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

ठेकेदार र सरकारी कर्मचारीबीचको विवादले विकासका काममा अवरोध हुँदै आएको छ । जसकारण चालू खर्च बढी हुने र विकास खर्च कम हुने गरेको छ । तर, सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाले ठेक्का सम्झौता गरेको वर्ष दिनमा अस्पताल निर्माण गरेको छ ।

संघीय सरकारको एक पालिका एक अस्पताल स्थापना गर्ने कार्यक्रमअनुरूप हेलम्बुमा १५ शय्याको अस्पताल बनेको हो । १९ करोड ४३ लाख खर्च गरेर अस्पताल बनेको गाउँपालिकाले जनाएको छ । कम्पाउन्डसहित २२ करोडको ठेक्का हो । वर्ष दिनमा ९५ प्रतिशत काम पूरा भएको र माघमा ठेकेदार कम्पनीले पालिकालाई हस्तान्तरण गर्ने तयारी छ ।

पालिकाको केन्द्र किउलमा ठडिएको हेलम्बु अस्पताललाई सुविधासम्पन्न बनाउने योजना रहेको गाउँपालिका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले जानकारी दिए । 'ठेक्का सम्झौता १ मंसिर ०७९ मा गरिएको हो । काम सुरु १ पुसबाट भयो । माघ नसकिँदै सबै काम सम्पन्न हुँदै छ,' उनले भने ।

जुगल हिमशृंखला कन्स्ट्रक्सन कम्पनीले ठेक्का लिएको हेलम्बु अस्पताल स्थानीय सरकारको नियमित निगरानीले समयमै सम्पन्न हुने अवस्थामा छ । ठेकेदार कम्पनी र कर्मचारी संयन्त्रबीच विनास्वार्थ काम गर्ने वातावरण र सहमति बनेमा कुनै पनि काम समयमै सकिने अनुभव प्राप्त भएको अध्यक्ष शेर्पाले बताए । मेलम्ची खोलाको बाढीले सडक बन्द हुँदा बर्खामा दुई महिनाजति काम अवरुद्ध भएको थियो ।



हेलम्बु गाउँपालिकाले पाँच वर्षदेखि एम्बुलेन्स सेवा र दीर्घरोगीलाई निःशुल्क औषधि वितरण गर्दै आएको छ । अरू ११ स्थानीय तहमा पनि काम जारी छ । भोटेकोसी, जुगल, बलेफी गाउँपालिकामा अस्पताल निर्माण धमाधम भइरहेको छ । लिसंखुपाखर र सुनकोसीमा भवन बने पनि

● **निमा ग्याल्जेन शेर्पा**, अध्यक्ष, हेलम्बु गाउँपालिका



ठेक्का सम्झौता १ मंसिर ०७९ मा गरिएको हो । काम सुरु १ पुसबाट भयो । माघ नसकिँदै सबै काम सम्पन्न हुँदै छ ।

स्वास्थ्यकर्मी र उपकरण नभएकाले उपचार सेवा प्रभावकारी छैन । चौतारा सौंगाचोकगढी नगरपालिकामा चीन सरकारको सहयोगमा चौतारा अस्पताल निर्माण लगभग सकिएको छ ।

बाह्रबिसे र मेलम्ची नगरमा पुरानै भवनबाट उपचार सेवा प्रदान गरिएको छ । बाह्रबिसे प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्ने स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले घोषणा गरे पनि काम सुरु गरिएको छैन । त्रिपुरासुन्दरी गाउँपालिकाले भवन सुरु हुन सकेको छैन ।

पाँचपोखरी थांपाल गाउँपालिकामा तिपेनीस्थित रहेको स्वास्थ्यचौकीले प्रभावकारी स्वास्थ्य सेवा दिनसकेको छैन । स्थानीय गोपाल स्याङबोका अनुसार विकट गाउँहरू भोताङ र बरुवामा स्वास्थ्य सेवा छैन । उनीहरू दिनभर हिँडेर तिपेनी आउनुपर्ने बाध्यता छ ।

शैक्षिक प्रणालीको अभिशाप : दलीय भागबन्डा

शिक्षक सेवा आयोग, मेडिकल काउन्सिल र लोकसेवा आयोगको परीक्षाको नतिजाले नेपालको शिक्षा प्रणाली र त्यसको गुणस्तरमाथि गम्भीर प्रश्न खडा गरेको छ



● राजेश विद्रोही

अग्रलेख

तस्बिर एक : १८ कात्तिक ०८० मा शिक्षक सेवा आयोगले लिएको निमावि तहको अध्यापन अनुमतिपत्रको परीक्षामा एक लाख ५१ हजार १२ परीक्षार्थीमध्ये ९१.३९ प्रतिशत असफल भए ।

तस्बिर दुई : गत वर्ष नेपाल मेडिकल काउन्सिलले विशेषज्ञ प्रमाणपत्रका लागि लिएको परीक्षामा नौ सय तीन परीक्षार्थी सम्मिलित भएकामा ७१ प्रतिशत फेल भए । यसैगरी, फार्मेसी लाइसेन्सको परीक्षामा पनि सात सय ८७ परीक्षार्थीमा ७४ प्रतिशत अनुत्तीर्ण भए । हालसालै नेपाल नर्सिङ परिषद्ले लिएको लाइसेन्स परीक्षामा पनि एक हजार दुई सय ७० परीक्षार्थीमा ८० प्रतिशतभन्दा बढी अनुत्तीर्ण भए ।

तस्बिर तीन : लोकसेवा आयोग पोखरा र जलेश्वरले हालसालै लिएको फार्मेसी सहायक पदको परीक्षामा सम्मलित सबै परीक्षार्थी अनुत्तीर्ण भए । न्यायसेवा आयोगको अनुरोधमा आयोगले नै २९ जिल्ला अदालत न्यायाधीश पदका लागि लिएको परीक्षामा सम्मिलित दुई सय ११ परीक्षार्थीमध्ये एकजना मात्र उत्तीर्ण भए । तर, सरकारले आयोगको परीक्षा पास गरेर न्यायधीशको पदपूर्ति हुने नदेखेपछि अनुत्तीर्णहरूलाई नै समावेश गरी २९ जना न्यायाधीश नियुक्ति गऱ्यो । कतिपयले न्यायक्षेत्रमा वर्षौंको अनुभव भएकाहरू लोकसेवाको परीक्षामा फेल हुँदैमा अयोग्य नहुने तर्क पनि गरे । आखिर दोगला चरित्र हाम्रो खुनमै जो छ ।

उल्लिखित शैक्षिक नतिजा प्रतिनिधि घटना मात्र हुन् । यो तस्बिर नेपालका प्रतिभा मापनको वास्तविक तस्बिर पनि हो । नेपालको शैक्षिक क्षेत्रलाई कसले यति गुणस्तरहीन बनायो ? कामै नलाग्ने शिक्षामा विद्यार्थीको अमूल्य समय कसले खाइदिँदै छ ? प्रश्नहरू अनेकौं छन् । शिक्षक सेवा आयोग, मेडिकल काउन्सिल र लोकसेवा आयोगको परीक्षाको नतिजाले नेपालको शिक्षा प्रणाली र त्यसको गुणस्तरमाथि गम्भीर प्रश्न खडा गरेको छ । नेपालको शिक्षा प्रणालीलाई यति निम्छरो र निकम्मा कसले बनायो ? सबैले सहज र सरल ढंगले उत्तर दिन्छन्- दलीयकरणले । व्यापारीकरणले । निकम्मा कार्यकर्ताको भर्तीकरणले । समग्रमा राजनीतिक नेताहरूको चेत र चेतनाको स्तरले । तर, फेरि किन उनै नागरिक यिनै निकम्मा नेतालाई निर्वाचनमा भोट दिएर देशको चाबी सुम्पन्छन् र, आफ्नो तारणहार सम्झिन पुग्छन् ? यसको उत्तर हो- गुणस्तरहीन शिक्षा दिएर उनीहरूले हाम्रो चेतनामाथि लगाम कसेका छन् । त्यसैले, हामी दासजस्ता भएका छौं । उनीहरूको निकम्मापनमाथि औंला ठड्याउन नसक्ने भएका छौं ।

शैक्षिक संस्थालाई शैक्षिक संस्थाका रूपमा नभएर राजनीति गर्ने थलो, कार्यकर्ता उत्पादन गर्ने कारखाना र भर्तीकेन्द्रका रूपमा उपयोग गरियो । अहिले पनि राजनीतिक दलहरू यही दुर्दशाको बाटोमा अग्रसर भएको देखिन्छ । जब कि यतिवेला सुधिने अवसर आएको छ । तर, सुधिने छाँट देखिँदैन । राज्यको शैक्षिक लापरबाहीकै कारण विद्यालयदेखि विश्वविद्यालय र प्राविधिक शिक्षालयमा समेत आवश्यक विधार्थी संख्या नपुग्ने अवस्था सिर्जना भएको छ । कैयौं फ्याकल्टीमा विद्यार्थी नै छैनन् । विद्यार्थी नपुग्दा थुप्रै शिक्षालयको सम्बन्धन खारेज भएका छन् । अझै थुप्रै खारेज हुने अवस्थामा छन् । यो दुर्दशा निम्तिनुमा मूलतः सत्तामा हालिमुहाली गरिरहेका राजनीतिक दलहरू नै जिम्मेबार छन् ।

शैक्षिक क्षेत्रले उल्लेखनीय रूपमा प्रतिभा तयार गरेर देशको रूपान्तरण र सेवामा योगदान गर्न सक्नुपर्थ्यो । तर, त्यसो गर्न सकेको छैन । किनकि, सत्तामा आउने दलहरूले शैक्षिक क्षेत्रलाई आफ्नो राजनीतिक शक्ति निर्माण गर्ने थलोका रूपमा लिँदै आएका छन् । जसले गर्दा शैक्षिक बेरोजगार बढे, जसले देशलाई झन् पछि झन् अशान्ति दिँदै गएको छ । राजनीतिक अस्थिरता कायम राखेको छ । बेथिति, भ्रष्टाचार र तस्करीलाई नै दिगो बनाउँदै गएको छ । शान्ति र अमनचैनमा भूमिका निर्वाह गर्न सकेको छैन । आर्थिक विकास र समृद्धि त धेरै परको विषय भएको छ ।

यसबाट एउटा छुट्टै खालको संस्कार र आचरण निर्माण भएको छ । जो हुलदंगा र लफडाबाजी गर्न सक्छन्, त्यो योग्य हुने स्थितिको विकास भएको छ । र, त्यस्तै मान्छे उत्पादन भएर राज्यका विभिन्न अंगमा पुग्ने प्रचलनले स्थायित्व पाएको छ । जहाँ योग्य शिक्षक भर्ती हुँदैनन्, योग्य नेतृत्वलाई कुर्सीमा पुऱ्याइँदैन, त्यो मुलुकको अवस्था के हुन्छ, सहजै अनुमान गर्न सकिन्छ । नेपाल त्यसैको एउटा उदाहरण बनेको छ । कुनै पनि परीक्षामा उत्तीर्ण हुनेहरूको सफलता



दर, पेसागत लाइसेन्सको उत्तीर्ण दर, उच्च शिक्षा अध्ययनमा विधार्थीको घट्दो सहभागिता दर र प्रतिभा पलायनको बढ्दो दरले मुलुकको शैक्षिक प्रणाली गम्भीर रूपमा असफल भइसकेको देखाउँछ । जसलाई अझै असफल बनाउन सरकार चलाउनेहरू छाती खोलेर लागेका देखिन्छन् । भर्खरै त्रिविमा सत्तारूढ दलहरूबीच भागबन्डा भएको समाचार आएको छ । अहिले उनीहरू नियुक्तिको उपयुक्त अवसर कुर्दै छन् । राजनीतिक भागबन्डा विश्वविद्यालय मात्रै होइन, विद्यालयसमेतको ठूलो रोग बनेको छ । शैक्षिक क्षेत्रलाई धराशायी बनाउन दलीय भागबन्डाको सबैभन्दा ठूलो हात छ भन्ने तथ्य निर्विवाद रूपमा स्थापित छ ।

> नेपालको शिक्षा प्रणालीलाई यति निम्छरो र निकम्मा कसले बनायो ? उत्तर सहज र सरल छ- दलीयकरणले । व्यापारीकरणले । निकम्मा कार्यकर्ताको भर्तीकरणले । समग्रमा राजनीतिक नेताहरूको चेत र चेतनाको स्तरले ।

विद्यालयस्तरको अध्ययन परीक्षामा उनीहरूको नतिजा जति राम्रो देखिए पनि जागिर, सरकारी सेवा तथा सीप पर ीषणसम्म आइपुग्दा लब्धांक बढ्नुको साटो असफल हुँदै जाने अवस्था सिर्जना कसरी हुन्छ ? जब कि पढाइदेखि परीक्षा र पर ीषणदेखि जागिरसम्म १०० पूर्णांकको तह-विषयगत प्रश्नोत्तरमा ४०, ५० र ६० अंकमा मात्र पास हुने व्यवस्था छ । यो नेपालमा पढ्नेहरूको मात्र होइन, विदेशबाट अध्ययन गरेर आएकाहरूको पनि दुर्दशा हो । किनभने, बाहिर पढ्न जानेहरूमध्ये अधिकांशले गतिलो विश्वविद्यालयमा पढ्न सक्दैनन् । उनीहरूले शिक्षा त लिन्छन्, तर परीक्षादेखि परीषणसम्म असफलै असफल हुन्छन् । उनीहरू आफ्नो जीवन निर्माणमा मात्र होइन, देश र राज्य निर्माणमा पनि असफल हुन्छन् ।

शिक्षा सिक्ने र सिकाउने अर्को प्रक्रिया पनि हो । यो वैज्ञानिक प्रक्रिया हो । यो प्रक्रिया सिकाउने त विद्यालय र शिक्षकले नै हो । तर, विद्यालयमा पढ्ने प्रक्रिया र पद्धति सिकाइँदैन । घोकन्ते र पैरवीमुखी शैक्षिक प्रणालीको विकास गराउने र उनीहरूको स्वविकास नगरिदिने भएपछि उनीहरू जेमा पनि असफल हुन पुगिरहेका छन् । यिनै र यस्तै कारणले गर्दा नयाँ पुस्ता राज्यमा हस्तक्षेप गर्न सक्ने गरी अगाडि आउन सकेको छैन । फलस्वरूप, रजगज पुरानाहरूकै छ ।

भनिन्छ, शिक्षा मानिसको तेस्रो आँखा हो । शिक्षालेनै मानिसलाई हरेक किसिमले निपुण र गुणवान् बनाउँछ । समाजिक, आर्थिक र राजनीतिक रूपमा समेत समृद्ध बनाउँछ । आजको युगमा असल शिक्षा नभएको मानिसको कुनै महत्त्व छैन । तर, जब भन्डै दुई दशक लगाएर आर्जन गरेको शिक्षालेनै बेरोजगार बनाउँछ र अयोग्य भएको प्रमाण दिन्छ भने हामी मुलुकलाई कसरी समृद्ध बनाउन सक्छौं ? यसबाट, नेपालका शैक्षिक संस्थाहरू 'दलाली' र 'हलाली' गर्ने जनशक्ति मात्र उत्पादन गर्ने कारखानामा रूपान्तरण हुँदै गएका छन् भन्न सकिन्छ । नेपालमै पढेर केही बन्न र गर्न सक्छु भन्ने अवस्था छैन ।

सरकारले शैक्षिक क्षेत्रमा बर्सेनि ठूलै बजेट विनियोजन गर्छ । तर, प्रगति भने दिनानुदिन खस्किँदो छ । सरकारी शैक्षिक संस्थालाई गुणस्तरहीन बनाउँदा वर्चस्वशाली वर्गले आफ्नो मुनाफा र निहित स्वार्थका लागि सञ्चालन गरेका शैक्षिक संस्थाले राम्रो लाभ उठाउन पाएका छन् । सरकारी शैक्षिक संस्थालाई धराशायी बनाएर निजीलाई पोस्ने काममा सत्तासीन सदैव दत्तचित्त देखिएका छन् । सत्तासीन वर्गले राज्यस्रोतको दोहन गरेर आफ्नो सन्ततिलाई गुणस्तरीय शिक्षाका लागि महँगा निजी विद्यालयल वा विदेशमा पढाउँछन् । त्यसैले आज हरेक नागरिकको शिक्षा र रोजगारीको सपना विदेश बन्न पुगेको छ ।

एउटा स्तरको शिक्षा आर्जन गरिसकेपछि उसको रोजगारीको प्रत्याभूति गराउने जिम्मेवारी राज्यको हो । तर, राज्य यो विषयमा गम्भीर देखिँदैन । शिक्षित, अशिक्षित, दक्ष वा अदक्ष सबैको अवस्था एउटै छ । एउटा व्यक्तिले एक स्तरको शिक्षा आर्जन गरिसकेपछि र त्यसमा लगानी गरिसकेपछि उसको रोजगारीको ग्यारेन्टी गर्ने दायित्व राज्यको हो । तर, यहाँ राज्य एकातिर देखिन्छ भने यहाँको शिक्षा प्रणाली अर्कातिर देखिन्छ । सरकारी सेवामा जान झन्झटिलो लोकसेवाको छुट्टै तयारी गर्नुपर्ने हुन्छ ।

पछिल्लो समय प्राविधिक शिक्षा पढेर रोजगारमुखी बन्न सकिन्छ भनेर सरकारले सिटिइभिटीमार्फत विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । तर, आज त्यही महँगो प्राविधिक शिक्षा पनि रोजगारीमुखी बन्न नसकेका थुप्रै उदाहरण छन् । पछिल्लोपटक सरकारले अहेब र अनमी शिक्षा बन्द गरेर यसलाई नर्सिङमा ग्रेडिङ गर्ने निर्णय लियो । यसका लागि सय शय्याको अस्पताल अनिवार्य गरियो । यो शिक्षालाई झनै महँगो बनाइयो । विदेश पठाउन जनशक्ति तयार गर्ने कारखानाका रूपमा यतिवेला नेपाली नर्सिङ पढाइ स्थापित हुन पुगेको छ ।

व्यापारीकरण र राजनीतिकरणले शिक्षा ध्वस्त भइसकेको छ । विद्यालय होस वा विश्वविद्यालय, हरेक प्राज्ञिक निकायमा राजनीतिक भागबन्डा छ । विद्यार्थी अभावमा विश्वविद्यालयका विभाग तथा शैक्षिक संस्था खाली हुँदै गएका छन् । यस्ता अनेकौं समस्या र विसंगति सुधार्न बेलैमा नसोचे मुलुकको शिक्षा प्रणाली नै धराशायी नहोला भन्न सकिन्न । सत्ता, शक्ति, पैसा र पैरवीको मनोविज्ञान बढेर गएको छ । आफ्नो मातृभाषा, लोकसंस्कृति, परम्परा र पहिचान संस्कृतिबारे पाठ्यक्रम छैन । प्रश्नोत्तर हुँदैन ।

शिक्षा एकल भाषा, जाति र संस्कृतिमा आधारित छ । अहिलेको शैक्षिक प्रणाली मैत्रीपूर्ण र समावेशी छैन । अर्थात्, हामी बेथितिलाई नै थिति मानेर बसेका छौं । हाम्रो चेत कहिले खुल्ने हो कुन्नि ?

३ प्रश्न

पूर्वसांसद तथा स्वास्थ्य विज्ञान विश्वविद्यालयसम्बन्धी अभियन्ता डा. **दीपकप्रकाश भट्टलाई**



डा. गोविन्द केसीको अनशन र स्वास्थ्य विज्ञान विश्वविद्यालयको समस्या के हो ?

डा. गोविन्द केसीले विभिन्न समयमा अनशन गर्दै आउनुभएको छ । तर, उहाँका अनशनकै परिणामस्वरूप नेपाली विद्यार्थीले नेपाली मेडिकल कलेज तथा इन्टिच्युटहरूमा पढ्न नपाएर विदेश जान बाध्य हुनुपरेको अवस्था छ । पछिल्लो समयमा देशभर नन क्लिनिकल कोर्स पढाउने इन्स्टिच्युटहरू एक सय ५० को संख्यामा हुँदा सुदूर पश्चिममा एउटै थिएन । बल्ल एक सय एकाउन्नौं इन्स्टिच्युटका रूपमा डडेलधुरामा पढाइ सुरु भएको छ । २१ मेडिकल कलेजमध्ये सुदूरपश्चिममा एउटै छैन । स्वास्थ्य विज्ञान प्रतिष्ठान पनि सुदूर पश्चिममा एउटै छैन । यस्तोमा सुदूर पश्चिममा एउटा स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापना गर्न खोज्नु गलत होइन ।

डा. केसीका माग र अनशनले तपाईंहरूको अभियानमा धक्का लाग्न सक्ने देखिन्छ नि ?

सुदूर पश्चिममा स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउने विषयमा कसैले विरोध गर्नुपर्ने कारण देखिन्न । डा. केसी स्वयं उपकुलपति बनेर आउनुहुन्छ भने पनि हाम्रो कुनै आपत्ति हुनेछैन । विश्वविद्यालयसँगै यहाँ ६ सय शैयाको अस्पताल सञ्चालन हुँदा यस क्षेत्रका जनताले नै सहज र सुलभ स्वास्थ्य सेवा पाउने हुन् । हामी विश्वविद्यालय बनाउने भनिरहेका छौं । तर, डा. केसी प्रतिष्ठानका नाममा सानो र साँघुरो संस्था बनाउने माग गर्दै हुनुहुन्छ । उहाँले यसमा किन हात हाल्नुभयो ? थाहा भएन ।

यसको समाधान कसरी हुन सक्ला त ?

स्वास्थ्य विज्ञान विश्वविद्यालयसम्बन्धी विधेयक अहिले राष्ट्रिय सभाको विधायन समितिमा छ । गेटामा विश्वविद्यालय सञ्चालन गर्न सकिने पर्याप्त संरचना रहेको संसदीय अध्ययनले पनि पुष्टि गरिसकेको छ । त्यसैले, यसमा विरोध र विवाद गर्नुको अर्थ छैन ।

प्रेरक प्रसंग

राजा र आँपको वृक्ष

उहिल्यै एक राजा थिए । उनी जनताका दुःखपीडामा साथ दिने न्यायप्रेमी राजाका रूपमा परिचित थिए । उनी आफ्ना जनताका सुख-दुःखमा जहिल्यै साथ दिन्थे । जनता पनि उनलाई आफ्ना अभिभावकसरह मान्थे ।

एक दिन राजा भेष बदलेर सहरमा घुम्दै थिए । उनले एक वृद्धले खाली जमिनमा बिरुवा रोप्दै गरेको देखे । जिज्ञासावश राजा वृद्धको नजिकै गए र सोधे- बाबा, तपाईं यो केको बिरुवा रोप्दै हुनुहुन्छ ? वृद्धले सानो स्वरमा जवाफ दिए- आँपको । राजाले यसो विचार गरे र हिसाब लगाए । बिरुवा ठूलो भएर फल लाग्न कति वर्ष लाग्छ भन्ने उनले अनुमान लगाए । केहीबेरको मौन हिसाब-किताबपछि राजाले भने- बाबा, यो बिरुवा ठूलो भएर फल दिने समय हुन्जेल के तपाईं रहनुहोला र यसको फल सेवन गर्न पाउनुहोला त ? सायद राजा यी वृद्धले बेकारमा श्रम गरिरहेका छन्, यिनले यी बिरुवा ठूला भएर दिने फल सेवन गर्ने मौका पक्कै पाउनेछैनन् भन्ने सोचिरहेका थिए । भेष बदलेका राजाको प्रश्न सुनेपछि वृद्धले उनलाई पुलुक्क हेरे र जवाफ दिए- सायद तपाईंलाई लागिरहेको होला, म पागलपन देखाइरहेको छु । जुन कामबाट कसैलाई फल प्राप्त हुँदैन त्यो काममा मिहिनेत गर्नु बेकार हो भन्ने तपाईंलाई लागेको हुन सक्छ । तर, अरूहरूले यसैगरी लगाएर छाडेका बिरुवाको फल मैले अहिलेसम्म कति खाएँ होला ? जब अरूले लगाएका बिरुवा बढेपछि तिनको फल मैले सेवन गर्न पाएँ भने मैले अहिले लगाएका बिरुवा बढेर दिने फल अरूहरूले पनि त सेवन गर्लान् नि, होइन ? के हामीले केवल आफ्ना लागि मात्र सोच्नुपर्ने हो र ? के स्वार्थ छाडेर अरूका लागि पनि काम गर्नु मनुष्यको जिम्मेवारी होइन र ?

वृद्धको यस्तो जवाफ सुनेपछि राजा प्रसन्न भए । उनले आज निकै ठूलो र गहन शिक्षा प्राप्त गरे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सहकारीको समस्यामा ध्यान देऊ

केही वर्षदेखि नेपालभरका सहकारी संस्था एकपछि अर्को गर्दै समस्यामा परेर बन्द हुँदै गएका छन् । यसले गर्दा निम्न आय भएका लाखौं नागरिक समस्यामा परेका छन् । यस्ता सहकारी संस्थामा आबद्ध भई तिनले सानातिना काम गर्दै धेरथोर रकम सञ्चय गर्दै भोलिका लागि साँच्दै आएका थिए । यसरी गरिएको बचतबाट उनीहरूले आफू र परिवारको भविष्य उज्ज्वल पार्ने सपना सजाएका थिए । कतिपयले यस्ता सहरकारीबाट कर्जा लिएर आफ्नो व्यापार-व्यवसायसमेत सञ्चालन गरेका थिए । यसबाट उनीहरू दैनिक गर्जो टर्दै आएको पनि थियो । तर, यस्ता सहकारी संस्थाका सञ्चालकहरूको बदमासी या बदनियतका कारण संस्था डुब्दा धेरैको सपना पनि सँगसँगै डुबेका छन् । त्यसैले, यस्ता सहकारी संस्थाका समस्या समाधानमा सरोकारवाला निकायले तत्काल ध्यान दिनु जरुरी छ ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

सकारात्मक तथ्यांक

निजामती सेवामा एकसाथ नौ महिला सचिव कार्यरत रहेको तथा १४ पालिकाको प्रशासकीय नेतृत्वमा महिला रहेको तथ्यांक सकारात्मक छ । यस तथ्यांकले नेपाली समाजमा महिला पनि नेतृत्वकारी स्थानका लागि सक्षम छन् भन्ने सन्देश दिएको छ । नेतृत्व तहमा मौका पाए महिलाले पनि आफूले पाएको जिम्मेवारी कुशलतापूर्वक वहन गर्न सक्छन् भन्ने प्रमाण पनि हो यो ।

● **अमृता केसी**
सामाखुसी, काठमाडौं

संग्रौलाको सही विश्लेषण

लेखक खगेन्द्र संग्रौलाले नेपाली कम्निस्टका दुःखबारे नयाँ पत्रिकाको झन् नयाँमा गरेको विश्लेषण एकदमै उपयुक्त छ । नेपाली कम्निस्ट बाहिरबाट जे देखिन्छन्, भित्रबाट हेर्दा त्यस्ता छैनन् । उनीहरू बोल्छन् एकथरी, काम गर्छन् अर्कैथरी । नारा एकथरी दिन्छन् भने व्यवहार अर्कैथरी देखाउँछन् । संग्रौलाले गरेको यस विश्लेषणमा कसैको विमति छ भने तथ्यपरक विश्लेषण आउनुपऱ्यो ।

● **भूपध्वज गुरुङ**
सानेपा, ललितपुर

राष्ट्रिय सभामा बाबुरामलाई भित्र्याऔं

पछिल्लो संघीय निर्वाचनमा आफ्नो गढ मानिएको गोरखा निर्वाचन २ माओवादी अध्यक्ष प्रचण्डलाई सुम्पिएर आफू सक्रिय राजनीतिबाट अघोषित रूपमा पाखा लागेका नेपाल समाजवादी पार्टी (नेसपा)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई यतिवेला संसद्बाहिरै छन् । डा. भट्टराई माओवादीमा हुँदा होस् या माओवादीबाहिर रहँदा होस्, संविधानसभादेखि अघिल्लो संसदीय अवधि (०७४-७९) सम्म निरन्तर संसद्मा थिए । दोस्रो संविधानसभामा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिका सभापतिका रूपमा संविधान निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । राष्ट्रिय सभामा रिक्त स्थानको पूर्ति सो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन वा मनोनयन जुन तरिकाले भएको हो, सोही तरिकाले हुने संवैधानिक व्यवस्थाअनुसार आगामी २० फागुनदेखि पदावधि सकिन लागेका २० सदस्यमध्ये एक राष्ट्रपतिबाट मनोनीत सदस्यसमेत रहेकाले पुनः एकजना राष्ट्रपतिबाटै मनोनीत हुनेछन् । अन्य १९ सदस्य भने निर्वाचनमार्फत निर्वाचित भएर आउनेछन् । भट्टराईको दल नेसपा गएको निर्वाचनमा माओवादी केन्द्रकै चुनाव चिह्नबाट निर्वाचनमा सहभागी भएको हुनाले संसद्को यो अवधिभरि संसदीय हैसियतमा उनको दल माओवादी केन्द्रसँगै रहनुपर्ने अवस्था छ । पार्टी एकतासमेत हुन लागेको सन्दर्भमा र सत्तागठबन्धमा समेत सँगै भएकाले ठा. भट्टराईलाई राष्ट्रिय सभामा लैजान प्रचण्डले समेत सक्दो पहलकदमी लिनुपर्छ । बाबुरामलाई निर्वाचनमा भिडाएर होइन, राष्ट्रपतिबाट मनोनीत हुने सदस्यका रूपमा राष्ट्रिय सभामा भित्र्याउन सके अझै राम्रो र सकारात्मक सन्देश जानेछ र यसले प्रचण्डप्रति समेत सकारात्मक सोच बढ्नेछ ।

● **सुजन देवकोटा**, पालुङटार- ४, गोरखा
sddevkota778@gmail.com

चीनको स्वच्छ ऊर्जा वृद्धि र जलवायु पहलकदमी

चीन इन्जिनियरको मुलुक हो, जसले जलवायु चुनौतीलाई आर्थिक नभई प्राविधिक रूपमा हेर्छ



देश/विदेश

● छु यी-चोङ

२७ प्रतिशत कार्बन उत्सर्जन गर्ने मुलुक चीन विश्वकै सबैभन्दा ठूलो कार्बन उत्सर्जनकर्ता हो, तर चीन नै सौर्य र वायु प्रविधिमा विश्वमै अग्रणी स्थानमा छ । चीनको हरित ऊर्जाको तीव्र विकासले फ्रान्सको यो वर्षको विद्युतीय आवश्यकतालाई पूर्ति गरेको थियो । र, अर्को वर्ष चीनले ऊर्जा क्षेत्र उत्सर्जनमा पहिलोपटक गिरावट ल्याउने ऐतिहासिक उपलब्धि हासिल गर्न सक्छ । दोस्रो ठूलो उत्सर्जन गर्ने चीन र अमेरिकाबीच नोभेम्बरमा सम्पन्न सन्निल्यान्ड वक्तव्य आएको अवस्थामा भएको कोप– २८ जलवायु सम्मेलन सकारात्मक देखिएको छ । अमेरिका-चीनको सहकार्य सीमित हुने विगतको जलवायु सम्मलेनविपरीत यसपटक यी दुई मुलुक धेरै हदसम्म एक ठाउँमा आएको देखिन्छ । वक्तव्यले सन् २०२० सम्ममा जीवाश्म इन्धनलाई प्रतिस्थापन गर्ने उद्देश्यले विश्वव्यापी नवीकरणीय ऊर्जामा तीन गुणा वृद्धि गरेर मिथेन र प्लास्टिक प्रदूषणलाई सम्बोधन गर्ने लक्ष्य लिएको छ ।

तत्कालै पहलकदमी लिनुपर्ने : अमेरिकी राष्ट्रपति जो बाइडेनले पदभार ग्रहण गरेदेखि नै चीनले जलवायुमा अमेरिकासँग राम्रो समन्वयको खोजी गरिरहेको छ । जलवायु एक त्यस्तो क्षेत्र हो, जहाँ यी दुई प्रमुख प्रतिस्पर्धी शक्तिले साझेदारी गर्न सक्छन् । दुबईमा सम्पन्न कोप- २८ सम्मेलनले संयुक्त पहलकदमीका लागि ढोका खोल्न सक्छ । अर्को वर्ष अमेरिकाले जलवायु मामिलामा भिन्न मत राख्ने फरक राष्ट्रपति चयन गर्न सक्छ । त्यसैगरी, चीनका प्रतिष्ठित वरिष्ठ विशेष जलवायु दूत झि जेनहुआ अवकाश लिनेवाला छन् । चीनले लामो समयदेखि कोइलाबाट चल्ने विद्युतीय परियोजना विस्तार गरेका कारण निरन्तर आलोचित हुँदै आएको छ । तर, विस्तार भइरहेका सन्दर्भमा सरकारी स्वामित्वमा रहेका पाँचवटा ठूला कोइलाबाट चल्ने विद्युतीय कम्पनी ठूलो आर्थिक घाटाको मारमा परेका छन् । परम्परागत र दिगो ऊर्जा स्रोत दुवैमा किन लगानी गर्ने ? यो प्रश्नको जवाफ लामो समयदेखिको राष्ट्रिय रणनीति हो, अर्थात नवीकरणीय क्षमता विस्तार गर्नुअघि पर्याप्त मात्रामा आधारभूत विद्युत् आपूर्तिका निर्माण गर्नु हो । तर, कोप- २८ मा झिले नयाँ अवधारणा पेस गरेका छन् । उनले जीवाश्म इन्धनलाई विस्तारै नवीकरणीय ऊर्जाले प्रतिस्थापन गर्नु चिनियाँ प्रतिबद्धता रहेको बताएका छन् ।

इन्जिनियरको मुलुक : विकसित मुलुकमा धेरै स्वच्छ ऊर्जासम्बन्धी कार्यलाई ऊर्जा अर्थशास्त्रीले हेर्छन् र यिनले व्यवहार परिवर्तनको प्रोत्साहनमा जोड दिन्छन् । चीन इन्जिनियरको मुलुक हो जसले जलवायु चुनौतीलाई आर्थिक नभई प्राविधिक रूपमा हेर्छ । सन् २००७ मा चीनले जलवायु समस्याको प्राविधिक समाधानका लागि आह्वान गर्दै जलवायुसम्बन्धी राष्ट्रिय कार्य योजना जारी गरेको थियो । निजी र सरकारी स्वामित्वका कम्पनीले यसमा सक्रिय ढंगले सकारात्मक प्रतिक्रिया जनाएका थिए । १५ वर्षपछि चीन प्रत्येक न्यून कार्बन उत्सर्जन पहलकदमीमा अग्रणी स्थानमा छ । नवीकरणीय ऊर्जा क्षमतामा चीनको अवस्थामा अचम्मलाग्दो छ, अर्थात् विश्वको कुल नवीकरणीय ऊर्जाको एकतिहाइ हिस्सा चीनले ओगटेको छ । त्यसैगरी, चीन विद्युतीय इलेक्ट्रिक वाहन उत्पादन र बिक्रीमा विश्वमै अग्रणी स्थानमा छ । सन् २०२३ मा जलविद्युत्, वायु, सौर्य, जैविक ऊर्जा र आणविक क्षेत्रजस्ता न्यून कार्बन स्रोतले चीनको विद्युत् उत्पादन क्षमताको ५३ प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ ।

स्वच्छ ऊर्जामा चीनको फड्को : चीनको विशाल घरेलु बजार र वायु एवं सौर्यको व्यापक प्रयोगले नवीकरणीय लागत घटाउन योगदान पुऱ्याएको छ । चीनको यो किफायती हरित ऊर्जा विकासशील राष्ट्रका लागि



तस्बिर : सटरस्टक

पनि किफायती हुन्छ । सन् २०१२ मा छिडहाई प्रान्तमा चाइना पावर इन्भेस्टमेन्ट कर्पोरेसनले १५ दशमलव सात गिगावाटको सौर्य परियोजना स्थापना गऱ्यो जसले अन्तरिम विद्युत्को विश्वसनीयतालाई सुनिश्चित गऱ्यो । सन् २०२२ मा सरकारले सिनजियाङ, इनर मंगोलिया र गान्सुमा पर्ने गोबी मरुभूमिमा पाँच सय गिगावाटबराबरको सौर्य र वायु परियोजना स्थापना गर्ने योजना अघि सारेको थियो ।

यी पहलले चीनको स्वच्छ ऊर्जालाई प्रोत्साहन गर्नेछ र मरुभूमि विस्तारको सामना गर्नेछ । छिडहाई प्रान्तको सौर्य उर्जा योजनाले सौर्य प्यानलले बालुवाको गतिलाई स्थिर बनाउँछ, सूर्यको किरणलाई सोस्छ, पानीको वाष्पीकरण घटाउँछन् र बिरुवाको अस्तित्वलाई बढाउँछ भन्ने देखाएको छ । चीन प्राविधिकेन्द्रित हुनाले सौर्य ऊर्जा एवं नुन उत्पादनलाई एकैपटक सम्भव तुल्याएको छ, समुद्रमा तैरिने सौर्य परियोजना बनेको छ र विविध ऊर्जा भण्डारणको निर्माण भएको छ । कोप- २८ मा साझेदार बने पनि अमेरिकाले गत वर्षको मुद्रास्फीति न्यूनीकरण ऐनका कारण महत्त्वपूर्ण लगानी हासिल गरेर चीनसँग प्रतिस्पर्धा गर्न खोज्दै छ ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार सन् २०५० सम्ममा नेट-जिरो उत्सर्जनमा पुग्नका लागि आवश्यक कटौतीको आधा हिस्सा हाल परीषण वा प्रारम्भिक विकासको चरणमा रहेका प्रविधिबाट आउने जनाएको छ । यी प्रविधिमा किफायती हरियो हाइड्रोजन, उन्नत आणविक ऊर्जा, सुधारिएको सौर्य एवं वायु ऊर्जा, र जीवाश्म इन्धनको प्रयोगबाट आउने कार्बन कब्जा र भण्डारण गर्ने प्रभावकारी विधि समावेश छन् ।

कोप- २८ मा चीनको उपलब्धि : चीनले २०३० सम्ममा नवीकरणीय क्षमतालाई तीन गुणा बढाउन र विश्वव्यापी मिथेन उत्सर्जनलाई सम्बोधन गर्ने योजनालाई समर्थन गर्छ । यद्यपि, चीनले अमेरिकाको कुल गार्हस्थ्य उत्पादनलाई आवश्यक ऊर्जाको ५० प्रतिशतभन्दा बढी र जापानको मामिलामा दुई गुणा बढी ऊर्जा प्रयोग गर्छ । र, चीनले अहिलेसम्म ऊर्जा खपत घटाउन उल्लेख्य लगानी गरेको छैन । अमेरिका र चीनले नोभेम्बरमा उद्योग, भवन, यातायात र उपकरणमा संयुक्त ऊर्जा दक्षता कार्य पुनः सुरु गर्न सहमत भएसँगै यसमा परिवर्तन भने आउन सक्छ ।

(छु ग्रिफिथ विश्वविद्यालयका गभर्नेन्स एन्ड पब्लिक पोलिसीका प्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

इजरायल–गाजा युद्धले रणभूमि बन्दै समाचार कक्ष

कमिटी टु प्रोजेक्ट जर्नालिस्ट (सिपिजे)का अनुसार ७ अक्टोबरदेखि ६ डिसेम्बरसम्ममा गाजापट्टी र आसपासका ६३ जना पत्रकार मारिएका छन्



नोभेम्बर ३ मा इजराजयली सेनाको हमलामा आफ्नै घरमा परिवारका सदस्यसँगै मारिएका प्यालेस्टेनी टेलिभिजन संवाददाता मोहमद अबु हताबको अन्तिम संस्कारमा सहभागी सहकर्मी। *तस्बिरः अबेद जागोट/अनादोलु*



● सोमदिप सेन

(सेन रोसकाइल्ड युनिभर्सिटीको इन्टरनेसनल डेभलपमेन्ट स्टडिजका सहप्राध्यापक हुन्।)

केही समयअघि संसार एकदमै अस्वाभाविक तस्बिरहरूको साक्षी बन्यो। एकातिर हामीले आफ्नो स्क्रिनमा प्यालेस्टेनी टिभी पत्रकार सलमान अल-बसिरलाई देख्यौं। सहकर्मी मोहम्मद अबु हताबको मृत्युको खबरपछि उनी शोकमग्न थिए। हताब मृत्यु हुनुभन्दा ३० मिनेटअघिसम्म अन एयरमा थिए। घर फर्किएलगत्तै उनी इजरायली हवाई आक्रमणमा परे, परिवारका ११ जना सदस्यसँगै उनी मारिए।

अलबसिरले आँसु झार्दै भने, 'हामी अब सहन सक्दैनौं। हामी थकित छौं, हामी यहाँ पीडित बनेका छौं र सहिद हाम्रो मृत्युको पर्खाइमा छन्। हामी एकपछि अर्को गर्दै मृत्युको मुखमा धकेलिएका छौं। कसैलाई पनि गाजामा भएको ठूलो विपत्ति र अपराधको वास्ता छैन।' बमबाट जोगिन शरीरमा लगाएका सुरक्षात्मक कवच खोल्दै उनले भने, 'हाम्रो कुनै सुरक्षा छैन, कुनै पनि प्रतिरक्षा छैन, यो सुरक्षा सामग्रीले हामीलाई सुरक्षा गर्दैन र यी हेलमेट होइनन्।'

हामीले गाजामा इजरायली सेनाको ग्राउन्ड अपरेसनपछि सिएनएनका चित्र सावधानीपूर्वक कोरियोग्राफ र छनोट गरिएको देख्यौं। सिएनएनलाई तिनीहरूसँग आबद्ध (युद्धको रिपोर्टिङ गर्दा सैन्य एकाइमा पत्रकारको रूपमा संलग्न) गरिएको थियो। इजरायली हवाई सहयोगसँगै गाजामा प्रवेश गर्ने सर्तमा मिडिया आउटलेटले 'प्रकाशन गर्नुअघि सबै सामग्री र फुटेज इजरायली सेनालाई समीक्षाको लागि बुझाउनुपर्छ'। सिएनएन यी सर्तहरूमा सहमत भएको थियो।

सञ्चारमाध्यम र पत्रकारिता यस इजरायल-गाजा युद्धको केन्द्रीय रणभूमि बनेको छ। गाजाबाट कसरी युद्धको रिपोर्ट गरिएको छ भन्ने संघर्षमा पत्रकार मुख्य रूपमा पीडित छन्। डिसेम्बर ३ मा दक्षिणी गाजापट्टीको रफाह सहरमा इजरायली हवाई हमलामा अलमाजेदत नेटवर्ककी प्यालेस्टिनी पत्रकार सिमा एल-गज्जर उनको परिवारका सदस्यहरूसँगै मारिइन्। नोभेम्बर २३ मा मध्यगाजाको नुसेरात शरणार्थी शिविरमा रहेको घरमा भएको हवाई हमलामा पत्रकार मोहम्मद मोइन अयास र उनको परिवारका करिब २० सदस्यको ज्यान गएको थियो। नोभेम्बर १९ मा स्वतन्त्र प्यालेस्टिनी मिडियाको विकासलाई समर्थन गर्ने गैरलाभकारी संस्था प्रेसहाउस-प्यालेस्टाइनका निर्देशक बिलाल जदल्लाह आफ्नो कारमा सवार रहेकै वेला इजरायली हवाई आक्रमणमा मारिए।

त्यसअघि नोभेम्बर ७ मा प्यालेस्टिनी पत्रकार मोहम्मद अबु हसिरा गाजा सहरनजिकैको आफ्नो घरमा इजरायली हवाई आक्रमणमा परिवारका ४२ सदस्यसहित मारिएका थिए। दुई दिनअघि मात्रै प्रेसहाउस-प्यालेस्टाइनका लागि अर्का मिडिया कार्यकर्ता मोहम्मद अल-जाजा आफ्नी श्रीमती र दुई छोराछोरीसहित उत्तरी गाजामा भएको हवाई आक्रमणमा मारिएका विभिन्न सञ्चारमाध्यमले रिपोर्ट गरेका थिए।

अक्टोबर ३० मा प्यालेस्टाइन टिभीका लागि वित्त र प्रशासनका उपनिर्देशक नाज्मी अल-नदिम पनि आफ्ना परिवारका सदस्यहरूसँगै हवाई आक्रमणमा मारिएका थिए। अक्टोबर २६ मा अल जजिरा अरबी ब्युरो प्रमुख वेल दहदौहले नुसेरात शिविरमा हवाई हमलामा मारिएका आफ्नी 'श्रीमती, छोरा, छोरी र नाति'लाई अन्त्येष्टि गरेको दृश्यको विश्व साक्षी बनेको थियो। एक विज्ञप्तिमा इजरायली सेनाले दाबी गरेको छ कि उसले 'उक्त क्षेत्रमा आतंकवादी पूर्वाधार'लाई निसाना बनाएको छ।

अक्टोबर १३ मा प्रख्यात रोयटर्स पत्रकार इसाम अब्दल्लाह (उनले 'प्रेस' शब्द लेखेको सुरक्षात्मक कवच लगाएका थिए) इजरायल-लेबनान सीमापार गरेको इजरायली रकेटबाट मारिए।

कमिटी टु प्रोजेक्ट जर्नालिस्ट (सिपिजे)का अनुसार अक्टोबर ७ देखि डिसेम्बर ६ सम्मको अवधिमा गाजापट्टी र आसपासका ६३ जना पत्रकार र सञ्चारकर्मी (अधिकांश प्यालेस्टाइनी) मारिएका छन्। रिपोर्टर्स विदाउट बोर्डर्सका मध्यपूर्व ब्युरो प्रमुख जोनाथन डाघेरले भने, 'गाजापट्टीमा के भइरहेको छ यो पत्रकारिताका लागि दुःखद घटना हो... अवस्था जरुरी छ। हामी गाजापट्टीमा पत्रकारहरूको सुरक्षाका लागि आह्वान गर्दछौं र विदेशी पत्रकारहरूलाई यस क्षेत्रमा प्रवेश गर्न अनुमति दिनुहोस्, ताकि उनीहरू स्वतन्त्र रूपमा काम गर्न सकून्।'

यद्यपि, यो तनाव युद्धको रिपोर्ट कसले गर्ने भन्ने मात्र होइन, यो युद्ध कसरी रिपोर्ट गरिएको छ भन्ने पनि हो। घटनाहरू वर्णन गर्न अन एयरमा प्रयोग गरिने शब्द, वाक्यांश र तस्बिरले धेरै अर्थ राख्छन्। एक कुराकानीको क्रममा सेन्ट लरेन्स विश्वविद्यालयका ग्लोबल स्टडिजका प्रोफेसर र स्वतन्त्र समाचार आउटलेट विभ न्युजका निर्देशक जोन कोलिन्सले मलाई सम्झाए, 'शब्दले हाम्रा लागि वास्तविकता निर्माण गर्दछन्। युद्धकालमा

> युद्धकालमा पत्रकारहरूले प्रयोग गरेका शब्दले हामीलाई के भइरहेको छ र किन भइरहेको छ भनेर स्पष्ट पार्न सहयोग गर्ने मानिन्छ। तर, अक्सर ती शब्दले हामीलाई विचलित गर्न, हामीलाई बहकाउने वा शक्तिशालीलाई जवाफदेहिताबाट जोगाउने काम गर्दछन्।

पत्रकारहरूले प्रयोग गरेका शब्दले हामीलाई के भइरहेको छ र किन भइरहेको छ भनेर स्पष्ट गर्न सहयोग गर्ने मानिन्छ। तर अक्सर, ती शब्दहरूले हामीलाई विचलित गर्न, हामीलाई बहकाउने वा शक्तिशालीलाई जवाफदेहिताबाट जोगाउने काम गर्दछ।'

यो भ्रामक धेरै मौलिकस्तरमा हुन्छ जसरी प्यालेस्टिनीको मृत्युबारे समाचारमा वर्णन गरिएको छ। प्यालेस्टिनीहरू 'मरे' भनिएको छ भने इजरायलीहरू 'मारिएका' छन् भन्ने शब्द प्रयोग भएका छन्। पछिल्लो वाक्यांशले कसैको हत्याको सक्रिय कार्यलाई स्वीकार गर्दछ।

निःसन्देह, प्यालेस्टिनीको मृत्युको संख्या न्यूनीकरण पनि भयो, जब राष्ट्रपति बाइडेनले गाजामा स्वास्थ्य मन्त्रालय हमासद्वारा सञ्चालित भएकाले संख्याको शुद्धतामा प्रश्न उठाए। उनले भने, 'म पक्का छु कि निर्दोष मारिएका छन् र यो युद्धले ठूलो मूल्य चुकाएको छ। तर, प्यालेस्टिनीहरूले दिइरेको संख्यामा मलाई विश्वास छैन।' यस्तो आरोपले प्रभावकारी रूपमा प्यालेस्टिनी पीडाको वास्तविक गम्भीरताका बारेमा शंकाको बीउ रोपेको छ।

मिडिया आउटलेटले यो चलिरहेको युद्धको 'किन', 'कसरी' र 'अब के हुन्छ'लाई कसरी ढाँचा दिन्छन् त्यसले जनमतलाई आकार दिन्छ। गलत सूचना र प्रचारका विद्वानका रूपमा निकोलस रबले अमेरिका र इजरायली मिडियाद्वारा 'भ्रामक बयानबाजी र लगातार एकतर्फी कभरेज'ले 'प्यालेस्टिनीहरूको निर्दोष राक्षसीकरण'को लागि अनुमति दिएको पत्ता लगाए।

- अलजजिराबाट

इतिहासमा आज

डिसेम्बर १७



सन् २०१० : सन् २०१० मा देशको आर्थिक अवस्थाको विरोध गर्दै ट्युनिसियाका सडक व्यापारी मोहमद बोउजिजीले आगो लगाएर आत्मदाह गरे। शरीरमा आगो लगाएको १८ दिनपछि २६ वर्षीय मोहमदको मृत्यु भयो। सरकारको विरुद्धमा उनको निर्मम कदम र मृत्युले अरब देशहरूमा क्रान्तिको बिजारोपण सुरु गऱ्यो। ट्युनिसियाको आगोको झिल्को सम्पूर्ण अरब देशहरूमा फैलियो। ट्युनिसियाका तत्कालीन राष्ट्रपति जिने इल अबिदिने बेन अलीले राजीनामा दिएसँगै फैलिएको अरब आन्दोलनले त्यस क्षेत्रका विभिन्न देशमा असर गरेको थियो।

सन् १९०३ : अमेरिकीका दाजुभाइ ओरभिल र विलबर राइटले आविष्कार गरेको जहाजले आजकै दिन पहिलो उडान भरेको थियो।

सन् १९८९ : अमेरिकाको लोकप्रिय एनिमियटेड शृंखला दी सिम्पसनको आजकै दिनबाट टेलिभिजनमा प्रसारण सुरु भएको थियो। म्या ग्रोइनिङले निर्देशन गरेको सो शृंखलामा सिम्पसनको परिवारको जीवनबारे चित्रण गरिएको थियो।

सन् १९९२ : उत्तर अमेरिकी स्वतन्त्र व्यापारसम्झौता (नाफ्टा)मा मेक्सिको, क्यानडा र संयुक्तराज्य अमेरिकाका नेताहरूले हस्ताक्षर गरे। यसलाई सन् २०२० मा अमेरिका-मेक्सिको-क्यानाडा सम्झौताले प्रतिस्थापन गऱ्यो।

सन् २०११ : उत्तर कोरियाली शासक किम जोङ इलको निधन। उनको मृत्युपछि वर्तमान कोरियाली नेता किम जोङ उन उत्तराधिकारी बनेका थिए।

विश्व संक्षेप

अमेरिकामा घरबारविहीनको संख्यामा उल्लेख्य वृद्धि

न्युयोर्क/ अमेरिकामा घरबारविहीन हुनेको संख्या यस वर्ष कीर्तिमानीस्तरमा पुगेको छ। सरकारले सार्वजनिक गरेको उक्त प्रतिवेदनमा सो जानकारी दिइएको हो। अमेरिकी आवास तथा सहरी विकास विभागका प्रमुखले गरेको गणनाअनुसार डिसेम्बरसम्ममा देशभर ६ लाख ५३ हजार १०० भन्दा बढी मानिस घरबारविहीन भएका छन्। यो संख्या अघिल्लो वर्षको तुलनामा ७० हजार ६ सय ५० अर्थात् १२ प्रतिशत बढी हो र सन् २००७ मा तथ्यांक संकलन सुरु भएयताकै सबैभन्दा बढी हो। अफ्रिकी अमेरिकीहरू कुल अमेरिकी जनसंख्याको १३ प्रतिशत छन्, तर घरबारविहीन भएकामध्ये ३७ प्रतिशत अफ्रिकी अमेरिकीहरू रहेका छन्।

सन् २०२२ देखि २०२३ को बीचमा पहिलो भाषाका रूपमा स्पेनी भाषा प्रयोग गर्ने भनेर पहिचान गर्ने व्यक्तिमा घरबारविहीन हुनेको संख्यामा २८ प्रतिशत अर्थात् ३९ हजार १०६ जनाले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ। सन् २०१२ देखि नै घरबारविहीन अवस्थामा रहेका बालबालिकाको संख्या पनि १६ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ। जनवरीमा घरबारविहीन भएका ६ लाख ५३ हजार १०० मध्ये हरेक १० जनामा ६ जना आश्रयस्थल वा अन्य अस्थायी आवासमा थिए भने १० मध्ये चारजना मानवबस्तीका लागि नबनेको ठाउँमा थिए।

सातवटा अन्तरमहादेशीय मिसाइल प्रक्षेपण गर्ने रुसी योजना

मस्को/ रुसले सन् २०२४ मा सातवटा अन्तरमहादेशीय मिसाइल प्रक्षेपण गर्ने रणनीतिक योजना बनाएको छ। रुसी मिसाइल फोर्सका रणनीतिक कमान्डर लेफ्टिनेन्ट जनरल सर्गेई काराकायेभले सो जानकारी दिएका हुन्। रुसबाट प्रकाशित रेड स्टारसँगको अन्तर्वार्तामा काराकायेभले पछिल्लो पाँच वर्षमा रुसी सेनाले परिक्षण तथा तालिमका लागि २० वटाभन्दा बढी मिसाइल प्रक्षेपण गरेको बताए।

काराकायेभले ओरेनवर्ग क्षेत्रको यास्नी पूर्वाधार प्रयोग गरी परिक्षण गरिएको बताउँदै आगामी वर्ष थप सातवटा प्रक्षेपण गर्ने योजना रहेको उल्लेख गरे। रुस तथा संयुक्त अमेरिकाबीच अन्तरदेशीय मिसाइल र पन्डुबीहरू प्रक्षेपणको योजनाका विषयमा सूचना आदान-प्रदान जारी रहेको काराकायेभले बताए। उनका अनुसार रुस र अमेरिकाले एक-अर्कोलाई प्रक्षेपणको विषयमा एक दिनअघि नै जानकारी प्रदान गर्ने प्रचलन रहेको छ। स्रोतका अनुसार पूर्वसोभियत संघ तथा संयुक्तराज्य अमेरिकाबीच सन् १९८८ को सन्धिअनुसार क्षेप्यास्त्र परिक्षणको कम्तीमा २४ घन्टाअगाडि सूचना लिने-दिने सम्झौता भएको थियो। सूचनाले प्रक्षेपणको मिति, स्थान तथा हतियारको प्रभावको बारेमा संकेत गर्छ।

चमक हराउँदै गएका युक्रेनी राष्ट्रपति जेलेन्स्की

युक्रेनको 'बहादुर' र 'न्यायिक' लडाइँसँग ऐक्यबद्धताको सामूहिक प्रदर्शन महिनौंअघिदेखि क्रमशः गायब हुँदै गयो



● एन्ड्रिउ मित्रोभिका



भोलोदिमिर जेलेन्स्की युद्ध लड्ने बिर्सिएका व्यक्ति हुन्। युक्रेनी राष्ट्रपतिको आगोको झिल्कोले उचाइ र चमक दुवै गुमाएको छ, किनकि रुसको दमनकारी आक्रमण दुई वर्षनजिक पुगेको छ। पुरानो युद्ध एक ठूलो गतिरोधमा परिणत भएको छ। अतिरञ्जन गरिएको युक्रेनी हमला अहिले सुस्त बनेको छ। र, प्रतिज्ञा गरिएको ब्रेकथ्रु अस्पष्ट छ। घातक ढंगले जस्तालाई तस्तै शैलीको आक्रमण-प्रत्याक्रमण दुर्भाग्यपूर्ण दैनिकी बनेको छ। सहनशिलताले आक्रोशलाई विस्थापित गरेको छ। विजय रणनीति वा अनुमान गर्न सकिने पहुँचभन्दा टाढा छ।

यस्तो देखिन्छ कि संसार युक्रेनबाट थाकेको छ, भर्नौं भने यो युद्ध दिक्कलाग्दो छ। तसर्थ, एकपटक जेलेन्स्कीको साहस र भावुक प्रवचनमा युक्रेनी प्रतिरोधको प्रशंसा गर्ने स्तम्भकारहरूले धेरै हदसम्म दुवैलाई त्यागेका छन्। अमेरिकी कंग्रेस र संसद्लाई सम्बोधन गर्ने निमन्त्रणा पनि समाप्त भयो, जहाँ आफ्नो ट्रेडमार्क हरियो जर्सीमा सजिएका जेलेन्स्कीलाई एक धुर्त, आधुनिक योद्धा र मुक्तिदाताको रूपमा सम्मानित गरिएको थियो। युक्रेनको 'बहादुर' र 'न्यायिक' लडाइँसँग ऐक्यबद्धताको सामूहिक प्रदर्शन धेरै महिनाअघि गायब भयो। युक्रेन अब महत्त्वपूर्ण, सहानुभूतिपूर्ण 'समाचार' रहेन।

भर्खरै जेलेन्स्की र युक्रेनका लागि खराब समाचार आएको छ, आंशिक रूपमा थकित ह्वाइट हाउसबाट युक्रेनबारे अमेरिकी रणनीतिको अस्पष्ट चुहावट। पोलिटिकोको लोकप्रिय अनलाइनमा एक सनसनीपूर्ण शीर्षकमा लेखिएको छ, 'युक्रेनबारे चुहावट भएको अमेरिकी रणनीतिले भ्रष्टाचारलाई वास्तविक खतराको रूपमा हेर्छ।

समाचारको मुख्य वाक्य पनि उत्तिकै तिरस्कारपूर्ण थियो र अमेरिकाको र सायद अझ विशेष गरी साहसी युक्रेनप्रति अमेरिकी राष्ट्रपति जो बाइडेनको अटल स्नेह घट्न थालेको स्पष्ट संकेत थियो। 'युक्रेनको भ्रष्टाचारबारे बाइडेन प्रशासनका अधिकारी तिनीहरूले सार्वजनिक रूपमा स्विकारेभन्दा धेरै चिन्तित छन्,' अगाडि लेखिएको छ '...त्यो भ्रष्टाचारले पश्चिमा सहयोगीहरूलाई रुसको आक्रमणविरुद्ध युक्रेनको लडाइँ त्याग्न सक्छ र किभले भ्रष्टाचारविरोधी प्रयासलाई रोक्न सक्दैन।' जेलेन्स्कीका लागि यो ठूलो समस्या हो।

मलाई शंका छ कि समय र परिस्थिति उनको (जेलेन्स्कीका) सहयोगी होइनन् भन्ने उनलाई थाहा छ। चाँडै युरोप र वासिङटनमा सधैंजसो वर्तमानमा चिन्तित उनका साथीहरू चाँडै घट्दै गएको अतीतमा रुचि गुमाउनेछन्। तिनीहरूको 'कठोर इच्छा' बिस्तारै तर निश्चित रूपमा राजीनामाद्वारा विस्थापित हुँदै छ। बिरामी पुटिन र उनको साम्राज्यवादी योजनालाई टाढा राख्न जेलेन्स्कीलाई धेरै रकम आवश्यक छ। युक्रेन युद्धमा यसअघि नै अर्बौं खर्च भइसकेको छ।

> पुटिन र उनको साम्राज्यवादी योजनालाई टाढा राख्न जेलेन्स्कीलाई धेरै रकम आवश्यक छ। युक्रेन युद्धमा यसअघि नै अर्बौं खर्च भइसकेको छ। अब अमेरिकी संसद् र युरोपेली संघले युक्रेनको सुविधासम्पन्न बैंकका रूपमा काम गरिरहने सम्भावना धमिलो हुँदै छ।

अब अमेरिकी संसद र युरोपेली संघले युक्रेनको सुविधासम्पन्न बैंकको रूपमा काम गरिरहने सम्भावना धमिलो हुँदै छ। सम्पूर्ण महाद्वीपका कोष चाँडै बन्द हुँदै छन्। 'म स्पष्ट हुन चाहन्छु- कंग्रेसको पहलविना वर्षको अन्त्यसम्म हामीसँग युक्रेनका लागि थप हतियार र उपकरण किन्न र अमेरिकी सैन्य स्टकबाट उपकरण उपलब्ध गराउन स्रोत समाप्त हुनेछ,' ह्वाइटहाउसका प्रबन्ध तथा बजेट कार्यालयका प्रबन्धकले भने। 'यस क्षणलाई सम्बोधन गर्न कोषको कुनै जादुई भाँडो उपलब्ध छैन। हामीसँग पैसा छैन र लगभग समय सकियो,' उनले थपे।

अझै, युक्रेनको बयानबाजी संकल्प अक्षुण्ण छ। युक्रेनी विदेशमन्त्रीले हालै ब्रसेल्समा भेला भएका अन्य कूटनीतिज्ञहरूलाई युक्रेन 'पछाडि नहट्ने' आश्वासन दिए। 'हामीले जारी राख्नुपर्छ, हामीले संघर्ष गरिरहनुपर्छ। युक्रेन पछि हट्नेछैन', विदेशमन्त्री दिमित्रो कुलेबाले भने, 'यहाँ मुद्दा युक्रेनको सुरक्षा मात्र होइन, यो सम्पूर्ण युरो-एटलान्टिक स्पेसको सुरक्षा सवाल हो।' उनको रोदनले आफ्नो शक्ति गुमाएको छ। साझा उद्देश्य र लक्ष्यका लागि गरिएको आह्वान कीर्तिमानी स्किपिङजस्तै थकित देखिन्थ्यो। परराष्ट्रमन्त्रीको बकबासले प्रमाण छिपाउन सक्दैन, थकान सुरु भइसकेको छ।

क्षितिजमा एक आक्रोशित व्यक्तित्व र एक खतरा प्रस्ट रूपमा देखिएका छन्। डोनाल्ड ट्रम्पले जेलेन्स्कीको दिमागलाई भयभीत पार्नुपर्छ। यसबीचमा, अर्को 'युद्ध'ले जेलेन्स्की र उनको कमजोर आधारका लागि भइरहेका सहयोगमा चुनौती दिइरहेको छ। मलाई लाग्छ जेलेन्स्कीले यो बुझ्छन्।

उनले यो पनि बुझ्छन् कि युक्रेनलाई रोक्न र थप असान्दर्भिकतातर्फ जानबाट फर्काउनका लागि कुनै ठोस काम गर्न पनि उनी शक्तिहीन छन्। यसैले गत साता नेटोका महासचिव जेन्स स्टोल्टनबर्गले आफ्ना सहकर्मीहरूलाई 'मार्गमा रहन' निराशपूर्ण अनुरोध गरेका थिए। त्यो एउटा त्यस्तो सहमतिको मार्ग हो जसले कते लैजाँदैन।

(मित्रोभिका अलजजिरका स्तम्भकार हुन्)

घट्दै छ ब्याजदर

पुसका लागि वाणिज्य बैंकहरूले घटाएर ब्याजदर सार्वजनिक गरेका छन्

पवन तिमिल्सिना / नयाँ पत्रिका


लगानीयोग्य पुँजी थुप्रिन थालेपछि वाणिज्य बैंकहरूले निक्षेपको ब्याजदर घटाउन थालेका छन् । खासगरी मुद्दती निक्षेपको ब्याजदरमा बैंकहरूले कटौती गर्न सुरु गरेका छन् । बैंकहरूले पुसका लागि सार्वजनिक गरेको नयाँ ब्याजदरले यस्तो देखाएको हो । नयाँ दरअनुसार प्राइम कमर्सियल बैंकबाहेक सबै बैंकको ब्याजदर एकल अंकमा कायम भएको छ ।

एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले बजारमा कर्जाको माग नभएर बैंक तथा वित्तीय संस्थामा निक्षेप थुप्रिएकाले ब्याजदर घट्दै गएको बताए । निक्षेप थुप्रिए पनि केही महिनाअघि बैंकहरू खोसाखोस हुने त्रासले ब्याजदर घटाउन तयार थिएनन् । तर, अहिले ब्याजदर घट्दा पनि निक्षेप थुप्रिने अवस्था रहेकाले धमाधम ब्याजदर घटाउनुपरेको उनको भनाइ छ । उनले भने, 'ब्याजदर घट्ने क्रममा छ । कर्जाको माग नभएको अवस्था निक्षेप थुप्रिएर बसेको छ । ब्याजदर घटबढ हुने बजारकै कारण हो । अहिले बजार सुस्त भएकाले ब्याजदर घटेको हो । बजार चलायमान हुने भएपछि मात्रै ब्याजदर बढ्ने हो ।'

नेपाल राष्ट्र बैंकका अनुसार गत मंगलबारसम्ममा कुल निक्षेप संकलन ५९ खर्ब ८९ अर्ब पुगेको छ । जसमा वाणिज्य बैंकहरूको मात्रै ५२ खर्ब ९८ अर्ब छ । कुल कर्जा प्रवाह ४९ खर्ब ८९ अर्ब पुगेकोमा वाणिज्य बैंकमार्फत ४४ खर्ब १४ अर्बको कर्जा प्रवाह भएको केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ । बैंक तथा वित्तीय संस्थाको कर्जा निक्षेपको अनुपात ८०.५ प्रतिशत कायम छ ।

घट्दो ब्याजदरले अर्थतन्त्रको सुस्त गतिलाई संकेत गरेको खालिङको टिप्पणी छ । राष्ट्र बैंकले मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत नीतिगतदर तथा बैंकदर घटाए पनि त्यसको असर बजारमा खासै नपर्ने उनले बताए । बैंक तथा वित्तीय संस्थाहरूले राष्ट्र बैंकबाट ऋण लिनै नपर्ने अवस्थामा नीतिगत दर सस्तो हुनुले ब्याजदरमा खासै प्रभाव नपार्ने उनको भनाइ छ ।

ब्याजदर निर्धारणमा राष्ट्र बैंकको नियन्त्रण कायमै रहेकाले सोचेजस्तो ब्याजदर घट्न नसकेको निजी क्षेत्रको भनाइ छ । नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवालले केन्द्रीय बैंकको बैंकहरूलाई मात्रै संरक्षण गर्ने विभेदकारी नीतिले ब्याजदर अपेक्षित रूपमा घट्न नसकेको बताए । १० प्रतिशतभन्दा बढी घटाउन नमिल्ने व्यवस्थाले निक्षेपको ब्याजदर अपेक्षित रूपमा नघटेको उनको भनाइ छ । उनले भने, 'हामीले हेर्दा बैंकहरूलाई बढी नै संरक्षण गर्दा यस्तो अवस्था आएको छ । केन्द्रीय बैंकको १० प्रतिशतभन्दा बढी घटाउन दिएको छैन । बढाउँदा यो व्यवस्था ल्याएको थियो । तर, अब सहज परिस्थितिमा किन कायम राख्नुपऱ्यो ?'



ब्याजदरमा १० प्रतिशतको सीमा हटाउनुपर्छ

● **राजेश अग्रवाल**
अध्यक्ष, नेपाल उद्योग परिसंघ



हामीले हेर्दा बैंकहरूलाई बढी नै संरक्षण गर्दा यस्तो अवस्था आएको छ । केन्द्रीय बैंकको १० प्रतिशतभन्दा बढी घटाउन दिएको छैन । बढाउँदा यो व्यवस्था ल्याएको थियो । १० प्रतिशत मात्रै घटाउँदा ब्याजदर अपेक्षित रूपमा घट्न सकेको अवस्था छैन । दोस्रो आधार दरसम्बन्धी व्यवस्था नै खारेज गर्नुपर्छ । कुनै एक व्यवसायको नाफा सुनिश्चित किन गरिदिने ? बैंकको अवस्था मात्रै हेरेर यो समस्या आएको हो । खुला गर्नुपर्छ ।

घटेको नीतिगत दरले खासै फरक पर्दैन

● **सुदेश खालिङ**
एभरेस्ट बैंकका प्रमुख कार्यकारी अधिकृत



राष्ट्र बैंकले मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत नीतिगत दर तथा बैंकदर घटाए पनि त्यसको असर बजारमा खासै पर्दैन । बैंक तथा वित्तीय संस्थाहरूले राष्ट्र बैंकबाट ऋण लिनै नपर्ने अवस्थामा नीतिगत दर सस्तो हुनुले ब्याजदरमा खासै प्रभाव नपार्ने देखिन्छ । बजारमा कर्जाको माग नभएर बैंक तथा वित्तीय संस्थामा निक्षेप थुप्रिएकाले ब्याजदर घट्दै गएको छ । निक्षेप थुप्रिए पनि केही महिनाअघि बैंकहरू निक्षेप खोसाखोस हुने त्रासले ब्याजदर घटाउन तयार थिएनन् । तर, अहिले ब्याजदर घट्दा पनि निक्षेप थुप्रिने अवस्था रहेकाले बैंकहरूले धमाधम ब्याजदर घटाउनुपरेको छ ।

त्यस्तै, बैंकहरूको नाफा सुनिश्चित गरिदिने उद्देश्य राख्ने आधार दरसम्बन्धी व्यवस्था नै खारेज गर्नुपर्ने माग उनको छ । उनले भने, 'सरकारले कुनै एक किसिमको व्यवसायको नाफा सुनिश्चित किन गरिदिने ? बैंकको मात्रै हेरेर यो समस्या आएको हो । अब खुला गर्नुपर्छ ।'

बैंकहरूले शनिबार प्रकाशित गरेको सूचनाअनुसार बैंकहरूको ब्याजदर मंसिर महिनाको तुलनामा घटेको छ । मंसिर महिनामा ९.७१ प्रतिशत औसतमा व्यक्तिगत मुद्दती ब्याजदर रहेको २० वटा वाणिज्य बैंकहरूले पुसमा ८.९९१ प्रतिशत कायम गरेका छन् । समग्रमा बैंकहरूको औसत ब्याजदर ०.६२ प्रतिशत विन्दुले घटेको छ ।

पुस महिनाका लागि २० मध्ये १८ वाणिज्य बैंकहरूले ब्याजदर घटाएका छन् । जसमध्ये सबैभन्दा बढी हिमालयन बैंकले घटाएको छ । मंसिर महिनामा व्यक्तिगत मुद्दती निक्षेपमा १०.६०३ प्रतिशत रहेको यस बैंकको अधिकतम ब्याजदर पुसमा २ प्रतिशत विन्दु घटेर ८.६०३ प्रतिशत कायम भएको छ । त्यसैगरी, एभरेष्ट बैंक, ग्लोबल आइएमई बैंक, लक्ष्मी सनराइज बैंक, माछापुच्छ्रे बैंक र नेपाल एसबिआई बैंकले १ प्रतिशत विन्दु ब्याजदर घटाएका छन् ।

प्रभु बैंक र सानिमा बैंकले भने मंसिर महिनाकै ब्याजलाई निरन्तरता दिएका छन् । यी दुबैको अधिकतम ब्याजदर ९ प्रतिशत रहेको छ ।
राष्ट्र बैंकले मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत बैंकदर घटाएसँगै बैंकहरूको निक्षेपको ब्याजदरमा समेत प्रभाव परेको हो । राष्ट्र बैंकले अघिल्लो शुक्रबार (मंसिर २२ गते) चालू वर्षको मौद्रिक नीतिको त्रैमासिक समीक्षा गर्दै बैंकदर ७.५ प्रतिशतबाट घटाएर ७ प्रतिशतमा ल्याएको थियो ।

साथै नीतिगत दरलाई ६.५ प्रतिशतबाट घटाएर ५.५ प्रतिशतमा ल्याएको छ । साथै, निक्षेप संकलन बोलकबोल दरलाई ४.५ प्रतिशतबाट घटाएर ३ प्रतिशतमा झारेको छ । यो पहलले बैंकहरूले पुसमा कम्तीमा १ प्रतिशत विन्दुले निक्षेपको ब्याजदर घटाएका हुन् ।

कुन बैंकको कति ?

व्यक्तिगत मुद्दतीतर्फ एनआइसी एसियाको ब्याजदर घटाएर ८.६७ प्रतिशत पुऱ्याएको छ । एनएमबिले ब्याजदर ९ प्रतिशत पुऱ्याएको छ । नबिल बैंकको ब्याजदर ८.६ प्रतिशत, राष्ट्रिय वाणिज्य बैंकको ८.६१ प्रतिशत र नेपाल इनभेष्टमेन्ट मेगा बैंकको ९.५ प्रतिशत कायम भएको छ । त्यस्तै, ग्लोबल आइएमईको ब्याजदर ८.६ प्रतिशत पुगेको छ भने हिमालयन बैंकको ब्याजदर ८.६०३ प्रतिशत कायम भएको छ । स्ट्यान्डर्ड चार्टर्ड बैंकको ब्याजदर ८.५६ प्रतिशत, कृषि विकास बैंकको ब्याजदर ९.०१२ प्रतिशत, एभरेस्टको ८ प्रतिशत, नेपाल एसबिआई बैंकको ९.६ प्रतिशत, ८.५५६ प्रतिशत, सिटिजन्सको ९.३५ प्रतिशत, कुमारीको ९.३१ प्रतिशत र लक्ष्मी सनराइजको ९ प्रतिशत कायम भएको छ । त्यस्तै, सिद्धार्थ बैंकको ब्याजदर ९.२५ प्रतिशत, प्राइमको १० प्रतिशत र माछापुच्छ्रे बैंकको ब्याजदर ९.६ प्रतिशत कायम भएको छ ।

औसत ब्याजदर १०.३३ प्रतिशतबाट ८.९९ प्रतिशतमा झऱ्यो

भदौयता व्यक्तिगत मुद्दती ब्याजदर औसतमा घट्दो क्रममा छ । भदौमा १०.३३ प्रतिशत पुगेको मुद्दती ब्याजदर घटेर पुसमा आइपुग्दा ८.९९ प्रतिशत कायम भएको छ । असोजमा १०.२६ प्रतिशत, कात्तिकमा ९.९६ प्रतिशत र मंसिरमा ९.७१ प्रतिशत कायम भएको थियो ।

त्यस्तै, संस्थागत मुद्दतीतर्फ समेत भदौयता ब्याजदर घटेको छ । भदौमा औसत ब्याजदर ८.२८ प्रतिशत रहेकोमा पुसमा ६.८८ प्रतिशत कायम भएको छ । असोजमा यस्तो ब्याजदर ८.२३ प्रतिशत, कात्तिकमा ७.८५ प्रतिशत र मंसिरमा ७.५४ प्रतिशत पुगेको थियो ।

चोभार सुक्खा बन्दरगाह निजी क्षेत्रबाट सञ्चालन सुरु

नयाँ पत्रिका

चोभार सुक्खा बन्दरगाह निजी क्षेत्रबाट सञ्चालनमा आएको छ । शुक्रबारबाट निजी क्षेत्रले विधिवत् रूपमा सञ्चालन गरेको इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले जानकारी दिए । अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट छनोट भएको ट्रान्स नेपाल टिआरएस लोजिपार्क प्रालिले बन्दरगाह सञ्चालन गरेको हो ।

यसका लागि गत १८ मंसिरमा नेपाल इन्टरमोडल यातायात विकास समिति र कम्पनीबीच सम्झौता भएको थियो । समितिको टर्मिनल पट्टाबहालमा दिनेसम्बन्धी सेवाले टेन्डर पेस गरेका थिए । त्यसमा ट्रान्स नेपाल छनोट भएको थियो ।

हाल देशका विभिन्न ठाउँमा सञ्चालन रहेका अन्य ६ वटा सुक्खा बन्दरगाह निजी क्षेत्रले नै सञ्चालन गरिरहेका छन् । काँकडभिट्टाको एक, तातोपानीको एक, वीरगन्जका दुई, विराटनगरको एक र भैरहवाको एउटा बन्दगाह निजी क्षेत्रले सञ्चालन गरिरहेको छ ।

देशको व्यापार सहजीकरणका लागि काठमाडौंमा व्यापारसम्बद्ध भौतिक पूर्वाधारको विकास गरी एकद्वार प्रणालीबाट आयात-निर्यातकर्तालाई सेवा प्रदान गर्ने नियमावली, २०७० बमोजिम सम्झौता भएको हो । उक्त सम्झौतामा समितिका निर्देशक युवक डंगोल र कम्पनीको म्यानेजिङ डाइरेक्टर मुकेशकुमार राठीले हस्ताक्षर गरेका थिए । कम्पनीले पाँच वर्षसम्म दुई करोड ८८ लाख रकम न्यूनतम पट्टा बहाल र नियमानुसार महसुल बाँडफाँट गर्ने गरी सम्झौता गरेको छ । गजुरेलले भने, 'भोलिका दिनमा जति धेरै ट्राफिक बढ्दै जान्छ, सोहीअनुसार हामी थप रकम पनि लिन्छौं ।'

गत चैत ०७८ देखि समितिले सञ्चालन गर्दै आएको चोभार सुक्खा बन्दरगाह निजी क्षेत्रलाई सञ्चालन गर्न दिने गरी ८ साउनमा ग्लोबल टेन्डर आह्वान गरेको थियो । त्यसमा ट्रान्स नेपाल र न्यु नेपाल ढुवानी तथा काठमाडौं प्रवेश गर्ने ढुवानी साधनलाई व्यवस्थित गर्ने उद्देश्यले नेपाल सरकारले चोभार सुक्खा बन्दरगाह निर्माण गरेको हो ।
तर, यो अझै प्रभावकारी रूपमा सञ्चालनमा आउन सकेको छैन । हालसम्मको यो नियमनकारी निकाय समितिले सधैं सञ्चालन गर्न नसक्ने हुनाले बन्दरगाह निजी क्षेत्रलाई सञ्चालन दिइएको हो । निजी क्षेत्रलाई सुम्पिएपछि यसको सञ्चालन प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

यो बन्दरगाह सीमा क्षेत्रमा नभएर धेरै भित्र छ । यो अवस्थामा सरकारबाट यसको सञ्चालन प्रभावकारी रूपमा गर्न नसकिने निष्कर्षसहित निजी क्षेत्रलाई सञ्चालनको जिम्मा दिइएको हो ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

प्रभु बैंक लिमिटेड शाखा कार्यालय बट्टार, नुवाकोटका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता भुक्तान गर्ने, धितोमा रहेको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८०/०५/०१ गते आईतबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ताभुक्तान गर्ने मिति समाप्त भईसक्दा र सो ऋण चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा तथा मिति २०७९/११/१२ गते शुक्रबारको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम बिक्री समेत नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमक्ता खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, बट्टार नुवाकोटमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८०/०९/१६ गते आईतबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, बट्टार नुवाकोटमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थितहुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझ्काई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानुन बमोजिम बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै ऋणिले कर्जा चुक्ता फछ्यौंट गरेमा बैंकद्वारा कुनै पनि बखत लिलामिको प्रक्रिया समाप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

१. **ऋणी** : प्रदेश सरकार, उद्योग, पर्यटन वन, तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यलय धुन्चे रसुवा प्रदेश नं. ३ नेपालमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/०९/१८ मा दर्ता नं. ५०४/०७५/०७६ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय बालाजु काठमाण्डौबाट मिति २०६८/०८/२६(मुअ.कर दर्ता मिति २०६९/१/२७) मा करदताको नाम राम शरण न्यौपाने कारोबारको नाम मनकामना प्याकिङ्ग एण्ड सप्लायर्स भई अतिरिक्त कारोवामा मिति २०७५/१०/०७ मा दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००३९७३८८ को प्रमाणपत्र प्राप्त **मनकामना सप्लायर्स फर्म । ठेगाना :** रसुवा जिल्ला कालिका गाउपालिका वडा नं. ३ कटुन्जे ।

प्रोपाइटर तथा जमानतकर्ता : रामशरण न्यौपाने (ना.प्र.नं. २३ ४९९९ जारी मिति २०५४/०१/१३ जारी गर्ने कार्यालय : जि.प्र.का रसुवा) । ठेगाना : रसुवा जिल्ला धैवुङ गा.वि.स.४ (हाल कालिका गा.पा.वडा नं. ३) । बाबु : चोवनाथ न्यौपाने । बाजे : खडानन्द न्यौपाने ।	**जमानतकर्ता : अम्बिका न्यौपाने** (ना.प्र.प.नं. २३३०१५/१९६ जारी मिति २०६३/१०/१० जारी गर्ने कार्यालयः जि.प्र.का रसुवा) । ठेगाना : रसुवा जिल्ला धैवुङ गा.वि.स.४ (हाल कालिका गा.पा. वडा नं. ३) । बाबु : हेम प्रसाद भट्ट । पति/ससुरा : रामशरण न्यौपाने/चोवनाथ न्यौपाने ।	**जमानतकर्ता : चोवनाथ न्यौपाने** (ना.प्र.नं. १३३ जारी मिति २०४४/१२/१८, जारी गर्ने कार्यालयः जि.प्र.का रसुवा) । ठेगाना : रसुवा जिल्ला धैवुङ गा.वि.स. ४ (हाल कालिका गा.पा.वडा नं.३) । बाबु : खडानन्द न्यौपाने । बाजे : धनन्जय न्यौपाने ।

२. **ऋणी** : कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ३ नं. वडा कार्यालय धारापानी रसुवा वाग्मती प्रदेश नेपालमा मिति २०७५/१०/२० मा दर्ता नं. ०७३/०७५/०७६ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय बालाजु काठमाण्डौबाट मिति २०७७/०६/१४ मा करदताको नाम अम्बिका न्यौपाने कारोबारको नाम मनकामना कुटानी पिसानी मिल भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१३८३०१९३ को प्रमाणपत्र प्राप्त **मनकामना कुटानी पिसानी मिल । ठेगाना :** रसुवा जिल्ला कालिका गाउँपालिका वडा नं. ३ कटुन्जे ।

प्रोपाइटर तथा जमानतकर्ता : अम्बिका न्यौपाने (ना.प्र.प.नं. २३३०१५/१९६ जारी मिति २०६३/१०/१०, जारी गर्ने कार्यालयः जि.प्र.का रसुवा) । ठेगाना : रसुवा जिल्ला धैवुङ गा.वि.स.४ (हाल कालिका गा.पा. वडा नं. ३) । बाबु : हेम प्रसाद भट्ट । पति/ससुरा : रामशरण न्यौपाने/चोवनाथ न्यौपाने ।	**जमानतकर्ता : रामशरण न्यौपाने** (ना.प्र.नं. २३ ४९९९ जारी मिति २०५४/०१/१३ जारी गर्ने कार्यालय : जि.प्र.का रसुवा) । ठेगाना : रसुवा जिल्ला धैवुङ गा.वि.स.४ (हाल कालिका गा.पा.वडा नं. ३) । बाबु : चोवनाथ न्यौपाने । बाजे : खडानन्द न्यौपाने ।

ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :

१. **रामशरण न्यौपाने**को नाममा मालपोत कार्यालय रसुवामा दर्ता श्रेष्ता कायम रहेको रसुवा जिल्ला **धैवुङ** गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं.४३४ र ५१० को क्षेत्रफल क्रमशः १-८-०-० (रोपनी) र २-९-०-२ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.....१
२. **चोवनाथ न्यौपाने**को नाममा मालपोत कार्यालय रसुवामा दर्ता श्रेष्ता कायम रहेको रसुवा जिल्ला **धैवुङ** गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ४००, ४०५, ४३९ र ४५२ को क्षेत्रफल क्रमशः ०-१२-१-० (रोपनी), २-७-१-१ (रोपनी), ३-१२-०-० (रोपनी) र ०-४-३-३ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १
३. **ऋणी मनकामना सप्लायर्स फर्म र मनकामना कुटानी पिसानी मिलको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण.....१

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग, शाखा कार्यालय बट्टार नुवाकोट र अन्य शाखा कार्यालयहरु**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग, शाखा कार्यालय बट्टार नुवाकोटमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

एफपिओ र मर्जर गेनबाट दुई दिनमा १२ अर्ब ८१ करोडको कर उठ्यो

करदाता	एफपिओ अन्तर्गत बुझाएको कर	बार्गेन पर्चेजको लाभकर
नेपाल एसबिआई बैंक	एक करोड ७७ लाख	
माछापुच्छ्रे बैंक	पाँच करोड ७६ लाख	चार करोड ५० लाख
कुमारी बैंक	पाँच करोड ८१ लाख	
प्रभु बैंक	पाँच करोड	
स्ट्यान्डर्ड चार्टर्ड बैंक	९१ करोड ३२ लाख	
सिटिजन्स इन्टरनेसनल बैंक	एक करोड ३९ लाख	६ करोड ८१ लाख
कामना सेवा विकास बैंक	दुई करोड ६२ लाख	
एनएमबी बैंक	एक अर्ब ४३ करोड ५१ लाख	४० करोड ८३ लाख
नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेड	एक अर्ब ३६ करोड ३१ लाख	५२ करोड ८८ लाख
नेपाल इन्भेस्टमेन्ट मेगा बैंक	तीन करोड तीन लाख	
सानिमा बैंक	पाँच करोड ३७ लाख	एक १६ लाख
सांग्रिला विकास बैंक	एक करोड ६३ लाख	
लक्ष्मी सनराइज बैंक	१५ करोड ५४ लाख	११ करोड ५० लाख
नबिल बैंक	१४ करोड ७० लाख	एक अर्ब ४७ करोड सात लाख
हिमालयन बैंक	तीन करोड ६९ लाख	२७ करोड २० लाख
हिमालयन बैंक (साबिकको सिभिल बैंक)	एक करोड नौ लाख	
प्राइम बैंक	सात करोड ६८ लाख	२० करोड ४१ लाख
एनआइसी एसिया बैंक	१४ करोड ६५ लाख	३० करोड
एनआइसी एसिया लघुवित्त वित्तीय संस्था	७३ लाख	४९ लाख
सिद्धार्थ बैंक	सात करोड ६९ लाख	१४ करोड १४ लाख
ग्लोबल आइएमई बैंक	३९ करोड ८१ लाख	९२ करोड ५७ लाख

करदाता	एफपिओअन्तर्गत बुझाएको कर	बार्गेन पर्चेजको लाभकर
आरएमडिसी साना किसान विकास बैंक	पाँच करोड १५ लाख	
मुक्तिनाथ विकास बैंक	चार करोड ५३ लाख	२७ लाख
लुम्बिनी विकास बैंक	११ करोड २० लाख	
ज्योति विकास बैंक	२१ लाख	
गरिमा विकास बैंक	तीन करोड ६ लाख	
नेपाल बैंक लिमिटेड	९७ करोड ७२ लाख	
नेपाल लाइभ इन्सुरेन्स	एक अर्ब दुई करोड ६७ लाख	
नेसनलाइ इन्सुरेन्स	पाँच करोड ६२ लाख	
लाइफ इन्सुरेन्स नेपाल	१५ करोड	
सिद्धार्थ प्रिमियर इन्सुरेन्स	एक करोड तीन लाख	
साबिकको प्रिमियर इन्सुरेन्स	१३ करोड ८१ लाख	
एनएलआइसी	पाँच करोड	
नेको इन्सुरेन्स	चार करोड ४८ लाख	
एनएलजी इन्सुरेन्स	९० लाख	
शिखर इन्सुरेन्स	८ करोड ४३ लाख	
हिमालयन एभरेस्ट इन्सुरेन्स	११ हजार	
आइजिआई प्रुडेन्सियल इन्सुरेन्स	८७ लाख	
साबिकको आइएमई जनरल इन्सुरेन्स	चार करोड ४० लाख	
सगरमाथा लुम्बिनी इन्सुरेन्स	दुई करोड आठ लाख	
नेपाल इन्सुरेन्स कम्पनी लिमिटेड	दुई करोड ६८ लाख	
जम्मा	सात अर्ब ९७ करोड ८७ लाख	चार अर्ब ४९ करोड ८१ लाख

नयाँ पत्रिका

फर्दर पब्लिक अफरिङ (एफपिओ)को प्रिमियम र मर्जरको बार्गेन पर्चेज गेनबाट दुई दिनमा १२ अर्ब ८१ करोड रुपैयाँ राज्यकोषमा कर दाखिला भएको छ । आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनालीका अनुसार शुक्रबार र शनिबार ४ बजेसम्म एफपिओको प्रिमियम र मर्जरको बार्गेन पर्चेज गेनबाट उक्त रकम राज्यकोषमा दाखिला भएको हो । कर दाखिला गर्ने समय शनिबार राति १२ बजेसम्म रहेको छ ।

ठूला करदाता कार्यालयअन्तर्गतका ४१ करदाताहरूले १२ अर्ब ४७ करोड ६८ लाख कर बुझाएका छन् । बढी कर तिर्नेमा एनएमबि बैंक, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड र नेपाल लाइफ इन्स्योरेन्स छन् । एनएमबि बैंकले एफपिओअन्तर्गत एक अर्ब ४३ करोड ५१ लाख र बार्गेन पर्चेजबापत लाभकर ४० करोड ८३ लाख तिरेको छ ।

महालेखा परीक्षकको कार्यालयले ०७७ सालमा सार्वजनिक गरेको ५७औं वार्षिक प्रतिवेदनदेखि लगातार एफपिओको प्रिमियम, मर्जर तथा प्राप्तिको बार्गेन पर्चेज गेन र लिलामीको सेयर बिक्रीमा कर छली भएको भन्दै असुल गर्न सरकारलाई निर्देशन दिँदै आएको थियो । तर, अर्थ मन्त्रालय र आन्तरिक राजस्व विभागले बेवास्ता गर्दै आएका थिए ।



महालेखाको ६०औं प्रतिवेदनमा सरकारले कर उठाउनुपर्नेमा जोड दिएको छ । महालेखाले लगातार चारवटा प्रतिवेदनमा कर उठाउनुपर्ने विषय उठाएपछि अर्थमन्त्री डा. प्रकाशशरण महतले चालू आवको बजेटमार्फत एफपिओको प्रिमियम, मर्जर तथा प्राप्तिको बार्गेन पर्चेज गेन र लिलामीको सेयर बिक्रीमा मंसिर मसान्तसम्म कर तिरे जरिवाना शुल्क र ब्याज मिनाहा हुने व्यवस्था गरेका थिए । तर, उक्त शुल्क र जरिवानामा छुट दिने निर्णय संविधानविपरीत भएको भन्दै अर्थमन्त्रीले गरेको निर्णयविरुद्ध १६ वटा वाणिज्य बैंकहरू सर्वोच्च अदालत पुगेका थिए । तर, सर्वोच्च अदालतको संवैधानिक इजलासले बैंकहरूको रिट खारेज गरेपछि कर तिर्न कम्पनीहरू बाध्य भएका हुन् । मर्जर तथा प्राप्तिबाट भएको लाभ र सेयर प्रिमियमबाट भएको लाभका आधारमा मात्रै कर तिरे पुग्छ ।

‘भरत ताल’मा समुद्री एडभेन्चर ‘जेड स्की’को मज्जा



सर्लाहीमा **श्रवण थापा**

सर्लाहीको बागमतीमा रहेको ‘भरत ताल’मा समुद्री ‘एड्भेन्चर’का रूपमा प्रयोग हुने ‘वाटर स्कुटर’ सञ्चालनमा ल्याइएको छ । शनिबार बागमती नगरपालिका-१२ र ४ मा निर्माणाधीन बागमती माछापोखरी अर्थात् ‘भरत ताल’मा ‘वाटर स्कुटर’को उद्घाटन मेयर भरतकुमार थापा र ११ नम्बरका वडाध्यक्ष प्रदीप आचार्यले संयुक्त रूपमा गरेका छन् । यसको प्रयोगले पर्यटक आकर्षित हुनुका साथै स्थानीयस्तरमै समुद्री जलसयरको मज्जा लिन सकिने सञ्चालक कम्पनी बागमती इन्टरटेनमेन्ट प्रालिका प्रोप्राइटर गौतम खड्काले बताए । यसमा चालकसहित तीनजनासम्म बसेर जलसयर गर्न सकिनेछ । ५५ लाखको लागतमा सञ्चालनमा ल्याइएको यस ‘वाटर स्कुटर’ सम्भवतः नेपालमा पहिलो भएको कम्पनीको दाबी छ ।

जलशयरको पाँच सयदेखि १५ सयसम्म टिकट तय गरिएको कम्पनीले जनाएको हो । भरत तालमा यस पहिलादेखि नै साहसिक खेल मनोरञ्जनका लागि ‘स्काई साइक्लिङ’, ‘वाटर साइक्लिङ’ सञ्चालनमा आइसकेको छ । पर्यटकको मनोरञ्जनका लागि मिनी पानीजहाज (मिनी क्रुज), मोटरबोट सञ्चालन भइरहेको छ । तालपरिसरमा मिनी रेलमा चढेर मनोरञ्जन लिन सकिने व्यवस्था गरिएको नगरपालिका कार्यालयले जनाएको हो ।

एक सय २१ बिघा क्षेत्रफलमा फैलिएको यस तालको माध्यमबाट नगरमा रोजगारी सिर्जना, नगरको प्रचारप्रसार, आर्थिक, सांस्कृतिक, सामाजिक र भौतिक विकास गर्ने आफूहरूको लक्ष्य रहेको तालका परिकल्पनाकार मेयर भरतकुमार थापाले जानकारी दिए ।

आइएमई लाइफ इन्स्योरेन्सको भक्तपुर शाखा स्थानान्तर



काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्सद्वारा भक्तपुर नगरपालिका वडा नं ०१ स्थित नगरकोट रोड, सल्लाघारी सपिङ कम्प्लेक्समा रहेको शाखा कार्यालय करिब चार सय मिटरअगाडि सिर्जनानगर चोकमा स्थानान्तरण गरिएको छ । उक्त शाखा कार्यालयको उद्घाटन शुक्रबार इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत कवि फुँयालले गरेका छन् ।

कार्यक्रममा कम्पनीका प्रमुख सञ्चालन अधिकृत दिनेश अमात्य, नेफ्स्कुनका सञ्चालक सदस्य तथा पारिजात साकोसका अध्यक्ष टंकराज काफ्लेलगायतको उपस्थिति थियो । नयाँ स्थानमा शाखा कार्यालय स्थानान्तरणसँगै कम्पनीका सेवाग्राही र अभिकर्ताले थप सहज र गुणस्तरीय सेवा प्राप्त गर्ने कम्पनीका प्रमुख कार्यकारी अधिकृतले बताए ।

प्रभु क्यापिटल र क्रिमसन हस्पिटलबीच सम्झौता



काठमाडौं/ प्रभु क्यापिटलले क्रिमसन हस्पिटलसँग आफ्ना हितग्राही ग्राहकका लागि छुट सम्झौता गरेको छ । १ पुसदेखि २ वर्षका लागि लाग हुने गरी दुवै पक्षबीच सो सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।

सम्झौतापत्रमा क्यापिटलको तर्फबाट सञ्चालन प्रमुख वसन्ता उपाध्याय तथा क्रिमसन हस्पिटलको तर्फबाट अध्यक्ष दुर्गाप्रसाद पाण्डेले हस्ताक्षर गरेका हुन् ।

सम्झौताबमोजिम प्रभु क्यापिटलका खातावालाले तिलोत्तमा नपा, मणिग्राम, रुपन्देहीको क्रिमसन हस्पिटलबाट चिकित्सा सेवा लिँदा हस्पिटलले दिँदै आएको सबै प्रकारका सेवामा १५ प्रतिशत छुट पाउने भएका छन् । प्रभु क्यापिटलमा डिम्याट खाता रहेको परिचयपत्र देखाई अस्पतालबाट पाउने प्रिभिलेज कार्डमार्फत सो अफरको लाभ लिन सक्नेछन् ।

‘जाऔं है पोखरा’ अभियान सुरु



कास्कीमा **रोहितराज पराजुली**

पश्चिम सहरका आन्तरिक पर्यटकलाई पोखरा भ्रमणका लागि बोलाउन शुक्रबारदेखि ‘जाऔं है पोखरा’ अभियान सुरु भएको छ । होटेल संघ पोखरा र नेपाल पर्यटन बोर्डको आयोजनामा सुरु अभियान ३ पुससम्म चल्नेछ । अभियानअन्तर्गत शुक्रबार पोखराबाट आयोजक संघका अध्यक्ष लक्ष्मण सुवेदीको नेतृत्वमा संघका पदाधिकारी, पर्यटन बोर्डका प्रतिनिधि, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठसहित २० जनाको टोलीले यात्रा सुरु गरको छ । टोलीले भैरहवा, नेपालगन्ज, धनगढी र महेन्द्रनगरमा पत्रकार सम्मेलनसँगै स्थानीय जनप्रतिनिधि, पर्यटन व्यवसायी र सरोकारवाला पक्षसँग अन्तर्क्रिया गर्नेछ ।

कोरोनापछि सुस्ताएको पर्यटन क्षेत्रलाई जगाउन पश्चिमका सहरका पर्यटकलाई पोखरालगायत आसपासको क्षेत्रको भ्रमणका लागि निम्ता दिने संघका अध्यक्ष सुवेदीले जानकारी दिए । अभियानले पोखरासँगै पश्चिमका सहरमा आन्तरिक पर्यटनलाई पुनरुत्थान गर्ने दाबी सुवेदीको छ । हामीले उताका पर्यटकलाई यता आओ मात्र भन्दैनौं, पोखरासँगै आसपासका आन्तरिक पर्यटकलाई पश्चिमका सहरमा जान प्रेरित पनि गर्छौं भन्दै सुवेदीले अभियानलाई विगतदेखि संघले प्रभावकारी रूपमा सञ्चालन गर्दै आएको बताए ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले अभियानले दुवैतर्फ पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने जानकारी दिँदै पोखरा आसापासका पर्यटकीय क्षेत्रको जानकारी जाने सहरहरूमा दिने र गएको टोलीले पोखरा फर्किएर पश्चिमका सहरहरूको भ्रमणमा जाऔं भनी प्रचार गर्ने मुख्य उद्देश्य अभियानको रहेको बताए ।

गभर्नेन्स ल्याबको ‘राष्ट्रिय गोष्ठी २०२३’ सम्पन्न

काठमाडौं/ गभर्नेन्स ल्याबले नेसनल गभर्नेन्स सिम्पोजियम २०२३ समापन गरेको छ । अतिकम विकसित देशबाट विकसित देशमा उक्लिन सफललगायत अन्य महत्त्वपूर्ण कोसेढुंगा पार गरेको पृष्ठभूमिमा आयोजित गोष्ठीले प्रमुख सरोकारवालालाई एकैसाथ ल्याएको हो । दायित्व र नेपाल लिडरसिप एकेडेमीको सहकार्यमा आयोजना गरिएको गोष्ठीमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलगायतका प्रमुख सरकारी निकायहरूको सहभागिता थियो ।

उद्घाटन सत्रमा गभर्नेन्स ल्याबका अध्यक्ष डा. पुकार मल्ल, त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभागका डा. मुक्तसिंह लामा-तामाङ, साथै उद्घाटन सत्रमा मुख्यसचिव डा. वै कुण्ठ अर्याल, नेपाल नगरपालिका संघका अध्यक्ष तथा नीलकण्ठ नगर पालिकाका मेयर भीमप्रसाद ढुंगाना, टेवा र नागरिक आवाजका संस्थापक एवं महिला अधिकारवादी रीता थापालगायत वरिष्ठ व्यक्तित्वहरूले समावेशी विकाससम्बन्धी आफ्नो धारणा व्यक्त गरेका थिए ।

गोष्ठीको पहिलो दिनको सत्रमा नीतिगत निर्णयका लागि युवा र सरकार को सहकार्य विषयमा छलफल भएको थियो । त्यस्तै, दोस्रो सत्रमा ब्रेकिङ ब्यारियर्स : एड्भानसिङ बियोन्ड रेप्रेजेन्टेसन टु डिग्निटी एन्ड सेल्फ- डिटर मिनेसन विषयमा छलफल भएको थियो । त्यस्तै, गोष्ठीको पहिलो दिनको दोस्रो भागअन्तर्गत तेस्रो सेसनमा राष्ट्रिय महिला उद्यम विकास नीतिका लागि मुद्दा बनाउनुपर्ने विषयमा छलफल भएको थियो ।

अन्तर्राष्ट्रिय विमानस्थलमा एनएमबि बैंकको एटिएम

काठमाडौं/ एनएमबि बैंकले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय आगमन कक्षमा एटिएम सञ्चालनमा ल्याएको छ । यसैगरी, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा समेत बैंकले नयाँ एटिएम सञ्चालनमा ल्याएको छ ।

बैंकले यसअघिदेखि नै त्रिभुवन विमानस्थलको आन्तरिक उडानस्थलको यात्रु प्रस्थानस्थलमा तथा अन्तर्राष्ट्रिय आगमन कक्षमा एटिएम सञ्चालनमा ल्याइसकेको छ । यसैगरी बैंकले रामबजार, पकाडी, ड्राइभर टोल, मिर्चैया, बेलौरी, कारकाँदो, तुतुरि, तौलिहवा, टीकापुर, कुडिया सुस्ता, लमही, मलङ्वा, बौनिया, जितपुर सिमरा, धुलाबारी, फूलबारीमा पनि नयाँ एटिएम सञ्चालनमा ल्याएको छ । एनएमबि बैंकले हाल देशभर दुई सय एक शाखा, एक सय ६६ एटिएम, १२ एक्सटेन्सन काउन्टरहरूमार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

MJS
Makar Jitumaya Suri Hydropower

मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेड
रजिष्टर्ड कार्यालय: त्रिपुरेश्वर, काठमाण्डौं, फोन नं. ०१-४११७००८
Web: www.mjshydropower.com.np, Email: mjs.hydropower2065@gmail.com

१५औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना
(दोश्रो पटक प्रकाशित मिति: २०८०/०९/०१ गते ।)

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०८० साल मंसिर २४ गते आईतबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको १५औं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरुको सम्बन्धमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

सभा हुने मिति, स्थान र समय

मिति : २०८० साल पुस २३ गते, सोमबार (तदनुसार सन २०२४, जनवरी ८)
स्थान : सुर्य इभेन्ट, काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ४, धुम्बाराही, आनन्दनगर ।
समय : बिहान ११:०० बजे ।

छलफल तथा निर्णयका लागी निर्धारीत विषय सूचीहरु:

साधारण प्रस्तावहरु:

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७९/८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको मकर जितुमाया सुरि हाइड्रोपावर लिमिटेडको आ.व. २०७९/८० सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूचि उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
४) सर्वसाधारण तर्फको संचालकको निर्वाचन सम्बन्धमा ।

विषेश प्रस्तावहरु:

१) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
२) प्रबन्धपत्र र नियमावलीमा गरिने संसोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र वा नियमावली संसोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
३) विविध ।

संचालक समितिको आज्ञाले
.....
कम्पनी सचिव

वार्षिक साधारण सभा सम्बन्धि अन्य जानकारीहरु

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/०२ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/०१ गतेका दिन सम्म कारोबार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनिहरु सो सभामा भाग लिने र मतदान गर्न योग्य हुनेछन ।
२. शेयरधनी महानुभावहरुलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धि कागजातहरु शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा इमेल मार्फत जानकारी गरिएको छ । कारणवस कुनै शेयरधनी महानुभावहरुलाई सूचना प्राप्त नभएमा कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.वडा न. ११ त्रिपुरेश्वर काठमाडौंमा सम्पर्क गर्न सकिनेछ ।
३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीहरु महानुभावहरु लाइ आफ्नो परिचय पत्र सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । सभामा भाग लिन प्रत्येक शेयरधनी महानुवाभले सभाको दिन सभा सुरु हुनु भन्दा पहिले नै उपस्थिति भई त्यँहा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ । हाजिरी पुस्तिका विहान १०:३० बजे देखि संचालन रहेसम्म खुल्ला रहने छ ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय, का. म. न. पा. वडा न. ११ त्रिपुरेश्वर काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ ।
५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिस्टर्ड कार्यालय काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन सार्वजनिक विदा हुन गएमा पनि उल्लेखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ ।
६. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रूपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ ।
७. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको त्रिपुरेश्वर स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।
८. कम्पनीको सर्वसाधारण शेयरधनीको तर्फबाट १ जना सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट कम्पनीको सूचना पाटीमा प्रकाशित सूचना अनुसार हुनेछ ।
९. सभामा आफनो लिखित राय, सुझाव राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले उक्त राय, सुझाव कम्पनीको आधिकारीक ईमेलः mjs.hydropower2065@gmail.com मा पठाउन सक्नु हुनेछ ।
१०. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीका शेयर धनि दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति, अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
११. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन् ।
१२. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर, काठमाण्डौ तथा यस कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी काठमाडौंबाट नियमानुसार प्राप्त गर्न सक्नु हुनेछ ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जुम्लाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०९/०१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ । साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनु भएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला । अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण
हिरामणी सार्कीको नाति, तिर्थ बहादुर सार्कीको छोरा, जुम्ला जिल्ला, साविक चन्दननाथ गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, चन्दननाथ गा.वि.स./न.पा. वडा नं. ४ बस्ने **धन किस्न नेपाली (सार्की)** (ना.प्र.नं. ५८७४/३९४, जारी मिति २०५३/०९/०८, जि.प्र.का. जुम्ला) ।	तिर्थ बहादुर सार्कीको बुहारी, धन किस्न नेपाली (सार्की) को पत्नी, जुम्ला जिल्ला, साविक चन्दननाथ गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, चन्दननाथ गा.वि.स./न.पा. वडा नं. ४ बस्ने **धन कला नेपाली** (ना.प्र.नं. १०४३५, जारी मिति २०५८/१०/११, जि.प्र.का. जुम्ला) ।
धितोको विवरण	
हिरामणी सार्कीको नाति, तिर्थ बहादुर सार्कीको छोरा, जुम्ला जिल्ला, साविक चन्दननाथ गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल जुम्ला जिल्ला, चन्दननाथ गा.वि.स./न.पा. वडा नं. ४ बस्ने **धन किस्न नेपाली (सार्की)** (ना.प्र.नं. ५८७४/३९४, जारी मिति २०५३/०९/०८, जि.प्र.का. जुम्ला) को नाममा मालपोत कार्यालय जुम्लामा दर्ता भई यस बैंकको पक्षमा दुष्टबन्धक पारीत भई बैंकको पक्षमा रोक्का समेत रहेको जुम्ला जिल्ला, साविक चन्दननाथ गा.वि.स./न.पा. वडा नं. ९ ट हाल जुम्ला जिल्ला, चन्दननाथ न.पा. वडा नं. ४ स्थित कि.नं. ३५८ र ३६० को क्षेत्रफल क्रमशः १६२५ र ७४० (वर्ग मिटर) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।	

Siddhartha Bank
शाखा कार्यालय : जुम्ला
फोन नं. ०८७-५२०६७३
Website : www.siddharthabank.com

नबिल बैंक लिमिटेड, उर्लाबारी शाखा, मोरङको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०९/०१)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ । साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनु भएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला । अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

१	**ऋणी नाम र ठेगानाको विवरण**
	टिका बहादुर भट्टराईकी छोरी, हर्क राज गिरीकी बुहारी, टंक नारायण गिरीकी श्रीमती, झापा जिल्ला, दमक न.पा. वडा नं. १० स्थायी घर भइ हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ६ बस्ने, नागरिकता नं. ०४२०४४-७६६७, (जारी मितिः २०६९/०२/२८, स्थान झापा) भएकी **श्रीमती लक्ष्मी भट्टराई गिरी ।**
	जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण
	रवि लाल गिरीको नाति, हर्क राज गिरीको छोरा, झापा जिल्ला, तोपगछी गा.वि.स. वडा नं. ७ स्थायी घर भइ हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ६ बस्ने, नागरिकता नं. ७७५२, (जारी मितिः २०५६/०४/०६, स्थान झापा) भएको **श्री टंक नारायण गिरी ।**
२	**ऋणी नाम र ठेगानाको विवरण**
	डम्बर श्रेष्ठकी छोरी, श्री नारायण श्रेष्ठकी बुहारी, मान बहादुर श्रेष्ठकी श्रीमती, झापा जिल्ला, दमक न.पा. वडा नं. १२ स्थायी घर भइ हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ०७ बस्ने, नागरिकता नं. ९७७३९०३, (जारी मितिः २०४६/०३/०५, स्थान झापा) भएकी **श्रीमती लिला श्रेष्ठ ।**
	जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण
	भुवाली शं श्रेष्ठको नाति, श्री नारायण श्रेष्ठको छोरा, झापा जिल्ला, शिवगञ्ज गा.वि.स. वडा नं. ७ स्थायी घर भइ हाल झापा जिल्ला, उर्लाबारी न.पा. वडा नं. ७ बस्ने, नागरिकता नं. ९७७३९१४२, (जारी मितिः २०३२/१०/२७ स्थान झापा) भएको **श्री मान बहादुर श्रेष्ठ ।**

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

■ नेपाल सुपर लिग

पोखरा दोस्रो स्थानमा उक्लियो



घानाका दुई खेलाडी चम्किएपछि पोखरा थन्डर्सले वीरगन्ज युनाइटेडलाई २-१ ले हरायो

नयाँ पत्रिका

प्रतियोगिताअघि कागजमा कमजोर मानिएको पोखरा थन्डर्स नेपाल सुपर लिग (एनएसएल) दोस्रो संस्करणको दोस्रो स्थानमा उक्लिएको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार सम्पन्न २६औँ खेलमा पोखराले वीरगन्ज युनाइटेडलाई २-१ ले हरायो। पोखरालाई जित दिलाउन विदेशी खेलाडी नायक बने। घानाका जो आइडु र मोसेस ग्याबाले गोल गरेका हुन्। वीरगन्जका लागि पनि घानाकै आइकिन्स बफोरले गोल फर्काए। तेस्रो जित निकालेको पोखराले ६ खेलबाट ११ अंक जोडेको छ। टोली पहिलोपटक दोस्रो स्थानमा उक्लिएको हो। एक खेल कम खेलेको धनगढीको पनि समान ११ अंक नै छ। धनगढी शीर्षस्थानमा छ।

जितपछि पोखराका प्रशिक्षक नवीन न्यौपानेले महत्त्वपूर्ण खेलमा जित निकालेको बताए। उनले बाँकी दुई खेलमा पनि उत्कृष्ट प्रदर्शन गर्ने प्रतिक्रिया दिएका छन्। 'खेल निकै महत्त्वपूर्ण थियो। प्ले-अफमा जाने कि नजाने भन्ने थियो। आज हारेको भए गाह्रो हुन्थ्यो। पाएको अवसरमा सफल भयौं। अब सहज हुन्छ,' न्यौपानेले भने, 'हामीले अझै केही गल्ती गरिरहेका छौं। यसलाई सुधार गर्नुपर्छ। लगातार खेल खेल्दा खेलाडी घाइते छन्। उनीहरूलाई जोगाउँदै बाँकी खेलमा ध्यान दिनुपर्छ।' आयुष घलान मार्की रहेको पोखराले एफसी चिवतन र इलामलाई समान १-० ले हराएको थियो। अन्तिम खेलमा काठमाडौंसँग पराजित हुँदा झापा र ललितपुर सिटीसँग अंक बाँडेको हो।

तेस्रो पराजय व्यहोरेको वीरगन्ज समान ६ खेलबाट ५ अंकका साथ आठौं स्थानमा छ। यो हारपछि वीरगन्जको समिरकण अन्य टोलीको भरमा पर्नेछ। वीरगन्जका प्रशिक्षक सनोज श्रेष्ठले बाँकी दुवै खेल जिते पनि प्ले-अफ सम्भावनाका लागि अन्य टोलीको नतिजा कुर्नुपर्ने बताए। 'समग्रमा खेल हेर्दा रक्षार्पक्तिमा समस्या भयो। त्यसैले चाडै गोल भयो। गोलकिपर र डिफेन्सबीच तालमेल नहुँदा गोल व्यहोरेका छौं,' श्रेष्ठले भने, 'प्ले-अफमा पुग्न अन्य टोलीको खेलमा भर पर्नुपर्छ। पोखरालाई हराएको भए, राम्रो हुने थियो। हाम्रो टिममा धेरै घाइते भए। त्यसैले गाह्रो भएको छ।' पहिलोपटक एनएसएल खेलेको वीरगन्जले इलामविरुद्ध एक मात्रै जित निकालेको छ। सुरुका दुई खेलमा धनगढी र चिवतनसँग समान २-१ ले पराजित भएको थियो। त्यसपछिका दुई खेलमा ललितपुर सिटी र झापासँग अंक बाँडेको हो।

■ पोखराको जितमा विदेशी खेलाडी निर्णायक

पोखराको जितमा घानाका खेलाडी निर्णायक रहे। खेलको पहिलो हाफमै भएका तीनै गोल घानाको खेलाडीको नाममा रह्यो। खेलको छैटौं मिनेटमा आइडुको गोलमार्फत पोखराले अग्रता लियो। स्टेफन अनोरको प्रहार गोलकिपर दीप कार्कीले बचाए पनि रिबाउन्डमा आइडुले गोल गरेका हुन्। ५ मिनेटपछि नै वीरगन्जले बराबरी गोल फर्काएको हो। सुशील लामाको पासलाई बफोरले हेड गरे। पहिलो हाफको अन्तिम मिनेटमा मोसेसे गोल गोल गर्दै पुनः २-१ को अग्रता दिलाए। अनोरको क्रसलाई मोसेसले हेड गरेका हुन्। पहिलो हाफमा गरेको गोलको अग्रता जोगाउँदै पोखराले महत्त्वपूर्ण तीन अंक जोडेको हो। प्रशिक्षक न्यौपानेले घाइते मोसेसलाई विश्राम दिँदै ५२औं मिनेटमा परिवर्तन गरेका थिए। उनको स्थानमा मैदान प्रवेश गरेका सञ्जीव विष्टले दुई राम्रा अवसर गुमाएका थिए।

■ इलामको सम्भावना सकियो, चिवतनलाई कठिन

दोस्रो खेलमा एफसी चितवनसँग गोलरहित बराबरी खेलेसँगै स्पोर्टिङ इलाम एफसीको प्ले-अफ सम्भावना सकिएको छ। चितवनको भने सम्भावना कमजोर बनेको छ। नतिजासँगै चितवन ७ खेलमा ६ अंकका साथ सातौं स्थानमा छ। इलाम समान खेलबाट ५ अंकका साथ पुछारमा छ। इलामले अन्तिम खेलमा जित निकालेपछि शीर्ष चारमा स्थान बनाउनेछैन। चितवनको भने अन्य टोलीको नतिजामा भर पर्नुपर्नेछ। चिवतनका प्रशिक्षक मेघराज केसीले हारले दुवै टोलीको सम्भावना समाप्त अवस्थामा खेल बराबरी भएको बताए। उनले दुवै टोलीको खेल बराबर भएको प्रतिक्रिया दिएका छन्। 'खेल दुवै टोलीले बराबर खेलेको हो। आजको हारले दुबै टोलीको सम्भावना सकिने थियो,' खेलपछि केसीले भने। उनले इलामले प्रतियोगिताभरि ८० भन्दा माथि आक्रामण गरेपनि सफल नभएको बताए।

केसीले विदेशी खेलाडी स्तरीय आउँदा लिगको चाम बढेको बताए। 'विदेशी खेलाडी हुँदा लिगका खेलहरू राम्रो भएको छ। विदेशी खेलाडी यो स्तरको नभएको भए लिगको चाम पनि राम्रो हुँदैन थियो। इलामको अक्सनमा राम्रो खेलाडी थिए। सबैले राम्रो खेलेका हुन्। सात खेलमा ८० माथि अवसर बनायौं। तर, फिनिसिङमा चुकेका छौं। अग्रपंक्तिमा पनि हामी चुक्यौं।' दशरथ रंगशालामा खेलपछि चितवनका प्रशिक्षक मेहराजुद्दिन वाडु पत्रकार सम्मेलनमा उपस्थित भएनन्। खेलभर दुवै टोलीले गोलको अवसर बनाएपछि सदुपयोग गर्न सकेनन्। खेलको इन्जुरी समयमा एन्डव लेदोहोरो पर्हेलो कार्ड सामना गर्दै मैदानबाट बाहिरिएपछि इलाम १० खेलाडीमा सीमित बनेको थियो।

अंक तालिका

क्लब	खेल	जित	बराबर	हार	अंक
धनगढी	५	३	२	०	११
पोखरा	६	३	२	१	११
ललितपुर	६	२	४	०	१०
काठमाडौं	५	२	२	१	८
झापा	६	१	४	१	७
बुटवल	६	२	१	३	७
चितवन	७	१	३	३	६
वीरगन्ज	६	१	२	३	५
इलाम	७	१	२	४	५

खेल संक्षेप

अरहान्त र विपना च्याम्पियन

काठमाडौं/ अरहान्तकेशर सिंह र विपना ब्लोन एनएसआरए एनिभरसरी कप स्क्वास प्रतियोगिता २०८० को च्याम्पियन बनेका छन्। शनिबार सातदोबाटोमा भएको प्रतियोगिताको पुरुष एकल फाइनलमा नेपालका नम्बर एक अरहान्तले अमिर ब्लोनलाई चार सेटमा पराजित गरे। उनले खेल ६-११, ११-७, ११-४ र ११-८ ले आफ्नो पक्षमा पारेका हुन्। अरहान्तको खेलजीवनको यो १४औँ एकल उपाधि भएको छ। महिला एकल फाइनलमा विपना ब्लोनले कृष्णा थापालाई चार सेटमै ११-८, ८-११, ११-६ र १३-११ ले निराश बनाइन्। यू- १९ महिलामा साक्षी सुनुवार फाइनलमा रेनेसा महर्जनलाई सीधा सेटमा ११-२, ११-१ र ११-२ ले हराएर च्याम्पियन बनिन्। सो स्पर्धाको पुरुष फाइनलमा विकास तुम्सिङ मगरले पासाङ ब्लोनलाई चार सेटमा ११-७, १२-१४, ११-६ र ११-४ ले पाखा लगाए। मास्टर्स ५० वर्षमाथि छविलाल पाइजा पुन प्रज्वल प्रधानलाई ३-१ सेटमा र प्लेट च्याम्पियन्सिपमा पासाङ ब्लोनले दिव्यराज बज्राचार्यलाई सोझो सेटमा ३-० ले हराएर च्याम्पियन भए।

भावना र राजेन्द्रको सन्न्यास

काठमाडौं/ नेपाल स्क्वास च्याकेट्स संघले अन्तर्राष्ट्रिय स्क्वास प्रतियोगिताबाट सन्न्यास लिएका दुई अनुभवी खेलाडी भावना सुनुवार र राजेन्द्र शाक्यलाई सम्मान गरेको छ। दुवैले घरेलु स्क्वास प्रतियोगितालाई भने निरन्तरता दिने बताएका छन्। भावना एक दशकभन्दा बढी घरेलु महिला स्क्वासमा दबदबा बनाउने खेलाडी हुन्। चारपटक दक्षिण एसियाली खेलकुद (साग)मा सहभागी भएकी भावनाले कोलम्बोमा भएको दशौं दक्षिण एसियाली खेलकुद साग, गुवाहाटीमा भएको १२औं साग र काठमाडौंमा भएको १३औं सागमा नेपाललाई महिला टिम इभेन्टमा कांस्य पदक दिलाएकी थिइन्। त्यस्तै, एसियाली खेलकुदमा नेपालको प्रतिनिधित्व गरिसकेका राजेन्द्र नेपाल स्क्वास एन्ड च्याकेट्स संघका केन्द्रीय सदस्य पनि हुन्।

सक्षम र सम्राट पुरस्कृत

काठमाडौं/ न्युजेन तेक्वान्दो एकेडेमीका दुई पदक विजेता खेलाडीलाई गैरआवासीय नेपाली संघ (एनआरएनए) अस्ट्रेलियाका उपाध्यक्ष विनोद कुँवरले नगदबाट पुरस्कृत गरेका छन्। गत साउनमा मलेसियामा भएको पाँचौं हिरोज इन्टरनेसनल तेक्वान्दो कपमा न्युजेनका सक्षम दुलाल र सम्राट सिंहले रजत पदक जितेका थिए। सक्षमले १० देखि १४ वर्षको ब्ल्याकबेल्ट पुम्सेमा र सम्राटले यू- १३ देखि १५ वर्षको ब्ल्याक बेल्ट स्पिड किकिङमा पदक जितेका थिए। कुँवरले व्यक्तिगत रूपमा सक्षम र सम्राटलाई जनही १५ हजार रुपैयाँ प्रदान गरेका थिए।

रिभेरामा तेक्वान्दोको तयारी

काठमाडौं/ रिभेरा इन्टरनेसनल एकेडेमीको आयोजनामा दोस्रो रिभेरा तेक्वान्दो च्याम्पियनसिप पुस पहिलो साता हुने भएको छ। प्रतियोगितामा साम्भवी स्कुल, नेपाल एभरेष्ट स्कुल, जुगलनवा गरुकुल, विज्ञान इङ्लिस स्कुल, दुर्गाभवानी एकेडेमी, डेफोडिल बोर्डिङ, बोधिसदन स्कुल, हिमशिखर स्कुल, टेक्सास स्कुल, कन्स्टलेसन स्कुल, युनिभर्सल स्कुल, अरुणिमा एजुकेसन, गणेश हिमाल स्कुल र आयोजक रिभेरा एकेडेमीसहित १४ को सहभागिता रहनेछ।

एक्स्ट्राटेक क्रिकेट मैदान

५२ दिनमै पहिलो चरणको काम सम्पन्न

दीपेश पछाई/नयाँ पत्रिका



सरकारी क्षेत्रबाट भएका विकास निर्माणका काम दशकौं बित्दा पनि योजना सम्पन्न हुन नसकेर अलपत्र अवस्थामा पर्ने गरेका छन्। तर, रुपन्देहीको तिलोत्तमा नगरपालिका १७ पूर्व दरखसवामा निर्माण भइरहेको अन्तर्राष्ट्रिय क्रिकेट खेल मैदान भने ५२ दिनको अवधिमै पहिलो चरणका काम सम्पन्न भएका छन्।

एक्स्ट्राटेक ओभल क्रिकेट मैदानको पहिलो चरणको काम करिब ६ महिनाअगाडि सुरु भएको थियो। वर्षात्को समय, दसैं-तिहार छठलगायतको पर्व छाडेर ५२ दिन काम गर्दा खेल मैदानको अधिकांश काम सम्पन्न भएको एक्स्ट्रा ओभल प्रालिका निर्देशक विनोद कुँवरले बताएका छन्।

निर्देशक कुँवरले रातदिन नभनी काम गरेका कारण छोटो समयमै धेरै काम गर्न सफल भएको बताए। 'वर्षात्को समय, दसैं, तिहार, छठ पर्वलगायत मुख्य-मुख्य पर्वहरू परेको समय भए पनि ५२ दिनको अवधिमा मैदानभित्रका अधिकांश काम सम्पन्न भएका छन्,' उनले भने, 'हामी फागुन १ गतेदेखि प्रतियोगिता सञ्चालन गर्न मिल्ने मैदान तयार गर्दै छौं। दोस्रो चरणमा मैदानबाहिरका संरचना बनाउँछौं।'

उनले खेल मैदानको दिगोपनाका लागि आफूहरू एकेडेमी सञ्चालन गरेर आर्थिक पाटोलाई व्यवस्थापन गर्ने सोच रहेको बताएका छन्। असोजको तेस्रो हप्ताबाट खेल मैदानको शिलान्यास गरी पहिलो चरणको कार्य सुरु भएको थियो। तीन हजार ट्रिपर माटो राखेर मैदान सम्याइएको छ। मैदानमा दुबो लगाउने काम सम्पन्न भइसकेको छ। मैदानवरपर ड्रेन निर्माण गर्नुका साथै फेन्सिङ गरिएको छ। मैदानमा सातवटा पिच तयार भएका छन्। साइडस्क्रिनको काम यो हप्तामै सम्पन्न हुने बताइएको छ।

माघबाट दोस्रो चरणको काम सुरु हुने र यसमा पेभेलियन, चेन्जिङ रुम, क्यान्टिन, प्राविधिकका लागि कोठाको निर्माण तथा पाँच हजार क्षमताको पारापिट निर्माण सुरु हुने कुँवरले बताए। चैतबाट साइडको सानो मैदानमा प्रतियोगिता अवधिमा प्रशिक्षणका लागि मैदान निर्माणको काम सुरु गरिनेछ। यसैगरी, मिडिया सेन्टर र थप पारापिट निर्माणको कार्य सुरु हुनेछन्। प्रत्येक वर्ष पाँच हजार दर्शक क्षमता थप्दै चार वर्षभित्र २५ हजार दर्शक क्षमताको क्रिकेट मैदानलाई रंगशालाको स्वरूपमा निर्माण सम्पन्न गर्दा ४० करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ। पूर्वराष्ट्रिय क्रिकेट खेलाडी तथा ब्रान्ड एम्बेस्डर शक्ति गौचनले रंगशालामा होस्टेलसहितको एकेडेमी र ट्रेनिङ सेन्टर सञ्चालन हुने जानकारी गराए। रंगशाला कम्पाउन्डमा चार तलाको भवन बनाई एक सयजनालाई एकेडेमीमा राखेर प्रशिक्षण दिइनेछ।

कीर्तिपुर 'ए' सेमिफाइनलमा

काठमाडौं/ अत्तिरिक्त समयमा जित निकाल्दै कीर्तिपुर 'ए' दोस्रो नखिपोट खुला बास्केटबल प्रतियोगिताको पुरुषतर्फ सेमिफाइनलमा प्रवेश गरेको छ। शनिबार कीर्तिपुर 'ए' ले गोल्डेनगेटलाई १०७-१०२ ले पराजित गऱ्यो। कीर्तिपुर 'ए' का जयदीपले ३७ स्कोर गरे। निर्धारित समयको खेल ९३-९३ को बराबरीमा सकिएको थियो। अतिरिक्त समयमा कीर्तिपुर 'ए' ले १४-९ को अग्रता बनाउँदै जित सुनिश्चित गऱ्यो। नखिपोट युथ क्लबद्वारा आयोजित प्रतियोगितामा नेपाल आर्मी र टाइम्स बास्केटबल क्लबले पनि सेमिफाइनलमा स्थान सुरक्षित गर्न सफल रहे। आर्मीले हाउन्ड्सलाई ९४-७२ ले हरायो। आर्मीका निकेश मगरले १५ अंक जोडे। आर्मीले सुरुका ३ क्वार्टरमा २०-११, ३४-१४ र २४-२३ को प्रदर्शन गर्दै जितको आधार खडा गरेको थियो। चौथो तथा अन्तिम क्वार्टरमा हाउन्ड्स २४-१६ ले अगाडि रहे पनि जितका लागि पर्याप्त भएन।

टाइम्सले बौद्ध 'ए'लाई ११९-९७ ले पाखा लगायो। टाइम्सका लागि मोवीन्द्र भण्डारीले २९ अंक बटुले। पहिलो क्वार्टरमा ३०-२७ को अग्रता लिएको टाइम्सले अन्तिमसम्म अग्रतालाई कायम राख्यो। टाइम्सले दोस्रोमा ३१-२७, तेस्रोमा २७-२६ र चौथोमा ३१-१७ को अग्रता लिँदै जितअन्तर फराकिलो बनायो।

एलपिएलको उपाधि सत्यवती एकेडेमीलाई

नयाँ पत्रिका

लिटल फ्लावर प्रिमियर लिगको आठौं संस्करणको उपाधि सत्यवती एकेडेमी अत्तरियाले जितेको छ। धनगढीको फाप्ला क्रिकेट मैदानमा शनिबार धनगढी स्पोर्टस् क्लबलाई ५ रनले पराजित गर्दै सत्यवतीले उपाधि जितेको हो। रोमाञ्चक खेलमा सत्यवतीले दिएको एक सय २७ रनको लक्ष्य पछ्याएको धनगढी स्पोर्टस्ले १९.२ ओभरमा सबै विकेट गुमाएर १२१ रन मात्रै बनायो।

धनगढी स्पोर्टस्का वसन्त कार्कीले ३५, सुनील धमलाले २८ र अमरसिंह रौटेलाले २७ रन योगदान दिएका थिए।



धनगढी स्पोर्टस्ले ३६ रनमा सुरुवातका ५ विकेट गुमाएको थियो। छैटौं विकेटका लागि वसन्त कार्की र भुवन कार्कीले ३३ रनको साझेदारी गरेका थिए। भुवनको विकेटपछि सातौं विकेटका लागि वसन्तले अमरसिंह रौटेलासँग ४३ रन जोडे। १८औं ओभरमा अभिषेक कोइरालाले अमरसिंह रौटेलाको विकेट लिँदै सत्यवतीलाई खेलमा फर्काए। लगत्तै ओभरमा तृतराज दासले वसन्त कार्की र दीपक चन्दको विकेट लिए।

जितका लागि अन्तिम ओभरमा १० रन आवश्यक हुँदा धनगढीको १ विकेट बाँकी रहेको थियो। उनले कसिलो बलिङ गर्दै दुई रन खर्चिए।

प्लेयर अफ दी म्याच घोषित अभिषेक कोइरालाले सर्वाधिक ४ विकेट लिए। उनले ४ ओभरमा १५ रन खर्चिए। तृतराज दासले २ तथा फिर्दोस अन्सारी, सन्तोष कार्की र रञ्जित कुमारले समान एक १ विकेट लिए।

यसअघि टस जितेर ब्याटिङ गरेको सत्यवती एकेडेमीले २० ओभरमा ६ विकेट गुमाएर १२६ रन बनायो। सत्यवतीका लागि सन्दीप रजालीले सर्वाधिक ४१ रन बनाए। उनले ३६ बलमा ३ चौका र ३ छक्का प्रहार गरेका हुन्। तृतराज दासले १३ बलमा अविजित २७ रन बनाए। फिर्दोस अन्सारीले २२, सन्तोष कार्की र समीर कार्कीले समान १० रन बनाए।

विजेता सत्यवतीले दुई लाख ५५ हजार र उपविजेता बनेको धनगढीले एक लाख २८ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी र बलर धनगढीका भुवन भए। उनले पाँच खेलमा १२ विकेट लिए। शुक्लाफाँटाका किरण ठगुन्ना घोषित भए। उनले ३ खेलमा १३४ रन बनाएका थिए। उदीयमान खेलाडी कैलालीका सुधांशु रावल घोषित भए।

खेलकर्मी सम्मानित



काठमाडौं/ व्यायामका लागि नेपालकै जेठो संस्था नेपाल व्यायाम मन्दिर ज्याठाले आफ्नो २३औं साधारण सभाका अवसरमा विभिन्न खेलकर्मीलाई सम्मान गरेको छ। मन्दिरले बर्सेनि साधारण सभाका अवसरमा विभिन्न व्यक्तित्वलाई सम्मान गर्ने क्रममा शनिबार पत्रकारसहित विभिन्न व्यक्तित्वलाई सम्मान गरेको हो। उदय श्रेष्ठ र रत्नलाल मानन्धरलाई लाइफटाइम एचिभमेन्ट अवार्डबाट सम्मानित गरिएको छ। पूर्वअध्यक्ष उदय र सदस्य रत्नलालले नगद ५५ हजार पाँच सय ५५ का साथ प्रशंसापत्र प्राप्त गरे। यस्तै, खेलकुद पत्रकार सम्मानबाट रातोपाटीका रोशनसिंह राउत, गोरखापत्रका प्रजित शाक्य, कान्तिपुर टेलिभिजनका प्रदीप लेखी, मेरो फिटनेस प्राइम एचडी टिभीका देवराज पराजुली, काष्ठमण्डप टिभीका रोहित भट्ट र एबिसी टिभीका कविराज बिसीलाई नगद १० हजारसहित सम्मान गरिएको छ।

यसैगरी साधारण सभाले नारायण प्रधानलाई छैटौंपटकका लागि सर्वसम्मत अध्यक्षमा चयन गरेको छ। वरिष्ठ उपाध्यक्षमा अजय बज्राचार्य, उपाध्यक्षमा नानीकाजी डंगोल र अनिललाल श्रेष्ठ, महासचिवमा सूर्यप्रसाद जोशी, सचिवमा ईश्वर श्रेष्ठ, कोषाध्यक्षमा प्रशान्त सिंह छन्।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com